सन्तोष आचार्य

Santosh Acharya

महेन्द्र माला

कक्षा ८

महेन्द्र माला

कक्षा ८

ABCDEFCHIJKL

प्रकाशक
जनक शिक्षा सामग्री केन्द्र लिमिटेड
सानो ठिमी, भक्तपुर

सर्वाधिकार जनक शिक्षा सामग्री केन्द्र लि. मा सुरक्षित

संस्करण:– २०२८, २०२९, २०३०, २०३१, २०३२,
२०३३, २०३५, २०३६, २०३७,

परिमार्जित पाठ्यक्रम अनुसार पहिलो संस्करण २०३८
दोस्रो संस्करण २०३९
तेस्रो संस्करण २०४०
चौथो संस्करण २०४०
पाँचौं संस्करण २०४२
छैटौं संस्करण २०४४
सातौं संस्करण २०४६
आठौं संस्करण २०४७
नवौं संस्करण २०४८
दशौं संस्करण २०४९
एघारौं संस्करण २०५०

तपाईंले किनेको पुस्तकमा छपाइ प्रविधिसम्बन्धी कुनै त्रुटि फेला परेमा अधिकृत वितरक (साझा) अथवा स्थानीय बिक्रेताबाट उक्त पुस्तक साट्न सक्नुहुनेछ ।

ज. शि. सा. के. लि.

मूल्य रु. १४।–

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड (एजुकेशन प्रेस) मा मुद्रित ।



"राष्ट्रिय प्रतिभालाई फुलाउने फलाउने
तथा जनताको मनोभावनालाई
विकासमूलक बनाउने नीति लिई लागू
गरिएको यस राष्ट्रिय शिक्षा
योजनाबाट केही वर्षभित्रै एउटा
जागरूक, परिश्रमी र उन्नतिशील
समाजको सिर्जना हुन सक्नेछ भन्ने
मैले आशा लिएको छु ।"

श्री ५ वीरेन्द्र

हाम्रो भनाइ

शिक्षालाई जीवन अपेक्षित गराई विद्यार्थीहरूमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता र नैतिकताजस्ता गुणहरूको विकास गराउने र सामाजिक जीवनयापनका लागि आवश्यक ज्ञान र सीप हासिल गराउने राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ को विशुद्ध उद्देश्य अनुरूप विद्यालय स्तरका पाठ्यक्रम र पाठ्यपुस्तकहरूको विकास गर्ने प्रक्रिया चालू रहिआएको हो। यिनमा देखिएका कतिपय कमीहरू हटाउन र विषयवस्तुलाई समयसापेक्ष गराउने प्रयासमा बेला-बेलामा संशोधन पनि भइआएका छन्।

यसै क्रममा शिक्षालाई अझ प्रभावकारी र व्यावहारिक तुल्याउन २०३८ को शैक्षिक सत्र-देखि पाठ्यक्रम र पाठ्यपुस्तकहरूमा व्यापक सुधार गरिएको छ। तदनुरूप कक्षा ८ का लागि पाठ्यक्रम २०३८ अनुसार नेपाली भाषा विषयको यो पाठ्यपुस्तक तयार गरिएको हो। यो पाठ्यपुस्तकका परिमार्जनकर्ता श्री विश्वनाथ अर्ज्याल, श्री रामेश्वर शर्मा चालिसे, श्री चेतोनाथ गौतम र श्री भेषदत्त पन्त हुनहुन्छ।

यस पाठ्यपुस्तकलाई सकेसम्म स्तरयुक्त बनाउने प्रयास गरिएको छ तापनि यसमा भाषा-गत, विषयगत र शैलीगत कतिपय त्रुटिहरू अझ हट्न नसकेका होलान्, तिनका सुधारका लागि शिक्षक, अभिभावक, विद्यार्थी लगायत सबै बुद्धिजीवी पाठकहरूको सक्रिय सहयोगको महत्त्वपूर्ण भूमिका रहने हुँदा यस पवित्र कार्यमा यहाँहरूको रचनात्मक सुझावको यो केन्द्र सदैव स्वागत गर्दछ।

श्री ५ को सरकार
शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय
पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र
सानो ठिमी, भक्तपुर।

विषयसूची

१.	पादुका दान	(कविता)	१
२.	आफूलाई बिसंदा	(कथा)	७
३.	साहित्यकार चक्रपाणि चालिसे	(जीवनी)	१३
४.	तराई हेर क्रति राम्रो	(राष्ट्रिय गीत)	१७
५.	नेपाली पोशाक	(संवाद)	३०
६.	खेल	(निबन्ध)	३४
७.	ओखलढुङ्गा	(कविता)	३८
८.	बालागुरु षडानन्द	(जीवनी)	३२
९.	एक सय पाँच	(कथा)	३७
१०.	मानिस	(निबन्ध)	४२
११.	छात्रावासको जीवन	(चिठी)	४५
१२.	गाउँले जीवन र शहरिया जीवन	(विवाद)	४९
१३.	किसान	(कविता)	५६
१४.	महाराज मणिचूड	(कथा)	५९
१५.	रवीन्द्रनाथ ठाकुर	(जीवनी)	६५
१६.	व्यापारीको चिठी	(चिठी)	७०
१७.	सुन्दरीजल	(निबन्ध)	७३
१८.	इन्द्रधनु	(कविता)	७७
१९.	देवदूतको न्याय	(कथा)	८०
२०.	अब्राहम लिंकन	(जीवनी)	८४
२१.	नीतिशतकबाट	(कविता)	९०
२२.	भूतको शिकार	(कथा)	९३
२३.	घर छोड्ने रात	(मनोवाद)	१०१
२४.	चरीको विलाप	(कविता)	१०६
२५.	सरस्वती-पूजा	(निबन्ध)	११०
२६.	आकाश खुल्छ	(कथा)	११३
२७.	एउटा विद्यार्थीको दैनिकी	(दैनिकी)	१२१
२८.	हट्ने होइन, डटी लड्ने	(सामूहिक गीत)	१२५

2nd term

2nd term exam

पादुका दान

– आदिकवि भानुभक्त आचार्य

जन्म विक्रम संवत् १८७१ हालको गण्डकी अञ्चल, तनहुँ जिल्ला, रम्घा गाउँ। पिता खरदार धनञ्जय आचार्य, बाजे श्रीकृष्ण आचार्यबाट संस्कृतको अध्ययन । प्रकाशित कृति-भानुभक्तको रामायण (महाकाव्य), भक्तमाला, प्रश्नोत्तर, वधूशिक्षा, रामगीता र अन्य फुटकर कविताहरू प्रशस्त, मृत्यु विक्रम संवत् १९२५ ।

प्रस्तुत 'पादुका दान' कविता भानुभक्तीय रामायणको अयोध्या काण्डबाट लिइएको हो । यसमा रामचन्द्रजीलाई भाइ भरतले बिन्तीभाउ गरी वनवास नजानका लागि बिनम्र आग्रह गरिएको कुरा प्रस्तुत गरिएको छ ।

तहाँ सीताराम्का चरणतलमा सिर् पनि धरी
अयोध्यै लैजान्छु भनि कन ठूलो मन्सुब गरी ।
भरत् बिन्ती गर्छन् किन रघुपते ! आज वनमा
हजुर्ले आयाको मकन अति ताप् हुन्छ मनमा ।।

स्वामित् ! हजुर्को म त दास पो हूँ
यो राज्य गर्नाकन योग्य को हूँ ।
यो गादि ता याहिं हजूरको हो
मैले त सेवा गरि बस्नु पो हो ।।

छोरा हुनन् यज्ञ बहुत् गरीनन्
सम्पूर्ण लोक्को पनि ताप् हरीनन् ।
तब् पो ति छोरासित राज्य छाडी
जानू असल् हो त छँदैछ झाडी ।।

बेला त यो होइन जान वन्मा
मेरा त यै निश्चय हुन्छ मन्मा ।
जाऔं घरै फर्कि सधाइ जावस्
मेरी इ मातासित रिस् नआवस् ।।

यस्ता प्रकारले गरि बिन्ती गर्दै
आँखाभरी आँसु बहुत धर्दै ।
रोया भरतले जब पाउमा गै
बोल्या प्रभूले पनि खुसि मन् भै ।।

हे भाइ ! गर्छौं किन आज जिद्दी
फिर्नू असल् छैन र काम् नसिद्धी ।
जान्छू म वनमा तिमि फर्कि जाउ
यस् राज्यको काम् तिमीले चलाऊ ।

रामले वनै गै मुनि भेष धर्नू
याहीं भरतले बसि राज्य गर्नू ।
भन्या पिताको जब सुन्न पायाँ
आज्ञा उसैले वन जान आयाँ ।।

ई बात् भरतले जब सुन्न पाया
फेरी चरणमा परि बिन्ति लाया
हे नाथ् ! पिता हुन् मतिहिन् भयाका
स्त्रीका त साह्रै वशमा पर्‍याका ।।

उनले भन्याथ्या भनि राज्य छाडी
जानू असल् होइन आज झाडी ।
स्वामित् ! बहुत् बिन्ति छ फर्कि जाऊँ
फर्कन्न भन्या त जवाफ नपाऊँ ।।

यस्तो भरतले जब जिद्दी लीया
उत्तर् प्रभूले पनि फेरि दीया ।
फर्कन्न भैया ! तिमी फर्कि जाऊ
पीताजिलाई पनि दोष् नलाऊ ।।

खूप् सत्यवादी त पिताजि थीया
साँचै हुनाले वरदान दीया ।
सो पूर्ण गर्नाकिन जान्छु वनमा
साँचो कुरा हो बुझिलेउ मनमा ।

उत्तर् प्रभूको सुनि दुःख मान्या
फेरी चरण्मा परि बिन्ति लाया ।
फिर्नू हवस् स्वामित ! बिन्ति गर्छू
यस दण्डकारण्य विषे म जान्छू ।।

यस्ता बचन् सूनि भरत्जिलाई
फेरी हुकुम् भो तिमि फर्क भाई ।
यो राज्य साट्या पनि हुन्छ झूटो
हे भाइ ! गर्छौं किन आज भूटो ।।

हुकुम् यस्तो सूनी भरत पनि राम्का चरणमा
परी बिन्ती गर्छन् मत रघुपते ! छू शरणमा ।
चरण् बाहिक् एक् छिन् रहन पनि ताप् हुन्छ मनमा
नफर्क्या स्वामित्का पछिपछि म ता जान्छु बनमा ।।

न ता फर्की जान्या न त मकन लान्या वन पनी
भन्या मर्छु स्वामित् ! अब अरू कुरा केहि नभनी ।
भनी आसन् बाँधी जब मरणमा निश्चय धर्या
खुसी भै श्रीराम्ले पनि अति दयालू मन गरया ।।

दिया सूचन् राम्ले गुरुकन बुझाऊ तिमि भनी
गुरूले एकान्तै लगिकन भरत्जीकन पनी ।
बुझाया बात् खोलीकन सुन इ जो हुन् रघुपती
जगन्नाथ् साक्षात् हुन् त्रिभुवनपतीका अधिपति ।।

अघी ब्रह्माजीले सकल भुमिको भार्, हर भनी ।
स्तुती गर्दा खुस् भै सुन म हरुँला भार् पनि भनी ।
भन्याका हूनाले उहि वचन पालन् गर्हुँ भनी
प्रभू जान्छन् वन्मा पछि त सुन फिर्छन् घर पनी ।।

प्रभूकै इच्छा हो नतर कसरी कैकेयी पनी
वनै जाउन् भन्थिन् प्रभुकन रती तुल्य नगनी ।।
कुरो यस्तो जानी नगर तिमि यो आग्रह यहाँ
भुमीको भार् टारीकन पछि त जान्छन् प्रभु कहाँ ।।

रावण् मारि उतारि भार भुमिको फिर्छन् जगन्नाथ् भनी
यस्ता हुन् रघुनाथ् भनेर गुरुले खोलेर गुह्यै पनी ।
सब् बिस्तार गरीदिया र गुरुका वाणी सुनी खुस् भया
फर्क्यानिन् रघुनाथ् भनी मन बुझ्यो राम्का नजिक्मा गया ।।

हे नाथ् ! तत्त्व सुन्याँ म फिर्छु अब ता जान्छू अयोध्या महाँ
पूजा गर्न दिनूहवस् हजुरका एकजोर् खराऊ यहाँ ।
यस्तो बिन्ति गरी प्रणाम् वरिपरी घुम्दै भरत्ले गर्‍या
आफ्ना साफि खराउ दी प्रभुजिले सब् ताप् भर्तको हर्‍या ।।

अभ्यास

शब्दार्थ

पादुका – खराउ, जुत्ता
स्वामित् – मालिक, स्वामी
गादि – गद्दी
सधाइ – मान्ने काम
सत्यवादी – साँचो बोल्ने
भूटो – आपत्ति, चिन्ता
सूचन – जनाउ, सूचना

अधिपति – मालिक, स्वामी

रती – अलिकति

साफि – शुद्ध, पवित्र, सफा

१. तलका प्रश्नको छोटकरीमा उत्तर बिनुहोस्

(क) रामचन्द्रलाई भरतले बनवास जानबाट रोक्न के–कस्तो उपाय गरे ?

(ख) रामचन्द्रलाई वनबास जानु पर्नाको कारण के हो ?

(ग) रामचन्द्रले भरतको आग्रहलाई स्वीकार गर्न नसक्नाको कारण के हो र उनले भरतलाई के भनेर सम्झाउन खोजे ?

(घ) गुरु वशिष्ठले भरतलाई चित्त बुझ्दो गरी के भनी सम्झाए ?

(ङ) यो कविताको सारांश लेख्नुहोस् ।

२. प्रसंगसहित व्याख्या गर्नुहोस्

(क) यो गादि ता याहिं हजूरको हो ।
मैले त सेवा गरि बस्नु पो हो ।

(ख) अघी ब्रह्माजीले सकल भुमिको भार् हर भनी ।
स्तुती गर्दा खुस् भै सुन म हरुँला भार् पनि भनी ।
भन्याका हूनाले उहि वचन पालन् गरुँ भनी ।
प्रभू जान्छन् वन्मा पछि त सुन फिर्छन् घर पनी ।।

(ग) यस्तो बिन्ति गरी प्रणाम् वरिपरी घुम्दै भरत्ले गरया ।
आफ्ना साफि खराउ दी प्रभुजिले सब् ताप् भरत्को हरया ।।

३. तलका शब्दहरूलाई विभिन्न अर्थ बुझ्ने गरी बेग्लाबेग्लै वाक्यमा प्रयोग गर्नुहोस्

ताप, बेला, पाउ, साँचो, नगर ।

४. तलका शब्दहरूलाई आजभोलि प्रयोग गरिने शब्दमा बदल्नुहोस्

जस्तैः– तहाँको– त्यहाँ ।

आयाको, हुनन्, गरीनन्, हरीनन्, भन्या, पाया, आयौं, लाया, भयाका, परयाका, भन्थ्या, मान्या, जान्या, लान्या, धरया, गरया, दीया, बूझाया, गया, सुन्या, हर्या ।

व्याकरण

नाम

राम, हनुमान, काठमाडौं, कन्या, ब्राम्हण, सुन, चाँदी, जल, दया, माया, गण, दल जस्ता शब्दहरू नाम हुन् । राम, हनुमान, वामदेव व्यक्तिका नाम हुन् । कन्या, ब्राह्मण जातिका

नाम हुन् । जल, सुन, चाँडी, द्रव्य (वस्तु) का नाम हुन् । दया, माया बाहिर नदेखिने मनले अनुभव गरिने भावका नाम हुन् । गण, दल समूहलाई बुझाउने नाम हुन् ।

नमूना अभ्यास

प्रश्नहरू

१. नाम कति किसिमका हुन्छन् ?

२. नामको राम्रो परिभाषा बताउनुहोस् ।

३. माथिको कवितामा कतिओटा नाम शब्द पाउन सक्नुहुन्छ ? लेख्नुहोस् ।

४. प्रत्येक खालका नामका दश-दश उदाहरण खोजेर लेख्नुहोस् ।

५. तलका नामलाई प्रयोग गरी वाक्य बनाउनुहोस्

नेपाल, फलाम, बथान, जवानी, पुस्तक ।

वाच्य — काल परिवर्तन हुँदैन ।

कर्तृवाच्य

सकर्मक

इ+ल्+अ -

कर्मवाच्य

स पुस्तक पढ्छ ।

स पुस्तक पढ्छन् ।

सकर्मक

इ+ल्+अ -

भाववाच्य → क्रिया - (सकर्मक, अनिच्छ भाव, कुलेर)

चरा गर्न डऱ्यो

स सेचाम्ना बस्छ ।

सीताद्वारा गोचामा बसिएको

स पुस्तकहरू पढ्छ ।

स द्वारा पुस्तक पढिन्छ ।

आकाशमार्गद्वारा दौरिएर / (कर्ता बिना)

आफूलाई बिसँदा

exit light
enter night

धेरै-धेरै अगिको कुरो हो– इतिहासले औंल्याउन भ्याएको समयभन्दा पनि अगिको । त्यसताक जुम्ला जिल्लाको कर्णाली नदीको नजीकै एउटा सानो गाउँ थियो । त्यस गाउँमा भाँड भन्ने एकजाति बस्तथ्यो । त्यहाँ बीस घर भाँडहरू थिए, तर बेग्लाबेग्लै घरमा बसेर पनि बीस परिवार एकैजस्तो भएर बसेका थिए । यी बीस घरै परिवारको राम्रो चाँजो मिलाउन गाउँभरिमा एउटा थकाली छानेर राख्थे । यस गाउँको खटनपटन र बन्दोबस्त त्यही थकालीको आज्ञा बमोजिम हुन्थ्यो ।

यस जातिले पुर्खाकै पालादेखि खेतीपाती गर्न नपाउने चलन चलेकोले उनीहरूका खेत-बारी केही थिएनन् । उनीहरूको पेशा नै दशैंतिहारजस्ता ठूला-ठूला चाडपर्वमा र मेला, जात्रा, बिहा, बर्तमनमा वरपर गाउँका ठूलाठालुका घर-घर गएर नाचगान गरी, देउसी, भैलो खेली बकसपात बटुल्ने थियो ।

यसका अतिरिक्त मुख्य बाली भित्र्याउँदा वरपरका खेतीवालहरूले एक-एक भाग उनीहरूका लागि छुट्ट्याएर राख्ने चलन थियो । यसलाई भँडेरो भन्थे र खेतका खला-खलामा नै गएर यो भँडेरो उनीहरूले उठाउँथे । यसरी उनीहरू आफ्नो जीविकाको केही भाग जुटाउँथे ।

वरपरका गाउँमा बिहा, वर्तमन, पूजा, यज्ञ, चाडपर्वमा कुनै ठूलाठालु मुखिया-जिम्मावाल कहाँबाट नाचगानका लागि बोलावट आयो भने कुनै पनि आफूखुसी जान पाउन्नथ्यो । थकालीले खटाएको व्यक्तिमात्र जान पाउँथ्यो । यसरी खटाउँदा थकाली पनि पालो मिलाई-मिलाई खटाउने गर्दथ्यो ।

आकाश खेती-अनिश्चित आम्दानी

यस्तो बोलावटमा गएर जसकसैले कमाएको नगदी र जिन्सी पनि थकालीको आज्ञा बेगर उसले आफूखुसी खर्चन पाउन्नथ्यो । यो आम्दानी थकाली कहीं जम्मा गरिन्थ्यो र पछि भाग-बण्डा लगाइन्थ्यो ।

यस किसिमको आकाश खेतीका भरमा मात्र यत्रो गाउँले वर्ष दिन हातमुख जोर्न के भ्याउँथ्यो र ? यसैले बीच-बीचमा उनीहरू मागीजोगी गरेर पनि बाँच्ने उपाय गर्दथे । यसै गरी उनीहरूले जेनतेन आफ्नो गुजारा चलाएका थिए ।

यसरी प्राणसम्म धान्न पनि यहाँ ज्यादै मुश्किल परेकोले एक दिन थकालीका पिढीमा गाउँका सबै जान्नेबुझ्ने घरका मूलीहरू जम्मा भएर सरसल्लाह गर्न थाले ।

खालि बकसपात र मागजोगका भरमा यत्रा जहानबच्चा परिवार पाल्न त नसकिने भयो, अब के गर्ने ? एउटा मूलीले कुरा उठायो, तर कसले के जवाफ दिने ? अर्कालाई रिझाउने, यस्तै नाचगानको काम बाहेक अरू कुनै काम गर्न उनीहरूलाई वर्जित थियो । यो नै उनीहरूको

पुर्खाको धर्म थियो । त्यसैले उनीहरूलाई ठूलो धर्मसंकट परयो, तर बाँच्नका लागि धर्म भनेर मात्र पनि त भएन । आखिर केही त गर्ने परयो के गर्ने ? धेरै बेरको छलफल घरै पिच्छेका एक-एक तन्नेरी जवानहरू घर छोडी बिरानो देशमा गएर अरू कुनै पेशा गर्ने भयो ।

बिरानो देशमा गएर काम गर्दा कसैले चिन्ने डर पनि रहेन र कुनै काम गर्नबाट कसै रोक्ने पनि भएन । कमाएर पठाएकोबाट घरको गुजारा पनि राम्रो चल्ने भयो र घरै पि एक-एक जवान घटेमा बस्नेलाई पनि अलि होलोखुकुलो हुने भयो । त्यसैले बिहान झिसमिसेमा कुखरा नबास्दै दश-दश जना युवकहरूको एक-एक टोली उत्तर भोट र दक्षिण मधेश लाग्ने कुराको टुङ्गो लाग्यो ।

केही दिनपछि दश-दश जवानका दुई डफ्फा वरपर गाउँ छिमकले पत्तै नपाउने गरी कुखुरो नबास्दै भोट र मधेशतिर लागे । मधेशतिर लागेका दश जवानको एउटा डफ्फा कर्णालीको तीरमा आइपुग्यो । कर्णालीमा पुल, साँघु, केही थिएन । अलि चाक्लो फाँच परेको ठाउँ हेरी उनीहरूले पौडेर कर्णाली पार गरे ।

सबै एक-एक गर्दै पारिपट्टि किनारामा उत्रेपछि सबै आइपुगे कि आइपुगेनन् भनी हेर्न एउटाले एक, दुई, तीन गर्दै गन्यो । नौसम्म गनेपछि उसले दशौं मान्छे पाएन । ऊ छक्क परयो । "ए क्याहो गाँठे हामीमध्ये एउटालाई कर्णालीले त निलेन ?" भनेर ऊ अतालियो । उसको यस्तो भनाइले सब आपतमा परेर अर्को सबैले गन्ने पाली पुरयाए, तर कसैले गन्दा पनि बढी संख्या पाएन । अनि अर्को-अर्को सबैले गन्ने पाली पुरयाए, तर कसैले गन्दा पनि नौ-भन्दा बढी भेट्न सकेनन् । यता आएर जसले गने पनि नौ जना मात्र, तर उनीहरूमध्ये कुनचाहिं हरायो भन्ने थाहै छैन । आफूमध्ये एउटालाई पक्कै कर्णालीले खायो भन्ने चाहिं उनीहरूलाई पत्यार परयो । त्यसैले उनीहरू कर्णालीका तीरमा बसेर कुकाउन (रुनकराउन) थाले । त्यसै ठाउँलाई आजसम्म पनि भाँड कुकायो भन्दछन् ।

त्यसै बखत एक जना जोगी कतैबाट घुम्दैफिर्दै त्यहाँ आइपुगे । त्यहाँ भाँडहरूलाई कुकाई-कुकाई रोइरहेको देखेर उनले बडो स्नेहपूर्वक सोधे, "ए केटा हो, तिमीहरू किन यसरी रुन्छौ ? के पीर परयो तिमीहरूलाई ?

जोगीको बडो मायालु बचन सुनेपछि उनीहरूले आफू दश जना गाउँ छोडी आएको, दशै जना खोला तर्न कर्णालीमा हेलिएको र यता आएपछि गन्दा एक जना नपाएको वृत्तान्त

बताए । "तिमीहरू मध्ये कुन चाहिं छैन त ?" जोगीले सोधे ।

"त्यो त हामीलाई थाहा छैन ।" एउटाले भन्यो– "हामी दश जना थियौं, अहिले गन्दा नौ जना मात्र छौं ?"

बाबाजीले उसको कुरा सुनेर सबै जनालाई हेरी मनमनै उनीहरूको संख्या गने । अनि उनी मुसुक्क हाँसे । उनलाई एक जना नपुगेको रहस्य थाहा भयो ।

"तिमीहरूले राम्ररी गन्यौ ? एक जना हराएको पक्कै हो त ?" उनले सोधे ।"हामी-मध्ये एउटालाई पक्कै कर्णालीले खायो महाराज, हामी अब के गरौं ।" यति भनेर फेरि सबै रुन थाले ।

साधुले उनीहरूमध्ये फेरि अर्को एक-दुई जनालाई गन्न लगाए । यसपल्ट तिनले नौ, नौ जना मात्र गन्न सके । उनीहरूले गनेको ध्यानपूर्वक हेरिरहेका साधुलाई उनीहरूले कहाँनिर भूल गरेछन् भन्ने कुरा छर्लङ्ग भयो । अनि उनले हाँसेर भने– "तिमीहरू नरोऔ । तिमीहरूको साथीको पत्तो लगाइदिन्छु ।"

साधुका कुराले भाँडहरू खुसी भएर साथी भेट्टाइदिने आग्रह गरे । साधुले एक-एक जनाको पाखुरा समातेर डफ्फाबाट अर्कोतिर पन्छाउँदै आफैले गनेर देखाइदिए । नभन्दै यहाँ दशका दशै थिए । यसै गरी साधुले हरेक व्यक्तिबाट शुरु गरेर हरेकलाई दशौं बनाई देखाए । हरेकपल्ट दशका दशै भयो । यो देखेर भाँडहरू आश्चर्यले चकित भए ।

"ओहो ! स्वामीजी तपाईंले मन्तर गरेर हराएको साथीलाई भेटाई दिनुभयो ? कहाँबाट खोजी ल्याई दिनु भो ?"– उनीहरू मध्येको एउटा नाइके जस्तोले सोध्यो । "मैले केही मन्त्र पनि गरिन र कतै अन्तबाट खोजेर ल्याएको पनि होइन ।" साधुले भने– "जो हराएको थियो, त्यो तिमीहरूको माझमै हराएको थियो । मैले उसलाई तिमीहरूकै माझबाट पत्तो लगाएर तिमीहरूलाई दिएँ ।"

जोगीका गहिरो कुरा बुझ्न नसकेर विचरा निमुखा भाँडहरू झन् अलमल्लिए । "तिमी-हरूले बुझ्यौ ?"– साधुले फेरि भने– "हेर तिमीहरूको हराएको साथी तिमीहरू आफू-आफू सबै थियौ । किनभने तिमीहरू आफूलाई चाहिं गन्न बिर्सन्थ्यौ र यो हराएको साथी गन्ने मान्छे आफू नै हुन्थ्यौ । यसै गरी सबैले आफूलाई बिर्सेर, भुलेर दोहोरयायौ । यहाँ अज्ञानताले गर्दा सबैले रुन परयो– दुःख पायौ । तिमीहरू सबै जतिपटक गन्दा पनि आफ्ना अगाडिका साथी-हरूलाई पालैसँग एक, दुई, तीन, चार, पाँच, छ, सात, आठ, नौ गरी गन्यौ तर आफूलाई गन्न बिर्सियौ । सबैले आफैंलाई गन्न बिर्सेकाले तिमीहरूले आफ्नो साथी हरायो भनेका हौ । दशौं मानिस तिमी नै हौ । त्यसैले कसैले पनि आफूलाई बिर्सन हुन्न । आफूलाई नै बिस्यौं भने त तिमीहरूलाई मात्र होइन, जसलाई पनि यस्तै दुःख र चिन्ता हुन्छ ।"

साधुका कुराले भाँडहरूका आँखा खुले । उनीहरूको चित्त बुझेर हाँसी खुसी नाच्दै आफ्नो बाटो लागे । साधु पनि सन्तुष्ट भएर आफ्नो बाटो लागे ।

अभ्यास

शब्द र अर्थ

थकाली – कुलको अगुवा, मूली (थकाली भन्ने नेपालको जाति विशेष पनि छ)
अतिरिक्त – बाहेक, भिन्न, थप
भँडेरो – भाँडहरूको लागि छुट्टयाएको भाग
वर्जित – छोडिएको, मनाही गरिएको, त्यागिएको
वृत्तान्त – बयान, हालखबर, विवरण
आग्रह गर्नु – अनुरोध गर्नु, हठ गर्नु, ढिपी गर्नु
निमुखा – सीधासाधा, धक, लाज, डर आदिले मौकामा बोल्न नसक्ने

प्रश्नहरू

१. तलका प्रश्नहरूको छोटो उत्तर दिनुहोस्

(क) भाँडहरू को थिए र उनीहरूको बस्तीको चलन कस्तो थियो ?
(ख) भाँडहरूद्वारा छानिएका थकालीले के-के गर्नुपर्थ्यो ?
(ग) भाँडहरूको जीविका कसरी चलेको थियो ?
(घ) कुन समस्या सुल्झाउन भाँडहरू थकालीका पिंढीमा भेला भए ?
(ङ) भाँडहरूले आफ्नो जीविकासम्बन्धी अप्ठ्यारो कसरी फुकाउने विचार गरे ?
(च) भाँडहरू कर्णाली नदीको तीरमा किन कुकाउन थाले ?
(छ) जोगीले भाँडहरूको दशौं साथी कसरी भेट्टाइदिए ?
(ज) आफूलाई बिर्सेदा भाँडहरूले कस्तो दुःख पाए ?
(झ) यस कथाबाट तपाईंले कस्तो शिक्षा पाउनुभयो ?

२. तलका वाक्यांशलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्

आकाश खेती, हातमुख जोर्नु, आँखा खुल्नु

३. भाव विस्तार गर्नुहोस् (अनिश्चित आमदानी)

(क) यस किसिमका आकाश खेतीका भरमा मात्र यत्रो गाउँलेले वर्षदिन हातमुख जोर्न के भ्याउँथ्यो र ?
(ख) आफूलाई नै बिर्स्यो भने त तिमीहरूलाई मात्र होइन, जसलाई पनि यस्तै दुःख र चिन्ता हुन्छ ।

व्याकरण

(क) नाम–सर्वनाम

१. माथिका कथाबाट पाँचओटा भाववाचक नाम छान्नुहोस् ।

२. वाक्यमा एउटै नामलाई दोहोरयाउँदा मिठास नआउने र लामो पनि हुने हुँदा त्यसका सट्टामा मिल्ने गरी म, हामी, तँ, तिमी, त्यो, ऊ, उनीजस्ता सर्वनामको प्रयोग गरिन्छ । त्यसैले तलका वाक्यमा नाम दोहोरिएका ठाउँमा मिल्दो सर्वनाम प्रयोग गर्नुहोस् ।

(क) भाँडहरू थकालीले भनेको मान्थे । थकाली भाँडहरूलाई पक्षपात गर्दैनथ्यो ।

(ख) जोगीले भाँडहरूलाई भने – "भाँडहरू नरोओ ।'

(ग) कर्णाली गहिरो थियो, कर्णालीमा पुल थिएन ।

३. आफूलाई बिसँदा कथाबाट पाँचओटा सर्वनाम छान्नुहोस् ।

४. तलका नाम तथा सर्वनामलाई वाक्यमा प्रयोग गर्नुहोस् ।

आफू, तपाईं, जुम्ला, पानी, कर्णाली '

(ख) विशेषण

रातो कपडा, बूढो मान्छे, धेरै पुस्तक, पहिलो विद्यार्थी जस्ता वाक्यांशमा रातो, बूढो, पहिलो, धेरै शब्दले क्रमैले कपडा, मान्छे, पुस्तक र विद्यार्थीको गुण, अवस्था, परिणाम, संख्याजस्ता विशेष कुराहरू बुझाएका छन् । त्यसकारण ती विशेष कुरा बुझाउने शब्द विशेषण हुन् । **ती शब्दले जसको** विशेषता बुझाएका छन्, ती नाम पदलाई विशेष्य भन्दछन् ।

अभ्यासका नमुना

१. विशेषण भनेको के हो ? उदाहरण समेत दिएर स्पष्ट गर्नुहोस्

२. **तलका वाक्यमा विशेषण र विशेष्य छुट्टयाउनुहोस्**

(क) सोझा भाँडहरूले साथी हराए ।

(ख) जोगीको तीक्ष्ण बुद्धि थियो ।

(ग) साथी हराउँदा भाँडहरूलाई धेरै दुःख भयो ।

(घ) भाँडहरूको समाजमा थकालीको ठूलो स्थान छ ।

(ङ) भाँडहरूको रोचक र सरल कथा कसलाई मन नपर्ला ?

३. **मिल्दा विशेषण राखी खाली ठाउँ भर्नुहोस्**

भाँडहरू.....जनासँगै परदेश लागेका हुन् । उनीहरू.....थिए । जोगीले भाँडहरूको.....मद्दत गरे ।

४. माथिको पाठबाट घटीमा बीसओटा विशेषण शब्द छानेर तिनलाई आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् ।

५. तलका 'क' र 'ख' समूहका विशेष्य र विशेषणको मिल्दो जोडा मिलाउनुहोस्

'क' समूह	'ख' समूह	
१. काली–	गाग्रो	(४)
२. दुईवटा–	बोली	(३)
३. मीठो–	केटी	(१)
४. रित्तो–	आगो	( )
	कलम	(२)

साहित्यकार चक्रपाणि चालिसे

श्रीमान् गम्भीर नेपाली प्रचण्ड प्रतापी, भूपति,
श्री ५ सरकार महाराजाधिराजको सदा रहोस् उन्नति,
राखून् चिरायु ईशले
प्रजा फैलियोस् पुकारौं जय प्रेमले,
हामी नेपाली सारालै ।

यी माथिका पंक्तिहरूलाई राष्ट्रिय गानका रूपमा नचिन्ने नेपाली आज कमै होलान् । राष्ट्रिय गानका पंक्तिहरूलाई चिनेर पनि यसका रचनाकारलाई भने कतिले चिनेका होओइनन् । दीर्घ कालसम्म अखण्ड रूपमा नेपाली भाषा र साहित्यको सेवा गरेर अनेक पुस्तक लेखी नेपाली गद्य साहित्यलाई आधुनिक रूप दिने, प्रस्तुत राष्ट्रिय गीतका रचनाकार चक्रपाणि चालिसे हुन् ।

चालिसेको जन्म भक्तपुर जिल्ला कटुन्जे गाउँ निवासी डिठ्ठा प्रेमलालकी साहिली धर्मपत्नी चन्द्रमायाको गर्भबाट वि. सं. १९४० सालको कार्तिक शुक्ल त्रयोदशीको दिन भएको थियो । तर उनले आमाको काखको न्यानो माया थोरै समय मात्र पाए । तीन वर्षका काखे र दूधे बालकलाई छोडेर चन्द्रमायाले संसारी मायाजालबाट बिदा लिइन् । आमाको मृत्युपछि उनको स्याहार-सुसार मावलीमा भएको थियो ।

बाबु प्रेमलालको गृहस्थी पनि बडो दुःखमय भएर बित्न लागेकोले चक्रपाणिको बाल्यकाल दुःखपूर्ण नै भएर बित्यो । संसारको नियम पनि विचित्रको छ । जसलाई जस्तो परे पनि ऊ आफैंले त्यो कुरा भोग्नुपर्दोरहेछ ।

बाह्र वर्षका चक्रपाणि तीनधारा पाठशाला (आजको संस्कृत छात्रावास) मा भर्ती हुन पुगे । रानीपोखरी संस्कृत पाठशालामा व्याकरण, साहित्य र वेदान्तको अध्ययन गर्न थाले । यसै समयमा उनको गायत्री देवीसँग विवाह भयो । पछि व्याकरण मध्यमा परीक्षा दिने सिलसिलामा उनी काशी पुगे ।

Lama Bisey Lama

केटाकेटीदेखि नै तीक्ष्ण बुद्धि र कवितात्मक भावना भएका चक्रपाणिभित्रको कवित्व शक्ति काशीमा बस्ता भानुभक्तको रामायणबाट प्रेरित भएर बाहिर प्रस्फुटित हुन थाल्यो। काशीबाट निस्कने "सूक्तिसुधा" पत्रिकामा यिनको पहिलो कविता छापियो। पछि उनले आफ्नो जीवन नेपाली भाषा र साहित्यको वृद्धिमा बिताउने निश्चय गरे ।

आफ्नो बाल्यकाल र यौवनकाल अभाव, पीडा, दुःख, चिन्ता र गरीबीले बिते तापनि चक्रपाणिले नेपाली वाणीमा प्राण भर्ने काम कदापि छोडेनन् । उनका सुख-दुःखका साथी नै नेपाली भाषा र साहित्य भए। त्यसैले उनका कृतिहरूमा नेपाली मुटुको मर्म, दुःखीहरूको व्यथा र संवेदना पाइन्छ । आफू जतिसुकै कलमवीर भए तापनि चक्रपाणिले आफ्नो प्रतिभालाई सन्तोषजनक वातावरणमा हुर्काउन पाएनन्। बिहान-बेलुकीको हातमुख जोर्ने समस्या समाधान गर्नका लागि उनी काठमाडौंको केलटोलमा डेरा गरी गृह-अध्ययन (ट्युसन) गर्न थाले। यिनका साहित्यिक चेलाहरू पनि थुप्रै थिए । यीमध्ये कवि सिद्धिदास अमात्यको नेवारी साहित्यमा ठूलो प्रसिद्धि रहेको छ ।

वि. सं. १९७० सालमा गएर चक्रपाणि चालिसे गोरखा भाषा प्रकाशिनी समिति (पछि नेपाली भाषा प्रकाशिनी समिति) मा लेखक पंडितका रूपमा जागिरे भए। यहीं बस्ता उनले गद्य-पद्यका प्रशस्त पुस्तकहरू लेखे । यी पुस्तकहरू प्रकाशित हुँदा कतिमा उनको नाम रह्यो त कतिमा रहेन पनि। जे-जस्तो परे तापनि गोर्खा शिक्षा, धर्म शिक्षा, बगली कीष, पर्यायवाची सरल पुस्तकहरू लेखेर नेपाली साहित्यमा कहिल्यै बिर्सन नसकिने गुन लगाए ।

चक्रपाणिका छोरा लक्ष्मीनन्दन चालिसे त्रिचन्द्र कलेजमा पढ्थे। बी. ए. परीक्षाको उत्तर पुस्तिकामा नपुंसक राणा लेखेबापत उनलाई जेल हालियो। आफ्नो एक मात्र छोरा यसरी जेल पर्दा चक्रपाणिलाई पर्नसम्म पीर परयो। उनले छोराको मुक्तिका लागि आफू जेल बसिदिने कबूलसम्म गर्दै अनेक बिन्तीभाउ गरे तर केही लागेन । आखिर क्षयरोगले सिकिस्त पारेपछि कारागारबाट मुक्त गरिएका लक्ष्मीनन्दनको २००२ सालमा निधन हुँदा चक्रपाणि माथि पुत्रशोकको झन् ठूलो बज्र प्रहार भयो। उनी वेदनाले विह्वल बन्दै नेपाली भाषा प्रकाशिनी समितिबाट गोरखापत्र कार्यालयमा सरुवा भए, तर पनि चक्रपाणिका दुःखका दिनहरू अझै सकिएका थिएनन्। छोराको मृत्यु भएको वर्ष दिनपछि नै उनको जीवन-सँगिनीलाई पनि दैवले चुँडेर लग्यो । उनलाई पीर माथि पीर थपिन छोडेनन्। यसरी विरहवेदना र चिन्ताहरूले व्याकुल बन्दा पनि उनले भाषा र साहित्यको सेवा गर्न छोडेनन् ।

चक्रपाणि विद्वान् थिए । उनको विद्वत्ताबाट धेरै व्यक्तिहरूले लाभ उठाए। सुनिन्छ कसै-कसैले त उनलाई लेख्न लगाएर आफ्नो नाउँबाट पुस्तकहरू पनि निकालेका थिए रे । केही

लेखकहरूका कृतिहरूलाई परिष्कृत गर्ने क्रममा उनले पूरै लेखिदिनु पनि पर्थ्यो । आफू ज्यादै मिलनसार, विनयी, विद्वान् भएकाले उनी कसैलाई पनि अवहेलना गर्दैनथे । सबैलाई मित्रवत् व्यवहार गर्ने हुँदा उनलाई कामको भीड भई नै रहन्थ्यो । जतिसुकै कार्य गर्नुपर्दा पनि धैर्य-पूर्वक त्यसलाई सम्पन्न गर्ने बानी उनमा थियो । यसरी जीवनमा दैवी मार र सामाजिक मारका अनेक कटु अनुभव गर्दै २०१५ सालको राम नवमीको दिन चक्रपाणिले इहलीला समाप्त गरे । आफूले जतिसुकै कष्ट खप्न परे तापनि नेपालीहरूलाई प्रशस्त कविता, स्तोत्र र अनेक पुस्तकहरू दिएर गएकाले उनी सधैंका लागि अमर बने र शरीर मरेर जाँदा पनि उनी मरेनन्, बाँचिरहे ।

अभ्यास अभ्यास

शब्द र अर्थ

दीर्घकाल – लामो अवधि
अखण्ड – नटुक्रिएको
प्रस्फुटित – विकसित भएको, फुलेको
वाणी – बोली, भाषा
निधन – मृत्यु
विह्वल – चिन्ता आदिले चित्त ठेगानामा नभएको
कटु - अप्रिय, पीरो
इहलीला – यस लोकको जीवन

संवेदना - साहनुभूती
सम्वेदना - दुःख

प्रश्नहरू

१. तलका प्रश्नहरूको संक्षिप्त उत्तर लेख्नुहोस्

(क) चक्रपाणि चालिसेको जन्म कहाँ र कहिले भएको हो ?
(ख) चक्रपाणिको बाल्यकाल कसरी बित्यो ?
(ग) चक्रपाणिले विद्या अध्ययन कहाँ र कसरी गरे ?
(घ) चक्रपाणि कस्तो स्वभावका मान्छे थिए ?
(ङ) चक्रपाणि चालिसेका मुख्य-मुख्य कृतिहरू कुन-कुन हुन् ?
(च) जीवनमा चक्रपाणिलाई के-कस्तो दुःख झेल्नुपरयो ?
(छ) चक्रपाणिलाई अमर साहित्यकार भन्नुको तात्पर्य के हो ?
(ज) चक्रपाणिको जीवनी पढेर तपाईंले कस्तो प्रेरणा पाउनुभयो ?

२. तलका उदाहरणको भाव स्पष्ट गर्नुहोस्

उनका कृतिहरूमा नेपाली मुटुको मर्म, दुःखीहरूको व्यथा र संवेदना पाइन्छ।

३. तलका वाक्यांशको अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्

स्याहार–सुसार, न्यानो माया, श्रीवृद्धि, वाणीमा प्राण भर्नु, हातमुख जोर्नु ।

४. छोराका मुक्तिका लागि आफू जेल बस्न खोजेको प्रसंगबाट चक्रपाणिका सम्बन्धमा के कुरा बुझिन्छ ? तलका मिल्दो उत्तरमा (√) चिनो दिनुहोस्

(क) उनी ज्यादै गरीब थिए (ख) उनी स्नेहपूर्ण हृदय भएका पिता थिए (ग) उनी भावुक साहित्यकार थिए (घ) उनी कर्तव्यपरायण व्यक्ति थिए ।

व्याकरण

वाक्य र त्यसको परिवर्तन

कुनै पनि एक प्रकारका वाक्यलाई अर्को प्रकारमा बदल्न सकिन्छ । यसो गर्दा वाक्यमा कर्ता, क्रिया आदिका लिङ्ग, वचन र पुरुषलाई बदल्नुपर्छ । यसरी बदल्ने कामलाई वाक्य परिवर्तन भन्दछन् । जस्तैः– राम घर जान्छ ।

(क) यसमा राम पुलिङ्ग कर्ता छ । कर्तालाई स्त्रीलिङ्गमा लाँदा सीता घर जान्छिन् ।

(ख) माथिका वाक्यमा राम तृतीय पुरुष कर्ता हो । यसका सट्टामा द्वितीय पुरुष एक वचन कर्ता राख्दाः– तँ घर जान्छस् ।

प्रथम पुरुष एकवचन कर्ता राख्दा– म घर जान्छु । यसरी नै हामी कुनै पनि वाक्यलाई परिवर्तन गर्न सक्छौं ।

नमुना अभ्यास

प्रश्न

१. वाक्य परिवर्तन गर्दा के-के कुराभा ध्यान दिनुपर्छ ? लेख्नुहोस् ।

२. तलका सबै वाक्यलाई लिङ्ग, वचन र पुरुषको आधारमा परिवर्तन गर्नुहोस्

(क) हामी सधैं आफ्नो पाठ पढ्छौं ।

(ख) सीता र गीता गीत गाउँछन् ।

(ग) तैंले पाठ पढिस् ।

(घ) ऊ घर गयो ।

(ङ) श्याम पुस्तक किन्छ ।

तराई हेर ! कति राम्रो . . .



लेखक - गणेश रसीक

तराई हेर कति राम्रो हरियो वन हुनाले
पहाड हेर झनै राम्रो गुराँस फुल्नाले
म त हेर त्यसै राम्रो यसै राम्रो
त्यसै राम्रो नेपाली हुनाले
सगरमाथा मेरै आफ्नो शिर भइदिनाले ।।
अरूको भरमा बाँच्नुपर्छ हातै नहुनेले
एकदिन भौंकै मर्नुपर्छ पौरख नहुनेले
म त मेरै पौरख खान्छु
म त हातका नङग्रा खियाउँछु, नेपाली हुनाले
सारा नेपालीको लक्ष्य एउटै भइदिनाले ।।
अरूको सारमा हिंड्नुपर्छ आँखै नहुनेले
अन्यायलाई सहनुपर्छ निर्धो भइदिनाले
म त अन्यायसित लड्छु,
ठूलो सानो एउटै देख्छु, नेपाली हुनाले
राजा-रानी मेरै दुइटा आँखा भइदिनाले ।।

अभ्यास

शब्द र अर्थ

पौरख – पुरुषार्थ

निर्धो– कमजोर

१. तलका प्रश्नहरूको उत्तर दिनुहोस्

(क) तराई र पहाड के-केले गर्दा राम्रो देखिन्छ ?

(ख) यस गीतमा म भन्नाले कसलाई बुझाउँछ ?

(ग) पौरख गर्न नसके के हुन्छ ?

(घ) अन्धो र निर्धाको जीवन कस्तो हुन्छ ?

(ङ) नेपालीका विशेषताहरू के-के हुन् ? लेख्नुहोस् ।

२. भाव विस्तार गर्नुहोस्

"म त अन्यायसित लड्छु
ठूलो-सानो एउटै देख्छु"

३. तल दिइएका शब्दहरूको मिल्दो अर्थ लेख्नुहोस्

(क) शिर

(ख) नङ्ग्रा

(ग) सार

व्याकरण

४. संक्षिप्त शब्द

कुनै संस्था, पद वा उपाधिका पूरा रूपका सट्टामा छोटकरी रूप प्रयोग गरिन्छ, यसलाई संक्षिप्त शब्द भन्दछन् । जस्तैः– पण्डितको -पं., डाक्टरको –डा. इत्यादि ।

(क) तलका शब्दको संक्षिप्त रूप लेख्नुहोस्

शाखा अधिकृत, गोरखापत्र, शिक्षा मन्त्रालय, काज सरकारी ।

(ख) तलका संक्षिप्त रूपको पूरा रूप लेख्नुहोस्

रा. स. स., गो. द. वा., शा. ने वा. नि. ।

५. सकर्मक क्रिया

राम भात खान्छ । राम सुत्छ ।

माथिका दुवै वाक्यमा कर्ता राम हो र पहिलो वाक्यमा क्रिया खान्छ र दोस्रोमा चाहिं सुत्छ क्रियापद हो । तर पहिलो वाक्यमा राम खान्छ भन्दा के खान्छ भनेर प्रश्न गर्न सकिन्छ ।

दोस्रो वाक्यमा राम सुत्छ भन्दा के सुत्छ ? भन्न सकिन्न । पहिलो वाक्यमा खान्छ क्रिया सकर्मक हो । दोस्रो वाक्यको क्रियाचाहिं अकर्मक हो । के अथवा कसलाई भनी प्रश्न गर्दा जे उत्तर आउँछ त्यो कर्म हुन्छ । माथिको खान्छ क्रियामा के प्रश्नको उत्तर आउने भावकर्म हो ।

नमुना अभ्यास

(क) तलका क्रियाहरू कुन-कुन सकर्मक र कुन-कुन अकर्मक हुन् छुट्याउनुहोस्

हेर्नु, हुनु, फुल्नु, खियाउनु, हिंड्नु, सहनु, लड्नु, देख्नु ।

(ख) तलका वाक्यमा उपयुक्त कर्म राख्नुहोस्

(अ) रामले.....किन्यो ।

(आ) श्यामले दुईओटा.....लेख्यो ।

(इ) गीता.....लाई माया गर्छिन् ।

(ई) रामले हिजो राष्ट्रिय नाचघरमा .....हेरयो ।

(उ) आमाले मायालु स्वरमा .....बोलाउनुभयो ।

(ऊ) कृष्णहरि भोलि.....पढ्ला ।

नेपाली पोशाक

आत्माराम– नमस्कार हर्कबहादुर दाइ ! कतातिर हो ? आज त निकै ठाँट्टिएर हिंड्नुभएको छ नि !

हर्कबहादुर– ओ हो ! आत्माराम बाबु नमस्कार, मेरो पनि । हिजो-अस्तिकै लुगा त हो नि के ठाँट्टिएको छु र ?

आत्माराम– होइन, टाढादेखि नै याद गर्दैछु म, तपाईंको यो लुगाले त नेपाली लुगा नराम्रो भन्नेलाई जवाफ दिन्छ । यस्तो राम्रो देखिने हाम्रो नेपाली पोशाकलाई पनि कसैले नमिल्ने, असजिलो भन्छन् भने त्यसलाई आफ्नो लुगा सजिलो हुने गरी मिलाएर लगाउन नजान्ने भन्नुपर्छ ।

हर्कबहादुर– हाम्रो नेपाली पोशाकलाई तपाईंले भन्नुभएको विशेषणले उपहास गर्ने भित्री तत्त्व नबुझेका आलाकाँचा ठेट्ना मात्र हुन्, बाबु !

आत्माराम– हुन त हो, आफ्नो राष्ट्रिय पोशाकको महत्त्व नबुझ्नेहरूका कुरा मात्र हुन् यी । अर्काको राष्ट्रिय पोशाक लगाएर अन्तरराष्ट्रिय पोशाक भन्ने भैंदिए त्यत्तिकै हो ।

हर्कबहादुर– अन्तरराष्ट्रिय पोशाक भन्ने कुन छ र बाबु ? सुट र टाइकै विचार गर्नोस् न । संयुक्तराज्य अमेरिकाको र बेलायतको पनि ढाँचा फरक छ भने उता जर्मनी र रूसका सुट र टाइ त आकारमै फरक पाइन्छन् । हामीले यी फरक आकार र ढाँचाका लुगालाई अन्तरराष्ट्रिय भने पनि उनीहरूले आफ्ना-आफ्ना राष्ट्रियतालाई ढाँचा फरक गरेको पोशाकले मात्र पनि देखाएकै छन् ।

आत्माराम– टोपीकै विचार गर्नोस् न । हाम्रो नेपाली टोपी, फार्सीहरूको टोपी, हिन्दुस्तानी टोपी, उता फेरि रूसी टोपीको कत्रो फरक छ ।

हर्कबहादुर– हो त नि, बाबु ! आफ्नो-आफ्नो राष्ट्रियता । आफ्नो पोशाकको ढाँचा र लबाइको ढंगको फरकले त देखाउँछ नि । यसो याद गरेर हेरयो भने लबाइबाट नै यो देशको भनेर सजिलै छुट्ट्याउन सकिन्छ । देश अनुसारको भेष भन्ने त उखानै छ । राष्ट्रको आफ्नो निजीपना यसरी टड्कारै छुट्टिने राष्ट्रियता होइन र बाबु ?

आत्माराम– हो दाइ, आफ्नो विचारले संसारलाई प्रभाव पार्न सक्यो भने नेपाली पोशाक लगाएर पनि विश्व भ्रमण गरेर आउन सकिन्छ । लुगाले गर्दा उसको इज्जत जाँदैन, उचित चालमा ऊ चल्न सक्छ । प्रभावशाली विचार दिन सक्दैन भने जुन देशमा गयो त्यही देशमा मिल्दो पोशाक लगाए पनि उसले आफ्नो इज्जत, आफ्नो

देशको इज्जत राख्न सक्दैन। विदेश जाने भन्दैमा अर्काको पोशाक लगाउनै पन जरुरत छैन। संयुक्त राष्ट्रसंघमा भाग लिने हाम्रा प्रतिनिधिहरूले नेपाली पोशाक नै लगाउँछन्। त्यस्तै विभिन्न देशमा गएका शाही नेपाली राजदूत र दूतावासका अन्य कर्मचारीहरू पनि नेपाली पोशाक नै लगाउँछन्। सुट किन्न नसकेर त्यसो गरेका हुन् र ? लुगा राष्ट्रिय लगाउने र अन्तरराष्ट्रिय ख्याति प्राप्त गर्ने मानिस संसारमा जति भने पनि छन्। आफ्नो राष्ट्रिय पोशाक लगाएर नै पनि संसारका ठूला-ठूला काम गर्न सकिन्छ।

हर्कबहादुर– हो बाबु, हामीले नेपाली पोशाक नै राम्रोसँग मिलाएर लाउन जान्नुपर्छ। हाम्रै गाउँको छ्वाँके कान्छोलाई हेर्नोस् न। ऊ बडो भट्किलो सुट-प्यान्ट लाएर हिंड्छ। तर उसलाई भलाद्मी, बुद्धिमान् त कसैले भन्दैनन्। त्यसको उल्टो पण्डितको छोरा रामजीलाई हेर्नोस्। उनले धेरै पढेका छन् तर उनी विदेशी पोशाक लगाएर हिंड्दैनन्। उनकी बहिनी रमिता पनि चौबन्दी चोलो, ढाकाको खास्टो, घरेलु सारी लाएर हिंड्छिन्; के उनीहरूलाई कसैले हेप्न, हेला गर्न सक्छ र ? मिलाएर लाउन जान्यो भने नराम्रो देखिने हाम्रो नेपाली पोशाक होइन। जानेन भने जस्तो लुगा लगाए पनि नराम्रो देखिन्छ नै।

आत्माराम– ठीक हो, हर्कबहादुर दाइ, सारै चित्तबुझ्दो कुरा गर्नुभो। हामीले पोशाकलाई मिलाएर लाउन जान्नुपर्छ र हाम्रो राष्ट्रिय विचारलाई प्रभावकारी बनाएर विश्वको दृष्टि हाम्रो नेपाली पोशाकतिर आकर्षित गर्न सक्नुपर्छ।

हर्कबहादुर– ठीक भन्नुभयो आत्माराम बाबु !

"हाम्रो राजा हाम्रो देश
हाम्रो भाषा हाम्रो भेष।"

अभ्यास

शब्द र अर्थ

ठेट्ना – आलाकाँचा, केटाकेटी, फूल नउठी उछिट्टिएको मकै, अधकल्चा
उपहास – खिसीको हाँसो
तत्त्व – भित्री कुरो

प्रश्नहरू

१. राष्ट्रिय पोशाकका सम्बन्धमा हर्कबहादुरको विचार कस्तो देखिन्छ ? लेख्नुहोस् ।

२. नेपाली पोशाकको महत्त्वबारे दश पंक्तिमा आफ्नो विचार व्यक्त गर्नुहोस् ।

३. तपाईंलाई कस्तो पोशाक मनपर्छ र किन ? छोटकरीमा लेख्नुहोस् ।

४. नेपाली पोशाक राम्रो हुनाका कारण के हुन् ? सुटसँग तुलना गर्दै लेख्नुहोस् ।

५. तलका विषयहरूमा कम्तीमा एक पृष्ठमा संवाद लेख्नुहोस्

(क) हाम्रो भाषा (ख) हाम्रो देश (ग) हाम्रो छिमेकी

६. भाव विस्तार गर्नुहोस्

(क) प्रभावशाली विचार दिन सक्दैन भने जुन देशमा गयो त्यही देशको मिल्दो पोशाक लगाए पनि आफ्नो इज्जत राख्न सक्दैन ।

(ख) "हाम्रो राजा हाम्रो देश, हाम्रो भाषा हाम्रो भेष"

७. अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्

(क) देश अनुसारको भेष (ख) ठाँट्टिएर हिंड्नु (ग) ठेट्ना

व्याकरण

(क) विभक्ति

रामले पढ्यो, सीतालाई पुस्तक देऊ, कलमले लेख, विद्यालयबाट नभाग, रामको पुस्तक हरायो, चकटीमा बस। यी वाक्यमा नामसँग ले, लाई, बाट, को, मा आदि जोडिएका छन् । यिनलाई त्यसरी नराख्दा अर्थ स्पष्ट हुँदैन र वाक्य पनि ठीक हुँदैन । नामसँग जोडिएर वाक्यमा एउटा पदको अर्को पदसँगको सम्बन्ध स्पष्ट गर्ने काम विभक्तिको हो। त्यसैले माथिका के, लाई आदि विभक्ति हुन् । विभक्ति आठ प्रकारका हुन्छन् । जस्तै:–

विभक्ति	चिन्ह	अर्थ
प्रथमा	ले, बाट	काम गर्ने
द्वितीया	लाई	गरिने
तृतीया	ले, बाट	काम गर्नाको साधन
चतुर्थी	लाई	काम गर्नाको उद्देश्य
पञ्चमी	बाट, देखि	स्थान, समय र वस्तुबाट छुट्टिएको अवधि
षष्ठी	को, का, की, रो, रा, री, नो, ना, नी	स्वामित्व आदि अर्थ जनाउने
सप्तमी	मा	आधार
सम्बोधन	हे, ए,	बोलाउने काम

१. तलका वाक्यमा नाम पदसँग लागेका विभक्ति चिन्ह कुन–कुन किसिमका हुन् ? लेख्नुहोस्

(क) महाराजबाट आज्ञा भयो ।

(ख) तिमीले हिजो किनेको कलमले साथीलाई चिठी लेख ।

(ग) यो पुस्तक रामलाई दिनु भनेर हरिले श्यामलाई अह्रायो ।

(घ) तैंले घरमा बसेर पनि पढिनस् भने म तेरो टुपी उखेल्ने छु ।

(ङ) भोलिदेखि शुरु हुने खेलकुद प्रतियोगितामा भाग लिन राम घरबाट हिजै आइपुग्यो ।

२. आफ्नै वाक्यमा विभक्तिको परिचय दिएर उदाहरण समेत लेख्नुहोस् ।

३. आठै किसिमका विभक्ति प्रयोग गर्दै भाइलाई एउटा चिठी लेख्नुहोस् ।

(ख) ब र व

४. तलका वाक्यलाई ब र व मिलाई शुद्ध गर्नुहोस्

वाल्यकालदेखि नै उनी निकै विचारशील व्यक्ति थिए । विद्यालयमा उनलाई सबै मन पराउँथे । ख्याल ठट्टा गरेर बस्ने उनको बानी थिएन ।

५. माथिका पाठबाट ब र व लेखिएका शब्दहरू खोजी छुट्टाछुट्टै सूची बनाउनुहोस् ।

खेल

खेल्नु मन र शरीर ठीक गरिराख्नका लागि हो। खेल्न मन लाग्नु मन र शरीर सन्चो हुनुको लक्षण हो। खेलसित सन्चो मन र शरीरको नजीकको नाता भएको कुरा यसबाट बुझिन्छ। खेलमा पैसाको हारजित हुँदैन। पैसाको लेनदेन गर्नु व्यापार गर्नु हो। पैसाको हार-जित हुने काम गर्नु जुवा खेल्नु हो। हरेक खेलको एक वा अनेक नियम हुन्छन्। त्यही अनु-शासनभित्र बसेर हेर्नु र खेल्नु दुवै थरीलाई रमाइलो लाग्ने काम गर्नु खेल्नु हो।

खेल अनेक थरीका हुन्छन्। तिनीहरूमा पनि दुई थरीलाई मुख्य-मुख्य भन्नुपर्छ। कुनै खेल घरभित्र खेलिन्छ। पासा, बाघचाल, बुद्धिचाल, क्यारिम आदि खेलहरू भित्र खेलिने गर्छन्। घरबाहिर खेलिने अर्को थरीका खेलहरू छन्– भकुन्डो, कपर्दी, लट्ठीकासा, डन्डीबियो, तेलकासा आदि। घरभित्र खेलिने खेलहरू अलि सन्चो नभएकासम्मले पनि खेल्न सक्छन्। एक्लै बस्नुपर्दा लाग्ने पटचाइ मेट्न त्यस्ता खेलहरू काम लाग्छन्। साथीहरू बटुलेर समय कटाउने काम पनि त्यसबाट हुन्छ।

घरबाहिर खेलिने खेलहरूमा भकुन्डो, कपर्दी, लट्ठीकासा, डन्डीबियो आदिले जीउलाई बलियो बनाउँछन्। मौका छँदैमा छरितोसित काम गरिहाल्ने बानी बसाउँछ। खाएको वस्तु पच्ने गराउँछ। साथीहरूसित मिलेर एक डफ्फा भई काम गर्ने गुण प्राप्त गराउँछ।

केटाकेटीहरूले खेल्नु साह्रै आवश्यक छ। ठूला र उमेर पुगेकाहरूले पनि समय मिलाई केही न केही खेल्ने गर्नु असल हुन्छ। खेलसित अनेक कुरा गाँसिएका हुन्छन्। हरेक देशमा सरकारले समेत यसमा चाख लिएको हुन्छ। यसैले हिजोआज खेलको विकास हुँदैछ।

नेपालमा हिजोआज बाहिरबाट आएकै खेलहरू बढी खेलिन्छन्। बाहिरका खेलहरू पनि खेल्न जान्नुपर्दछ। अन्तरराष्ट्रिय तहका खेल खेल्न सक्नेका लागि त्यसैले काम दिन्छ। तर हामीले त्यस्तै खेलहरूमा मात्र सिपालु हुन खोज्नु हुँदैन। आफ्नै देशभित्र अगिदेखि चलि-आएका खेलहरूलाई उठाउने कोसिस पनि हामीले गर्नुपर्छ। लट्ठीकासा खेल्ने मैदान अथवा जगालाई खेल सुहाउँदो गरी बनाउन सक्नुपर्छ। त्यसका लागि योग्य मानिसहरू मिलेर विचार गर्नु असल हुन्छ। डन्डीबियो र लट्ठीकासाको लट्ठीलाई पनि नापनक्सा मिलाई बनाउने चासो हामीले लिनुपर्छ। त्यस्ता खेलहरू सधैं गोठाले खेल मात्र बनाई राख्नाले हाम्रो इज्जत बढ्न सक्तैन।

पीङ, सरीकासा (काकाजोरी बिजोरी), छेलो, बाघचाल, भेडीगाँठो, बस-बस रे बसुन्धरा बहिनी, द्योनाँ स्वाँना (नाम राखी खेल्ने खेल) आदि खेलहरूको पनि सुधार हुन सक्छ र नेपाल अधिराज्यभरि चल्ने नियम बन्न सक्छ।

विदेशी खेलका सामान विदेशमा वन्दछन् । त्यस्तै नेपाली खेलहरूका सामान पनि नेपालमै बन्नुपर्छ । ती सामानहरू बनाउनेहरूले काम पाउँछन् र नेपाली खेलका नामहरू पनि संसार-भर चल्ने हुन्छन् । त्यति गर्न सकेपछि खेल्नु पनि पढ्नुजस्तै चाहिंदो काम हो भनेर बुझाइरहनु पर्ने छैन ।

खेलबाट चार थरीका फाइदा हुन्छन् । स्वास्थ्य ठीक राख्ने, अनुशासित जीवन बिताउने, अवसर छोप्न सक्ने र व्यक्तित्वको विकास गर्ने । खाएको वस्तु पचाउन कुनै काम गर्नुपर्दछ । केटाकेटीहरूले काम गर्न जानिसकेका हुँदैनन् । त्यसो हुँदा खेल्नु खाएको पचाउनकै लागि पनि उनीहरूलाई आवश्यक हुन्छ । शरीरले मिहिनेत गर्नुपर्नेले पनि खेल्नुपर्छ । शरीरले परिश्रम गर्नुपर्नेहरूले पनि खेल्ने गरे अरू किसिमको फाइदा भइहाल्छ ।

प्रत्येक खेलका नियमहरू हुन्छन् । ती नियमहरूभित्र बसेर जित्नु नै सच्चा खेल हो । योग्य खेलाडीहरू त्यसै गर्छन् । अनुशासनको पालनाले खेल राम्रो हुन्छ । दर्शकहरूलाई त्यसैले आनन्द दिन्छ र खेल रमाइलो बन्छ । झगडा हुने डर हुँदैन । जित्ने सीप उपलब्ध गर्नेतिर खेलाडीहरूको ध्यान सोहोरिन्छ ।

खेल जित्न अनुशासनभित्र रही छरितो तरीकाले मौका छोप्न सिपालु हुनुपर्छ । खेलमा बराबर त्रुटि र भूल हुने गर्छ । अर्को पक्षको त्यस्तै त्रुटि र भूलहरू भएको बेला आफू होसियार रहनाले खेल जित्न सजिलो हुन्छ । यस्तो अभ्यासले जीवनमा पनि अवसर छोपेर ठीकसित काम गर्ने बानीको विकास हुन्छ ।

खेल सबैको अगाडि खेलिन्छ । संसारको अगाडि प्रतिद्वन्दीलाई हराउने अभ्यास खेलमा हुन्छ । सफल नभएकै खण्डमा पनि ठूलो हानि हुँदैन । यस्तो अभ्यासले चाहिंदो काम गर्न पनि धक मान्ने, सफल हुँदा घमण्डले फुल्ने र हार्दा सारै नराम्रो मान्ने बानी हराउँदै जान्छ । जीवनमा ठीकसित अगाडि बढ्न यसरी व्यक्तित्वको विकास गरिराख्न अत्यन्तै आवश्यक हुन्छ ।

अभ्यास

शब्द र अर्थ

लट्ठीकासा– प्रत्येक खेलाडीले एक-एकओटा लट्ठी लिई डुम भएका खेलाडीको लट्ठी हुत्याएर खेलिने एक खेल

तेलकासा – एक जनालाई डुम बनाई अरू भाग्ने, डुमले लखेट्दै जाने खेल

छेलो – गह्रौं ढुङ्गो सकेसम्म टाढा फ्याँकी खेलिने एक खेल
भेडीगाँठो – एक बाघ र अरू भेडाहरू खेल्ने एक खेल
प्रतिद्वन्दी – विपक्षी

प्रश्नहरू

१. घरभित्र खेलिने र घरबाहिर खेलिने खेलमा के फरक छ ?
२. खेलबाट हुने फाइदाहरू के-के हुन् ।
३. पाठमा भएका बाहेक अरू ५ किसिमका खेलको नाम लेख्नुहोस् ।
४. खेलमा नियम पालन नगर्दा हुने हानि के-कस्ता हुन्छन्, लेख्नुहोस् ।
५. नेपाली खेलहरूलाई अरू देशका मानिसले पनि रुचाउने बनाउन के गर्नुपर्दछ ? दश हरफमा लेख्नुहोस् ।

६. तलका शीर्षक राखेर लगभग १५ पंक्तिमा आपनो विचार लेखेर व्यक्त गर्नुहोस्

(क) अनुशासनको पालनाले खेल राम्रो हुन्छ ।
(ख) घरभित्रका खेल ।
(ग) घरबाहिरका खेल ।

७. यस पाठको पहिलो अनुच्छेदमा भएका वाक्यहरू पढी तिनमा भएका विभक्तिहरू छुट्याउनुहोस् ।

व्याकरण

(क) विभक्ति अभ्यास

तलका वाक्यका खाली ठाउँमा कुन–कुन विभक्ति लगाउनुपर्छ मिल्ने गरी प्रयोग गर्नुहोस् ।
शरीर.....मिहिनेत गर्न नपर्ने.....पनि खेल्नुपर्छ ।
शरीर.....परिश्रम गर्नुपर्नेहरू.....पनि खेल्ने गरी अरू किसिम.... फाइदा भइहाल्छ ।

(ख) करण अकरण क्रिया

जा-नजा, खान्छु-खान्न, बस्तथ्यो-बस्तैनथ्यो । यी क्रियापदहरू जा, खान्छ, बस्तथ्योले क्रियाको सकारात्मक अर्थ बुझाउँछन्, तर नजा, खान्न बस्तैनथ्योले क्रियाको नकारात्मक अर्थ अर्थात् निषेध अर्थ बुझाउँछन् । सकारात्मक अर्थ बुझाउने करण क्रिया हुन् र नकारात्मक अर्थ बुझाउने अकरण क्रिया हुन् । क्रियाको अर्थलाई नकारात्मक बनाउन त्यसमा 'नै' जोडिन्छ । त्यो क्रियाको अगाडि पछाडि र बीचमा पनि आउनसक्छ ।

नमुना अभ्यास

१. तलका क्रियाहरू करण अकरण के हुन् ? छुट्याउनुहोस्

सक्तिन, भन्थ्यो, गरिरहन्छ, नपढ्ला, नगएस्, बसिस्, लेख्दैछ, खाँदैनहोला, गाउन्नथी ।

२. तलका वाक्यमा क्रियाहरू करण भए अकरण र अकरण भए करण बनाउनुहोस्

(क) उनीहरूले खेल खेले ।

(ख) मलाई गुलियो मनपर्छ ।

(ग) आज पानी नपर्ला

(घ) ऊ सजिलैसित कुरा बुझ्दैनथ्यो ।

बखलदुङ्गा

– सिद्धिचरण श्रेष्ठ

जन्म– वि. सं. १९६९ सगरमाथा अञ्चल, बखलदुङ्गा। देहान्त– २०४९ जेष्ठ २२ गते काठमाडौं। पिता– ख. विष्णुलाल श्रेष्ठ, माता– कुमारी श्रेष्ठ। शिक्षा– घरमै स्वयं अध्ययन। प्रकाशित कृति– उर्वशी (खण्ड काव्य), कोपिला (कविता संग्रह) आदि। पत्र-पत्रिकामा प्रशस्त कविताको प्रकाशन। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका मानार्थ सदस्य, वि. सं. २०२७ मा त्रिभुवन पुरस्कार तथा २०४५ मा पृथ्वी प्रज्ञा पुरस्कार विजयी।

प्रस्तुत कविता "बखलदुङ्गा" मा मातृभूमिप्रतिको अगाध प्रेम र सम्झना व्यक्त गर्दै जीवनभरि कहिल्यै बिर्सन नसकिने गरी त्यहाँको चित्र हृदयभरि लेखिएको र यसैको आधारमा आफ्नो हृदयको खेद र खिन्नतालाई पन्छाउन सफल भएको छ भन्ने उहाँको मार्मिक उद्गार यहाँ स्पष्ट गरिएको छ।

तिम्रै सुन्दर हरियालीमा
तिम्रै शीतल वक्षस्थलमा
यो कविको शैशवकाल बित्यो
हाँस्यो, खेल्यो, वन-कुञ्ज घुम्यो
मेरो पियारो बखलदुङ्गा !

१

जब म चढेर भावको डुङ्गा
सैर गर्छु स्मृतिको प्रिय गङ्गा !
स्वप्न गगनबाट सुशीतल जल
सुस्मृतिको बर्सन्छ रिमझिम
मेरो पियारो बखलदुङ्गा !

२

वसन्त आँचल पक्री
मलाई कति खोज्दै हुन् प्रकृति
मृग-बच्चाहरू उफ्री-उफ्री
तरु लतिकाहरू हल्ली-हली
मेरो पियारो बखलदुङ्गा !

३

ती अटूट परिश्रमी पतकर
द्रुतगामी निर्झर तुल्य चपल,
बहँदै बन-बनमा चारैतिर
खोज्दा हुन् मेरो पदका पथ !
मेरो पियारो बखलदुङ्गा !

४

पर्दावाला सुन्दर पल्लवित
वृक्षखोपीमा कालो कोकिल
उनको यो वियोगप्रिय कविको
कति मृदु विरह गीत रच्तो हो !
मेरो पियारो बखलदुङ्गा !

५

त्यो दुङ्गा, त्यो खोला, त्यां रूख
त्यो वन त्यो लतिका, त्यो चिरसुख
यो हृदयकेन्द्रमा स्नेहजडित
चम्काइरहेछ आज क्षण-क्षण
मेरो पियारो बखलदुङ्गा !

६

त्यो तामाकोशी, सुनकोशी
त्यो गिरि फोरी बहने रोशी,
मेरो हृदयको तिम्रो चित्र
पारिरहन्छ हरदम पवित्र,
मेरो पियारो बखलदुङ्गा !

७

भाग्यको लहरमा लहरी-लहरी
पुगें यस मरुस्थलमा कसरी !
तर खेद छैन तिम्रो आकृति
लेखिएको छ यो हृदय भरि
मेरो पियारो बखलदुङ्गा !

८

अभ्यास

शब्द र अर्थ

वक्षःस्थल – छाती
शैशवकाल – बालककाल
आँचल– सारी, ओढ्ने आदिको सप्को (छेउ)
लतिका– लहरा
द्रुतगामी– छिटो हिंड्ने
चपल – चञ्चल
पल्लवित–पालुवा आएको
मृदु – कोमल, कमलो
चिरसुख –पछिसम्म हुने सुख
स्नेहजडित –माया जडेको
सैर – घुमफिर सयल

प्रश्नहरू

१. कविले यस कवितामा आफ्नो बाल्यकालको सम्झना कसरी गरेका छन् ?
२. आफ्नो जन्मस्थलप्रति कविले दर्शाएको भाव आफ्नै शब्दमा व्यक्त गर्नुहोस् ।
३. कविताको आधारमा कविले सम्झना गरेका कुराहरूको एउटा सूची बनाउनुहोस् ।
४. "मरुस्थल" भनेर कविले कुन ठाउँबाट किन भनेको हो ?

५. व्याख्या गर्नुहोस्

(क) जब म चढेर भावको डुङ्गा !
सैर गर्छु स्मृतिको प्रिय गंगा
स्वप्न गगनबाट सुशीतल जल
स्मृतिको बर्सन्छ रिमझिम

(ख) ती अटूट परिश्रमी पतकर
द्रुतगामी निर्झर तुल्य चपल
बहँदै वन-वनमा चारैतिर
खोज्दा हुन् मेरो पदका पथ !

६. यस कवितालाई गद्य शैलीमा परिवर्तन गर्नुहोस्

भाग्यको लहरमा लहरी-लहरी
पुगें यस मरुस्थलमा कसरी ।

तर खेद छैन तिम्रो आकृति
लेखिएको छ यो हृदय भरि

७. वाक्यमा प्रयोग गर्नुहोस्

शैशवकाल, सैर गर्नु, रिमझिम, आँचल, चपल, मृदु, हृदय-केन्द्र, क्षण, हरदम, लहर, मरुस्थल, आकृति ।

व्याकरण

१. तलका करण वाक्यलाई अकरणमा बदल्नुहोस्

छोरो आयो, चराहरू उडे, सानी आइन्, मृग उफ्र्यो ।

२. तल दिएका वाक्यहरूमा कुन-कुन सकर्मक क्रिया हुन् पत्ता लगाउनुहोस्

छोरो रोयो । भाइले मलाई पुस्तक दियो । दिदीले भात पकाइन् । चन्द्रमा आकाशमा उदाए । केटाकेटीहरू चौरमा दौडे ।

३. तलका कविताको क्रियालाई अनुकरण बनाएर लेख्नुहोस्

यो कविको शैशवकाल बित्यो
हाँस्यो खेल्यो वनकुञ्ज घुम्यो ।

४. वचन र पुरुषका आधारमा तलको वाक्यको परिवर्तन गर्नुहोस्

म मेरो पियारो वखलढुङ्गा संझिरहन्छु ।

बालागुरु षडानन्द

संसारमा अनेक मान्छेहरू जन्मन्छन् र मर्छन् तर त्यसरी जन्मेर मर्ने सबै मान्छेको नाम अमर रहन सक्तैन । जसले आफ्नो जीवनकालमा असल काम गरेको छ त्यसको नाम मात्र यस संसारमा अमर रहन्छ, अरूको रहन्न । त्यस्तै आफ्ना असल कामहरूले गर्दा आफू मरेर जाँदा पनि अमर रहिरहन सक्ने नेपालका अनेक महापुरुषहरूमध्ये-आबाल ब्रह्मचारी षडानन्द पनि हुन् ।

उनको जन्म वर्तमान कोसी अञ्चल, भोजपुर जिल्लाको दिङ्गला भन्ने ठाउँमा वि.सं. १८९२ सालको मार्ग शुक्लपञ्चमीका दिन भएको थियो । उनी गर्भे टुहुरा थिए । उनी नजन्मेंदै उनका बाबु लक्ष्मीनारायण अधिकारीको मृत्यु भैसकेको थियो । यसै कारण आमा रुक्मिणी-देवीको कोखबाट जन्मेको नवजात शिशुको साललाई नजीकको वरपीपल छहारीमा गाड्दै उनकी दिदीले भनेकी थिइन् रे 'जसरी लोकलाई छहारी दिएर शीतलता प्रदान गर्ने हुनाले परोपकारी भनेर तिम्रो नाउँ संसारमा प्रसिद्ध छ, त्यस्तै मेरो भाइ पनि बन्न सकोस्' साँच्चै उनले गरेको प्रार्थना पछि गएर साकार भयो । षडानन्द पनि त्यस्तै भए ।

हुने बिरुवाको चिल्लो पात भने झैं आठ वर्षको उमेरमा व्रतबन्ध हुँदा देशान्तरको बारेमा थाहा पाएको प्रभावले षडानन्द पनि टाढा गएर पढ्न चाहने भए । यसै इच्छाले गर्दा उनी एक दिन आफ्नी आमा, चार दाजुहरू र तीन दिदीहरूलाई छोडेर पढ्न हिंडे । त्यतिखेर शिक्षा हिजोआज जस्तो सुलभ थिएन । अतः घरबाट हिंडेर उनी पहिले जनकपुर पुगे । त्यहाँबाट वनारस पुगेर मिहिनेतसाथ अध्ययन गर्न थाले । केही समयसम्म वनारसमा बसेर अध्ययन गरी ज्ञान र अनुभवले पूर्ण भएपछि उनी आफ्नै जन्मभूमि नेपाल फर्के ।

नेपालमा फर्केपछि पनि आजीवन विवाह नगरी ब्रह्मचर्यमा नै बस्ने विचार भयो । यसैको लागि कहिले पशुपतिको जङ्गल र कहिले पचली घाटमा बसी उनी साधनामा तल्लीन रहे । आफू गायत्रीको विशेष भक्त भएका हुँदा चौबीसपल्टसम्म गायत्रीको पुरश्चरण गरे । यसपछि अनेक तीर्थहरू भ्रमण गरी उनी काठमाडौं फर्के । एक दिन ध्यानमा बस्दा उनलाई आफ्नी

*

आमाको अन्तिम अवस्था हुन लागेको बोध भयो र आफ्नो जन्मस्थल दिङ्ला फर्के । उनी पुगेका तेस्रो दिनमा नै उनकी आमा परलोक भइन् । षडानन्द पनि छोराको कर्तव्य अनुसार काजक्रिया गरी बरखी बारेर बसे ।

*

माझ किरांत र पल्लो किरांतजस्ता ठाउँहरूमा शिक्षा र संस्कृतिको विकास राम्रोसँग हुन नसकेको देख्दा बाल-ब्रह्मचारीलाई त्यहीं बसेर केही गर्ने इच्छा लाग्यो । यसै अनुसार दिङ्ला भञ्ज्याङभन्दा केही माथिको कैलाश डाँडामा १९३२ वि.सं. मा नर्मदेश्वर महादेवको मूर्ति स्थापना गरी मन्दिरसमेत बनाएर त्यहीं संस्कृत पाठशालाको स्थापना गरे । यही पाठशाला नै नेपाल अधिराज्यको पहिलो संस्कृत पाठशाला थियो । यस बेलासम्म नेपालमा शिक्षाको राम्रो व्यवस्था थिएन । एक मात्र दरबार स्कूल पनि राणा परिवारका सीमाभित्र थियो । यस अवस्थामा पनि शिक्षालयको स्थापना गराएका र आफूले पनि शिक्षक भएर पढाएकाले उनलाई आवाल ब्रह्मचारीका अतिरिक्त बालागुरु भनेर त्यतातिरका मान्छेहरूले भन्ने गरे । उनको यही नाम पछि गएर प्रसिद्ध पनि भयो । जब विद्यालयको विकास हुन थाल्यो, त्यतिखेर विद्यार्थीहरूको संख्या हेरी आवास सुविधाहरूको थप प्रबन्ध गर्नुपर्ने भयो । पाठशालाका लागि थप गुठीको व्यवस्था गरेर अलि तलको फराकिलो ठाउँमा वि. सं. १९५६ मा उक्त पाठशाला सार्ने काम गरे । त्यहीं सीताराम र षडेश्वर महादेवको स्थापना पनि उसै सालमा गरेका थिए । त्यहाँ विद्यालय, देवालय, पुस्तकालय, बगैंचा, ताल, कुण्ड आदिको व्यवस्था गरियो । अरू वार्षिक चाडपर्वहरू मनाउने, पढाउने, पूजापाठ गर्ने, चतुर्मासमा पुराण लगाउने, छात्रहरूलाई भोजन गराउने, शिवरात्रि, रामनवमी, बडादशैं, बालाचतुर्दशी आदि धार्मिक र सांस्कृतिक पर्वहरू मनाउने कामका लागि गुठीको व्यवस्था गरियो । सबैसँग चन्दा संकलन गरी जम्मा ४५० मुरी जति आयस्ता आउने खेत र अरू अनेक पाखोबारी, वनजंगल भएको जग्गासमेत गुठी राखियो । यसरी गुठीको तर्जुमा भएपछि त्यसलाई दिगो र दरिलो पार्नका लागि उनले दिएका आवश्यक नियम-निर्देशन अंकित भएका शिलापत्र र ताम्रपत्र अद्यावधि छँदैछन् ।

विद्यालयको सबै व्यवस्था गरिसकेपछि त्यसको संरक्षण गराउनका लागि उनी काठमाडौं आएका थिए । तर त्यतिखेरका प्रधान मन्त्रीले पहिले चासो देखाएनन् । पछि उनले षडानन्दमा भएका ज्ञान, योग, सिद्धि र महत्तादेखि प्रभावित भएर उनको कामको संरक्षण गरिदिन वचन दिएका थिए रे । उनको बोलीमा सिद्धि भएकोले जुनसुकै भविष्यवाणी पनि पुग्थ्यो, जसले पैसा मागे पनि गायत्रीको ध्यान गरी रित्तो हात पठाउँदैनथे भन्ने खालका अनेक किंवन्दतीहरू र थौरै खाद्यान्नबाट पनि हजारौं मानिसहरूलाई यथेष्ट भोजन गराउँथे, खराउ लगाएर र रुमाल ओछ्याएर अरुण नदी तर्थे, उनले सबै अष्टसिद्धिहरू प्राप्त गरेका थिए भन्नेजस्ता उनका अनेक अद्भूत चरित्रहरू आजसम्म पनि मुखामुख चल्दै आएका छन् ।

संस्कृत विद्याको प्रसिद्ध प्रचार केन्द्र मानिने दिङ्ला विद्यालयमा वेदको नियमित पढाइ हुन्थ्यो । आज पनि षडानन्दले स्थापना गरेको विद्यालय संस्कृत माध्यमिक विद्यालयको रूपमा चल्दै आएको छ । उनी समाजसुधारक थिए । ब्राह्मणलाई मात्रै नभएर किरांतीहरूलाई पनि उनले पढ्ने प्रेरणा दिएका थिए । यो समयसम्म धारामाथि मात्र तुलसी रोप्ने चलन भएकोले यिनले घर आँगनमै मठ बनाएर रोप्ने चलन पनि चलाए । अनेक ब्राह्मण वटुकहरूको सामूहिक व्रतबन्ध गराउने, विवाहजस्ता सामाजिक कार्य र अनेक चाड-पर्वहरूमा चलेका नराम्रा चलनहरूलाई हटाई नयाँ सुधार कार्यहरू गरे ।

आफ्नो जीवनका केही अंश जनकपुर, काठमाडौं र वनारसजस्ता संस्कृत र शिक्षाका केन्द्रहरूमा बिताएका हुनाले नेपालका माझ किरांत र पल्लो किरांतका जनताहरूलाई पनि शिक्षा र संस्कृतिले उजिल्याउने काम उनले गरे । बालागुरुले शिक्षालयको स्थापना र त्यसको संवर्द्धनका अतिरिक्त देवस्थलहरूको निर्माण र अनेक ताल-कुण्डको निर्माण पनि गराएका थिए । अनेक धार्मिक चाड-पर्वहरूको सामाजिक विश्लेषण गरी त्यस ठाउँमा रामनवमी र बालाचतुर्दशीमा भव्य मेला लगाउने, रथ यात्रा गर्ने चलन पनि चलाएका थिए ।

यसरी धेरै वर्षसम्म समाजको लागि शिक्षा र संस्कृतको आलोक छर्दै अन्तिम अवस्थातिर काठमाडौं पचली घाटमा आई बसेका बेला वि. सं. १९७३ मा ८१ वर्षका वृद्ध दारीवाल बालागुरु षडानन्द परंधाम भएका थिए, तर उनको नाम र कीर्ति नेपालका सम्पूर्ण क्षेत्रमा अझ खास गरी पूर्वी नेपालमा अविस्मरणीय भएर रहेको छ । आबाल ब्रह्मचारी षडानन्द नेपाल आमाको शैक्षिक र सांस्कृतिक क्षेत्रका अमर सन्तान हुनाले उनको नाम रहिरहनेछ ।

अभ्यास

शब्द र अर्थ

आबाल	– बालकैदेखि
पुरश्चरण	– कुनै काम सिद्ध गर्नका लागि शास्त्रले बताए अनुसार गरिएको जप, पाठ–पूजा आदि ।
साकार	– देख्न सकिने रूप भएको ।
गायत्री	– व्रतबन्धमा सुनाइने मन्त्र, सन्ध्या गर्दा त्यही मन्त्र जपिन्छ ।
तर्जुमा	– बन्दोबस्त ।
अद्यावधि	– आजसम्म ।
संवर्द्धन गर्नु	– राम्ररी बढाउनु ।

अष्ट सिद्धि – आठ किसिमका सिद्धि, यी सिद्धि पाएपछि मान्छे ठूलो, सानो, गह्रौं, हलौं आदिजस्तो पनि हुन सक्छ।

आलोक – उज्यालो ।

अविस्मरणीय – बिर्सन नसकिने ।

प्रश्नहरू

१. ब्रह्मचारी षडानन्दको जन्म कहिले र कहाँ भयो ? लेख्नुहोस् ।

२. उनको साल गाड्दा उनकी दिदीले के भनेकी थिइन् ? वाक्यको तात्पर्य स्पष्ट पारेर लेख्नुहोस् ।

३. षडानन्दको विद्याध्ययनको सम्बन्धमा छोटकरीमा जानकारी दिनुहोस् ।

४. उनले कस्ता साधना र तपस्या गरे ? अनि उनका बारेमा कस्ता चमत्कारका कुरा सुनिन्छन् ?

५. उनले के-कस्ता कामहरू गरे ? संक्षेपमा लेख्नुहोस् ।

६. बालागुरु षडानन्द भन्ने पाठको चौथो अनुच्छेद राम्ररी पढी यसलाई एक तिहाइ शब्दमा छोट्टयाएर लेख्नुहोस् ।

७. उनले पाठशाला र मन्दिरको राम्रो प्रबन्ध कसरी गरे ? लेख्नुहोस् ।

८. **तलको उखानको तात्पर्य स्पष्ट गर्नुहोस्**

हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको फुस्रो पात ।

व्याकरण

कर्तृ वाच्य

राम भात खान्छ, हरि सुत्छ कथा लेखियो, मस्त डुलियो यी वाक्य हुन् । यिनमा कुनै वाक्यले कर्तालाई मुख्य बनाएका छन्, कुनैले कर्मलाई र कुनैले क्रियाको भाव वा अर्थलाई पनि मुख्य बनाएका छन् । त्यसकारण कर्तृवाच्य भन्नाले कर्ता मुख्य हुने वाक्य भन्ने बुझ्नुपर्छ । माथिका अघिल्ला दुई वाक्यमा कर्ता मुख्य छ । ती दुवैको वाच्य (मुख्य रूपमा भनिने) पनि कर्ता नै हो । ती दुवै वाक्यको कर्तामा परिवर्तन गर्दा क्रियापदमा पनि परिवर्तन भइहाल्छ । जस्तैः–पहिलो वाक्यमा रामको सट्टा हामी कर्ता राख्ने हो भने क्रियापद खान्छ नभएर "खान्छ", हुन्छ । यस्तै दोस्रो वाक्यमा पनि हरिको सट्टा उनी राख्दा सुत्छको ठाउँमा "सुत्छन्" हुन्छ । तर पछिल्ला दुई वाक्यमा यस्तो हुँदैन । त्यसैले तिनको वाच्य पनि कर्ता होइन ।

अघिल्ला दुई वाक्यमध्ये पहिलो वाक्यको क्रिया सकर्मक छ, दोस्रो वाक्यको क्रिया अकर्मक छ । यसबाट के बुझिन्छ भने क्रियापद सकर्मक अकर्मक जे भए पनि वाक्यमा कर्ता अनुसार क्रिया रहेको छ भने कर्तृवाच्य हुन्छ ।

नमुना अभ्यास

प्रश्नहरू

१. कर्तृवाच्य भनेको के हो ? उदाहरणसमेत दिएर स्पष्ट गर्नुहोस् ?

२. एक शब्दमा उत्तर दिनुहोस्

(क) कर्तृवाच्यका कर्तामा परिवर्तन गर्दा त्यसको असर केमा पर्छ ?

(ख) क्रियापद सकर्मक वा अकर्मक हुँदा कर्तृवाच्यमा कुनै असर पर्छ कि ?

(ग) वाक्यले भनिने मुख्य कुरा कर्ता भए के वाच्य हुन्छ ?

३. सिलसिला मिलाएर पाँचवटा कर्तृवाच्यका वाक्य लेखी मन परेका गुरुको बयान गर्नुहोस् ।

४. तलका वाक्यमा कुन-कुन वाक्य कर्तृवाच्य होइनन् छुट्ट्याउनुहोस्

(क) महेशले पढ्यो ।

(ख) रमिता हेरियो ।

(ग) नीता रोली ।

(घ) गीता खाने छैन ।

(ङ) भोलि त दिनभर सुतिन्छ ।

५. खानु क्रिया राखेर सबै पुरुष र वचनमा कर्तृवाच्यका वाक्यहरू बनाउनुहोस् ।

६. तलका क्रियापदमा कुन-कुन क्रियापद कर्तृवाच्यका हुन् छुट्ट्याउनुहोस्

बसेछ, पढिएला, लेख्ने छन्, उठिन्, बोलायो, चल्छस्, हेरियो, देख्छौं, भनियो ।

७. तलका खाली ठाउँमा कर्तृवाच्यका क्रियापद राख्नुहोस्

(क) रमिता हिजो वीरगन्जबाट.....

(ख) तँ पर्सि विराटनगर.....

(ग) म हिजो भुसुक्कै.....

(घ) ललिता घर .....

(ङ) त्यो केटो बेतोडले.....

एक सय पाँच

बुद्धि पुरयाएन भने मान्छेलाई सुखले पनि बिगार्छ, बुद्धि पुरयायो भने दुःखले पनि सपार्छ। पाँच पाण्डव र द्रौपदी जङ्गलको छाप्रामा बस्थे, भुइँमा सुत्थे, तरुल, भ्याकुर, जंगली फलफूल, नाभो अन्नबाट जीविका चलाउँथे। उनीहरू कौरवसँग जुवा हारेर आफ्नो कबुल अनुसार बाह्र-वर्ष वनबास गर्न आएका थिए। घरबार खेतीपाती धनदौलत केही न भएको हुनाले एकै ठाउँमा बसिरहन कुनै प्रयोजन थिएन। त्यसैले उनीहरू जंगल घुम्थे तीर्थबर्त गर्थे। ऋषिमुनि, साधु-सन्तहरूबाट उनीहरू अर्ती-उपदेश लिन्थे। यसले गर्दा उनीहरूको विद्या, बुद्धि र अनुभव झन्-झन् बढ्यो। उनीहरूमा सहानुभूति गर्नेहरू थपिंदै आए। दुःखले उनीहरूलाई काममा प्रेम गरायो, ज्ञानको आर्जनमा रुचि जगायो।

उता कौरवहरू भने कपटी जुवाले आफ्ना कान्छा बाबुका छोराहरूलाई वनबास गराएर राज्यभोग गर्न थाले। उनीहरू जाली कपटीहरूसँग सरसल्लाह लिन्थे, दुष्टहरूको संगत गर्थे, भोगविलासमा दिन बिताउँथे। यसले गर्दा उनीहरूको बुद्धि र विचार झन्-झन् बिग्रँदै गयो। उनीहरूलाई मात चढ्दै आयो। घमण्ड बढ्दै आयो। उनीहरू अरूलाई धाक देखाउने, हियाउने गर्न थाले।

कौरवहरूलाई पाण्डवहरू बसेको जंगलमा गएर फूर्ति देखाउन मन लाग्यो। दुर्योधन, दुःशासन, कर्ण र शकुनिले एउटा बहाना झिकेर धृतराष्टलाई छकाउने सल्लाह गरे। तिनताक जंगल-जंगलमा राज्यले गोठ राखेको हुन्थ्यो। हिजोआजका विकसित मुलुकहरूमा जस्तै गाई र साँढेहरूको जीवनी लेखेर राख्ने चलन थियो। गोठ-गोठमा आफैंले गएर यी कुराहरू जाँच्ने भनेर धृतराष्ट्रसँग उनीहरूको फौज जंगल जाने अनुमित मागे। आफ्ना रानीहरू केटाकेटी र नानी-हरूसमेत लिएर कौरवहरू राजसी ठाँटबाँटका साथ जंगलमा गए। पाण्डवहरूका छाप्राभन्दा केही पर पाल हालेर उनीहरू बसे। राम्रा लुगा गहनाहरू लाएर, फौजहरूलाई पछि लगाएर उनीहरू पाण्डवहरूले देख्ने गरी जंलगलमा घुम्थे र बिहार गर्थे।

एकदिन पाँच पाण्डव र द्रौपदी आफ्ना दुःखसुखका कुराकानी गरेर छाप्रामा बसिरहेका थिए। त्यही बेला बाहिर "गुहार महाराज गुहार ! शरणमा पर्न आएका छौं। हामीलाई यी गन्धर्वहरूबाट बचाइबक्स्योस् महाराज" भनेर चिच्याएको पाण्डवहरूले सुने। शरण मागेको सुनेर युधिष्ठिरले भाइहरूसँग भने–

"गन्धर्वहरूले कसलाई के गरे? बाहिर को गुहार मागिरहेका छन्।" हामी बुझेर आउँछौं भनी नकुल र सहदेव बाहिर निस्के। एकछिनपछि नकुल र सहदेवले रगतपच्छे भएका दुर्यो-

धनका चार भाइलाई लिएर आए । युधिष्ठिरले सोधेपछि दुर्योधनका भाइहरूले भने–

"दाइ ! गन्धर्वहरू हामीहरूलाई मार्न लखेट्दै आइरहेका छन् । जेठा दाइलाई र माहिला दाइलाई पाता कसेर लडाइराखेका छन् ।" यो सुनेर युधिष्ठिरले हडबडाएर भने–
"किन, के भो ? कर्ण शकुनिहरू कहाँ गए नि त ?"

कौरवहरूले पहिलेदेखिका सबै कुरा भन्न लाग्दा युधिष्ठिरले उनीहरू त्यहाँ आएको थाहा पाइसकेका हुनाले खास कुरा चाँडो भन्न आग्रह गरे । कौरवहरूले भने–

"दाइ दुर्योधन र हामीहरू रानीसमेत लिएर विहार गर्दै थियौं। दाइले जलविहार गर्ने हुकुम बक्स्यो । हामीहरू सबै लुगा फुकालेर जलविहारको निम्ति तयार भयौं । पालो बसेका गन्धर्वहरूले गन्धर्वराज चित्ररथको त्यो निजी पोखरीमा पस्न दिएनन् । दाइहरूले जबर्जस्ती गर्न थालिबक्स्यो। पोखरीमा दाइसमेत हामीहरू पसेका मात्र थियौं गन्धर्वको ठूलो फौज लिएर चित्ररथ आए । हाम्रो र उनीहरूको ठूलो लडाइँ भयो। दुवैतर्फका धेरै मरे । आखिरमा हाम्रो फौज छिन्नभिन्न भएर भाग्यो, कर्ण र शकुनि पनि कुलेलाम ठोके, अनि गन्धर्वले दुवै दाइलाई पक्री पाता कसेर लडाइराखेका छन्, हामीहरू शरण माग्न आएका छौं । दाइ कृपा गरेर हामीलाई बचाइबक्स्योस् ।

यो कुरा सुनेर भीमसेन निकै खुसी भए। द्रौपदी दङ्ग परिन्, अर्जुनले प्रसन्न मुख लगाए तर युधिष्ठिर साह्रै नै खिन्न भए । उनले आफ्ना भाइहरूलाई गन्धर्व सैन्यलाई जितेर दुर्योधन र दुःशासनलाई छुटाएर ल्याउन आज्ञा दिए । दाजुको आज्ञा सुनेर भीमसेन, द्रौपदी मुख हेर्न थाले । अर्जुनहरू भुइँमा हेरेर बसिरहे । भाइहरूले आफ्नो आशय नबुझेको जस्तो ठानेर युधिष्ठिरले भीमसेनलाई सम्बोधन गरेर भने– "भाइ भीमसेन तिमी बुज्रुक छौ । भाइहरूलाई लिएर जाऊ । गन्धर्वहरूबाटै दुर्योधन र दुःशासनलाई छुटाएर ल्याऊ ।"

यो सुनेर भीमसेनले बिन्ती गरे– "दाइ आज्ञा शिरोपर छ। तर यिनै कौरवले हाम्रो यो गति गराएका हुन् । पछि आफ्नो राज्य फिर्ता लिन यनीहरूसँग लड्नै पो पर्छ कि, सम्झाएको सम्म हुँ, दाइको जो तजबीज ।"

द्रौपदीले भीमसेनका कुरामा जोड दिंदै भनिन्– "महाराज हजुरको आज्ञा सबै भाइहरू मानिबक्सिन्छ, आगोमा होमिन पानीमा हामफाल्न पनि तयार होइबक्सन्छ तर माहिला हजुरले आज्ञा भएको कुरामा पनि ध्यान त दिइबक्सन पर्ने हो कि ?"

युधिष्ठरले द्रौपदीको कुरामा र भीमसेनका कुरामा सही थापेर भने "द्रौपदी तिमी ज्यादै बुद्धिमती छयौ। हामीहरूको यत्रो मेल हुनामा तिम्रो विद्या र बुद्धि पनि कारण हुन् । भाइ भीमले भनेको ठीक हो । हामीले कौरवसँग लड्न पर्ला भन्ने मैले पनि ठानेको छु ।"

भीमसेनले बिन्ती गरे– "अहिले तिनलाई गन्धर्वले नै जितिदिए । कुचोले बढार्नुपर्ने कसिंगर हावाले उडाइदियो । हाम्रो निम्ति बेस भएन त महाराज ?"

युधिष्ठिर निकै गम्भीर बनेर भने – "बेस भएन मात्र हैन, चौपट्टै नबेस भयो। भीमसेन, हाम्रालाई हामीले जित्नु अर्कै कुरा हो, अर्कोले जित्नु बेग्लै कुरा हो । हो, हाम्रो र कौरवको दुश्मनी छ । अझ दुश्मनी हामीले गरेका छैनौं, उनीहरूले नै गरिरहेका छन् । यसलाई साधन बनाएर कुनै बाहिरको पराइले आएर कौरवलाई परास्त गरयो भने हामीलाई पनि परास्त गरयो । बन्धुबान्धबको परस्परमा झगडा हुन्छ। पराइसँगको कुरा परयो भने आफन्त-सँगको झगडालाई झगडाको रूपमा राख्न हुन्न पराइले गरेको आफन्तको बेइज्जती आफ्नो बेइज्जती हो, कुलको बेइज्जती हो, देशको बेइज्जती हो। मेरा भाइ दुर्योधनहरूलाई गन्धर्वले पाता कसेको म सुन्न सक्दिन । अरूसँगको झगडामा कौरव पाण्डवले एकै हुनुपर्छ । सयमा र पाँचमा बाँडिन हुन्न, एकसय पाँच बन्नुपर्छ ।

भाइ हो उठ, शरणमा परेकाको रक्षाको निमित्त र आफ्नो कुलको इज्जतको निमित्त प्राणको बाजी थापेर लड । जाओ कुलको शत्रुलाई जित, आफ्नो मर्यादालाई बचाओ ।"

दाइका कुरा सुनेर चारैभाइ हातहतियार भिरेर सिंहनाद गर्दै दौडे। गन्धर्वसँग घमासान लडाइँ भयो। पाण्डवहरूले जिते। दुर्योधन र दुःशासन युधिष्ठिकहाँ ल्याइए। बैगुनी कौरवहरू गुनले ज्युँदै मरेजस्ता भए। युधिष्ठिरले डोरी काटेर भाइ दुर्योधनलाई ज्यादै स्नेहपूर्वक उनका घाउहरूमा जडीबुटीको औषधि आफ्नै हातले लगाइदिए। उनीहरूलाई सम्झाईबुझाई राजकाज चलाउन अर्ती, उपदेश दिएर घरतिर पठाइदिए ।

अभ्यास

शब्द र अर्थ

नाभो अन्न	– नरोपी, नछरीकन आफैं उम्रेर फुलेको अन्न
माद	– घमण्ड, लागू, मद
राजसी ठाँट	– राजाहरूले गर्ने ढाँचा, रवाफ
क्रुद्ध	– रिसाएका
परास्त	– हारेको
सिंहनाद	– सिंहकोजस्तो गर्जन

प्रश्नहरू

१. बनबासमा पाण्डवहरू दिन कसरी बिताउँथे ? छोटकरीमा वर्णन गर्नुहोस् ।

२. दुष्ट र जाली सल्लाहकार भए के-के हुन्छ ? उदाहरण दिएर स्पष्ट गर्नुहोस् ।

३. कौरव कुन बहानाले जङ्गल गएका थिए र उनीहरूको भित्री आशय के थियो ? लेख्नुहोस् ।

४. कौरवपक्ष के-कस्तो विपद परेर पाण्डवको शरणमा गएको थियो ? स्पष्ट गर्नुहोस् ।

५. कौरवपक्षमाथि विपत्ति परेको सुनेर पाण्डवपक्षमा कसकसलाई कस्तो-कस्तो लाग्यो र किन ? खोलेर लेख्नुहोस् ।

६. भीमसेनको विचारसित युधिष्ठिर किन सहमत भएनन् ? कारण दिई लेख्नुहोस् ।

७. युधिष्ठिरले भीमसेनसँग प्रकट गरेका सम्पूर्ण विचारलाई छोटकरीमा आफ्ना शब्दमा लेख्नुहोस् । यो पढ़ के शिक्षा पायो /.

८. तात्पर्य खुलाउनुहोस्

(क) कुचाले बढार्नुपर्ने कसिंगर हावाले उडाइदियो ।

(ख) हाम्रालाई हामीले जित्नु अर्कै कुरा हो, अर्काले जित्नु बेग्लै कुरा हो ।

(ग) पराइले गरेको आफन्तको बेइज्जती आफ्नो बेइज्जती हो कुलको बेइज्जती हो र देशको बेइज्जती ।

व्याकरण

(क) धातु

पढ्छ, बस्छ, लेख्छ यी क्रियापद हुन् । यिनलाई क्रियापद बनाउने तत्त्व 'छ' हो । 'छ' लाई छुट्टयाएर झिक्ता पढ्, बस्, लेख् बाँकी रहन्छन् । धातु भनेका यिनै हुन् । धातु मूल शब्द नै हुन्, क्रियापद बनाउने प्रत्यय लागेपछि मात्र यी क्रियापद बन्दछन् । कुनै शब्द धातु हो, होइन भन्ने जान्न त्यस शब्दमा 'नु' लगाउँदा, [redacted] बन्छ, बन्दैन हेर्नुपर्छ । [redacted] बन्ने भए त्यो मूल शब्द धातु हो । जस्तैः– हामीलाई हिंड् र घर धातु हुन्, होइनन् भन्ने छुट्टयाउनु छ । यिनमा 'नु' जोड्डा–हिंड्+नु=हिंड्नु (~~नाम~~), घर+नु=घरनु (यस्तो शब्द हुँदैन) त्यसैले हिंड् धातु हो, घर धातु होइन ।

नमुना अभ्यास

१. धातु भन्नाले तपाईं के बुझ्नुहुन्छ ? लेख्नुहोस् ।

२. तलका क्रियापद कुन-कुन धातुबाट बनेका हुन् ? लेख्नुहोस्

खान्छ, जानेछ, आउँला, भन्यो ।

३. तलका धातुबाट क्रियापद बनाउनुहोस्

बोल्, भाग्, कुद्, केर्, गोद्,

(ख) पर्यायवाची शब्द

भूमि, पृथ्वी, पृथिवी, धरणी, धर्ती, यी सबै शब्दले एउटै अर्थ पृथ्वीलाई बुझाउँछन् । यसैले यी पर्यायवाची शब्द हुन् ।

तलका शब्दको दुई-दुईवटा पर्यायवाची शब्द लेख्नुहोस्

धन, धर्ती, आमा, पिता, बल, भ्रमण, चौपट्टै, हात, मर्नु

मानिस

मानिसको शरीर

मानिस सर्वश्रेष्ठ प्राणी हो । उसको र अरू पशु, पंछी, माछा आदिको शरीर दाँजेर हेर्नेबित्तिकै यो थाहा हुन्छ, मानिसजस्तो दुई खुट्टाको भरमा उभिन, हिंड्न र भारी ओसार्न सक्ने प्राणी अरू छैन । कुल्लीहरू एकैपल्टमा पाँच गुन्टाहरू एक ठाउँबाट अर्को ठाउँमा ओसार्छन्, मुखले कुरा गर्दै पनि जान्छन् । यो बाहिरबाटै देखिने शरीरसम्बन्धी कुरा भयो । शरीर-भित्रका पुर्जाहरूको बनावटमा पनि मानिसको दाँजो लाग्ने प्राणी अरू छैनन् । हात्तीको जीउ ठूलो छ, बाघ बलियो छ, चरा उड्न सक्छ, माछा पौडन सक्छ । यस्तो गुण मानिससित छैन तैपनि मानिसको शरीर बनाउँदा प्रकृतिले भनूँ वा ईश्वरले उसलाई जुन गुण दिएको छ, त्यो एउटा हात्ती, बाघ, चरा, माछा सबैलाई जित्न सक्ने बनाइदिएको छ । त्यो गुणको नाम हो, मानिसको स्वभाव र मानिसको बुद्धि ।

मानिसको स्वभाव

मानिस सामाजिक प्राणी हो । ऊ अरूहरूसित मिलेर बस्न रुचाउँछ । ऊ सधैं उन्नति गर्न चाहन्छ । सधै एकनासको जीवन उसलाई मन पर्दैन । खान, लाउन, बस्न आदिमा बराबर अदलबदल भइरहोस् भन्छ । आफ्नो यही स्वभावले गर्दा उसले हजारौं वर्ष अघिदेखि बिस्तारै-बिस्तारै उन्नत्ति गर्दै आइरहेको छ । आगो पार्न र खेती गर्न नजानेको बेलादेखि नै सकेसम्म बढी सुविस्ता खोज्ने र जे जति छ, त्यत्तिकैमा सन्तोष नमानेर बस्ने स्वभाव मानिसमा थियो । त्यही हुनाले आगोको गुण थाहा पाउने बित्तिकै आफूलाई चाहिएको बेला आगो पार्ने सीप उसले सिक्यो, आफ्नो सन्तानलाई सिकायो, हेरेर जान्यो । गुफामा बस्न छोडेर घर बनाउने परिश्रम गरयो । रूखको पात, लहरा र जनावरहरूको छाला बेर्नुभन्दा कपडा बुन्नु र लाउनु बेस भनी रोज्यो । काँचो मासुभन्दा पोलेको मासु बढी रुचाउन थाल्यो । हतियारको गुण बढाउनतिर लाग्यो । ढुंगाको हतियार छोडेर धातुको हतियार बनायो । यसरी आजसम्ममा जति उन्नति मानिसले गर्न सकेको छ, यसमा उसको स्वभावले नै मद्दत दिंदै आएको हो भन्दा फरक पर्दैन ।

मानिसको बुद्धि

मानिसको बुद्धि विचित्रको छ । केही भएको देख्यो कि ऊ विचार गर्न थालिहाल्छ यसो किन भयो ? यस्तो किन भएन ? यस्तो गरे के होला ? यस्तै विचार गर्नमा मानिसको बुद्धि रमाएको हुन्छ । मानिस हिंड्छ, चरा उड्छ, मानिस आफू दिनभर हिंडेर पुगेको ठाउँमा चरा एकै छिनमा उडेर पुगेको देखिन्छ । उसको विचार गर्ने बानी र काम गरी हेर्ने आँट बढ्दा हवाईजहाज, जेट, रकेट बने । चराभन्दा छिटो उड्न र टाढा पुग्न सक्ने भयो ।

मानिस माछाले पानीमा छरितोसित पौडेको देख्छ, आफू त्यसरी पौडन सक्दैन । काठ पानीमा उत्रन्छ, ढुङ्गा डुब्छ । मानिसको बुद्धि प्रश्नमाथि प्रश्न गर्न थाल्छ ।

किन उत्र्यो ? किन डुब्यो ? किन डुबेन ? बाटा, खँडकुलो पानीमा किन उत्रन्छ ? त्यसैलाई ठोकेर पाता अथवा भित्र खँदिलो डल्लो बनाए किन डुब्छ ? यस्ता अनेक सवालहरूको जवाफ खोज्दा-खोज्दै नाना थरीका विचार मानिसको मनभित्र खेल्न लाग्दछ, अनेक थरीका परीक्षा उसले गर्दछ र आखिरमा डुंगा, जहाज बनाउन ऊ सफल हुन्छ । यस्तै प्रकारको आजको मानिस पृथ्वीमा बसेर चन्द्रमामा यन्त्र (मेशीन) चलाउन सक्नेसम्म भएको छ । यी सबको कारण उसको तीखो बुद्धि हो, नयाँभन्दा नयाँ कुरा जान्न खोज्ने उसको स्वभाव हो । सधैं उन्नति गर्दै जाने उसको इच्छा हो । असन्तोष हो ।

मानिसको शत्रु

कुनै खोलाको वर्खेभेल तर्न नसकेर वाल्ल पर्दै किनारामा उभिरहने मानिस चन्द्रमामा टेक्ने भयो, तथापि उसलाई पूरा सुख भएको छैन । उसको सुखको खोजीमा अनेक बिघ्न बाधा-हरू उभिएकै छन् । ती शत्रुहरू हुन्, रोग, भूकम्प, आँधी, भेल, अनिकाल आदि । यी सबैभन्दा अझ डरलाग्दो उसको शत्रु छ, मानिस र उसले गरेको आविष्कार । मानिस मानिसको शत्रु बनिदिनाले जति नोक्सान मानिसलाई भएको छ, जति दुःख र चिन्ता उसको मनमा छ अरू कुनैबाट भएको छैन । अनेक रोगलाई संसारबाट बिदा गर्ने उपाय उसले जानिसकेको छ । तर आफूभित्रैको शत्रुलाई जित्न सकेको छैन, त्यो हो असन्तोष र घमण्ड । जुन असन्तोषले यतिका उन्नति उसले गर्न सकेको थियो र त्यही असन्तोष लोभमा परिणत हुँदा अर्काको सम्पत्तिलाई पनि आफ्नो बनाउन कोसिस गर्नतिर ऊ लागेको छ । मै ठूलो भन्ने घमण्डले सधैं नयाँ-नयाँ र डरलाग्दा हतियार सृष्टि गर्नतिर मानिस लागेको छ । यो राम्रो लक्षण होइन ।

उपसंहार

जब प्रत्येक मान्छे सँगै बाँचौं, सँगै बढौं भन्ने भावनाले शान्तिपूर्वक विकासतिर लम्कन थाल्नेछ, तब मात्र वास्तविक अर्थमा सुखी बन्नेछ ।

अभ्यास

प्रश्नहरू

१. मानिस अरू प्राणीभन्दा किन ठूलो मानिन्छ ? कारणहरू दिनुहोस् ।

२. मानिस र अन्य प्राणीको स्वभावमा के भिन्नता छ ? स्पष्ट गर्नुहोस् ।

३. असन्तोषको स्वभावले मानिसलाई कति फाइदा र कति बेफाइदा पुऱ्याएको छ, तुलना गर्नुहोस् ।

४. मानिसको बुद्धि विचित्रको छ भन्ने कुरामा आधार के-के हुन् ? लेख्नुहोस् ।

५. मानिस कसरी सुखी हुन सक्छ ? कल्पना गरी लेख्नुहोस् ।

६. यस पाठको अन्तिमभन्दा माथिल्लो अनुच्छेदलाई एक तृतीयांश शब्दमा छोट्याएर लेख्नुहोस् ।

७. तलका विषयमा दिएको बुँदाका आधारमा निबन्ध लेख्नुहोस्

नेपाली पोशाक:– परिचय, किसिम, राष्ट्रिय पोशाक, राष्ट्रियता, उपसंहार ।

व्याकरण

लिंग

बा, दाजु, भाइ, गोरु, बोका, मामा यी शब्दहरूले भाले जातिलाई बुझाउँछन् । आमा, भाउज्यू, बहिनी, गाई, माइज्यू यी शब्दले पोथी जातिलाई बुझाउँछन् । भाले जातिलाई बुझाउनेलाई पुलिङ्ग भन्दछन् । पोथी जातिलाई बुझाउनेलाई स्त्रीलिङ्ग भन्दछन् । भाले जातिलाई पोथी जातिमा लैजाँदा सिङ्गै पद बदलेर पनि लैजान सकिन्छ ।

१. तल "अ" र "आ" मा दिएका शब्दहरूलाई सुहाउँदो गरी जोडा मिलाउनुहोस्

"अ"	'आ"
१. छोरी	(क) कुमार
२. फुपु	(ख) भिनाजु
३. बुहारी	(ग) फुपाजु
४ रानी	(घ) जुवाईं
५. कन्या	(ङ) राजा
	(च) छोरो

२– तलका शब्दहरूलाई स्त्रीलिङ्ग भए पुलिङ्ग र पुलिङ्ग भए स्त्रीलिङ्गमा लैजानुहोस्

भैंसी, लोग्ने, मत्ता, जोइ, भाले, बोको, सासू, मुडुली ।

३. प्रश्न नं. १ का शब्दमा कुन-कुन शब्द स्त्रीलिङ्गी शब्द हुन् ? लेख्नुहोस् ।

छात्रावासको जीवन

माध्यमिक विद्यालय
छात्रावास, पोखरा
२०३४।६।१६

प्रिय साथी भुवन,
सप्रेम सम्झना

धेरै दिनपछि तिम्रो चिठी पाउँदा बडो खुसी लाग्यो । फुर्सद नपाएर चिठी लेख्न नसकेको भन्ने तिम्रो कुराचाहिं मलाई ठीक लागेन । हुन त हिजोआजको पढाइ र परीक्षाको कारणले बेफुर्सद हुनु त स्वाभाविकै हो तर घरदेखि टाढा रहेको आफ्नो घनिष्ट साथीलाई दुई चार शब्द लेखूँ भनेमा फुर्सद निकाल्न नसकिने भने होइन । जे होस्, तिम्रो चिठीले मलाई फेरि एकपल्ट त्यहीं पुऱ्याएको छ । आफू गाउँबाट टाढा भए पनि त्यहाँको प्रगतिसम्बन्धी कुरा सुन्न पाउँदा मनमा आनन्द लाग्छ । आउँदो सालदेखि आठ कक्षाको पढाइ पनि शुरु हुने कुराले ज्यादै खुसी लाग्यो । स्थानीय आवश्यकता हेरी हाम्रो विद्यालय माध्यामिक विद्यालय हुनु स्वाभाविक हो । अझ व्यावसायिक विषयमा कृषि-शिक्षा र शिक्षा भएमा ठाउँ अनुसारको बढी सुहाउँदो हुने थियो ।

जे होस्, माध्यमिक शिक्षाको निमित्त तिमीहरूले घर छोड्नु नपर्ने भयो । आफूले त सातौं कक्षा उत्तीर्ण गरेपछि त्यहाँबाट बिदा लिन परिहाल्यो, तैपनि साधनसम्पन्न र स्तरीय मानिएको छात्रावाससहितको विद्यालयमा पढ्न पाएकोमा सन्तोष लागेको छ । विद्यालयमा पनि पहिलेका कठिनाइहरू अब छैनन् । म त्यहाँको वातावरणमा हेलमेल हुँदै गएको छु । मिल्दा साथीहरू पनि पर्याप्त बनाइसके । कक्षाको अतिरिक्त क्रियाकलापमा पहिले-पहिले जस्तो धक लाग्न पनि छोड्यो ।

प्रिय भुवन ! मैले तिमीहरूलाई विद्यालयको र आफ्नो पढाइको सम्बन्धमा पहिले पनि दुई चार कुरा लेखेको थिएँ । अझ पनि हिसाब र अंग्रेजीमा चार पाँच जना साथीहरूभन्दा पछि छु । त्यहाँ सधैं पहिला भएर के गर्नु ? यहाँ जतिसुकै मरिमेट्दा पनि दोस्रो त्रैमासिक-सम्म आठौंको आठौं । पहिला, दोस्रो बन्न भित्रैदेखि जोश बढेर आउँछ । प्रयास गर्दछु । हेरौं वार्षिक परीक्षामा के होइन्छ ।

यहाँ छात्रावासमा बिहानबेलुकी पनि पढाइलेखाइमा ध्यान दिइने हुँदा मलाई धेरै सजिलो भएको छ। शिक्षक बाहेक जान्ने साथीहरूसँग छलफल गर्दा पनि धेरै फाइदा हुँदो रहेछ। पढाइमा निकै चाख भएर पनि मेरा केही साथीहरू अति मिलनसार छन् ।

प्रत्येक शुक्रबारको दिउँसो २ बजेदेखि शनिवार बेलुकीसम्म हामीलाई पढाइमा फुर्सद हुन्छ। तर हामी शुक्रबार दिउँसो हाजिरी (जवाफ प्रतियोगिता, बादविबाद र अन्ताक्षरी प्रतियोगिता जस्ता बुद्धि बढ्ने खालका कार्यक्रम गर्दछौं)। बेलुकी सांस्कृतिक कार्यक्रम हुन्छ। मेचीदेखि महाकालीसम्म विभिन्न ठाउँका विद्यार्थीहरू यहाँ हुनाले किसिम–किसिमका कार्यक्रम हेर्न पाइन्छ। शहरका साथीहरूले प्रस्तुत गरेका आधुनिक गीत, नाच र हास्य आकर्षक हुन्छन्। शुरु-शुरुमा भने हामीलाई अलि संकोच लागेको थियो तर जेपर्ला भनेर विसु, चन्द्र र मैले गीत घन्काएर नाचेको त सधैंजसो दोस्रा हुने हाम्रो लेखनाथ सदन हिजो पहिला भयो। अब अर्को पल्ट चन्द्रले खँजडी र मुजुरा बजाएर गाउँमा गाइने भजन पेश गर्ने भनेको छ; हेरौं कस्तो होला ?

प्रत्येक शुक्रबारको बेलुकी यस्तै रमाइलो गरी बित्छ। खुसीको कुरा के छ भने हामीले गर्ने प्रत्येक कार्यमा हाम्रा शिक्षकहरूको सल्लाह, सहयोग र प्रेरणा रहन्छ। स्वयं प्रधानाध्यापक उपस्थित भएर हाम्रो उत्साह बढाउनुहुन्छ ।

बेला-बेलामा हामीलाई शैक्षिक भ्रमणको निम्ति विद्यालयबाट बाहिर लगिन्छ। हामीले महेन्द्र गुफा, अर्धौं अर्चले, वेगनास ताल, रूपाताल र दमौली हेरिसकेकाछौं। यसपटक पाल्पा तानसेन जाने कुरा छ ।

हाम्रो छात्रावासमा ठीक समयमा खानु, ठीक समयमा पढ्नु, ठीक समयमा खेल्नु र ठीक समयमा सुत्नु हरेक कुरा ठीक समयमा हुन्छ। यसले बुद्धि र स्वास्थ्य दुवै बढ्ने रहेछ ।

हरेक विद्यार्थीहरूले हाम्रो पाठशालामा प्रत्येक हप्ता पुस्तकालयमा कमसेकम एक पुस्तक लिएर पढेकै हुनुपर्छ ।

चिठी लामो हुन लागेजस्तो छ। त्यसैले बेसी नलेखूँ। त्यहाँ गोपी, बद्री, श्याम, कालु-सबैलाई संझना सुनाई दिनेछौं, मलाई पनि यहाँ आराम छ। तिमीलाई पनि आराम होला। त्यहाँका सबै कुरा अब आउने तिम्रो पत्रमा पढ्न पाउने आशा राख्दछु। वार्षिक बिदामा पक्कै आइन्छ होला। अनि बसौंला, गफ गरौंला।

लौ त अहिले यत्ति ।

तिम्रो साथी
तेजबहादुर भण्डारी

चिट्ठी भेजने के दो तरीकों को बताओ ।

अभ्यास

१. तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस्

(क) भुवनको चिठी पाएर तेजबहादुरलाई के-के कुराको संझना भयो ?

(ख) तेजबहादुरको चिठीबाट छात्रावासमा उसको पढाइसम्बन्धी स्थिति कस्तो देखिन्छ ?

(ग) तेजबहादुरको विद्यालयमा बुद्धि बढाउनका निम्ति गरिने अतिरिक्त कार्यक्रम के-के हुन् ?

२. तात्पर्य खुलाउनुहोस्

(क) हाजिरी जवाफ, वादविवाद, आदि बौद्धिक विकास हुने खालका कार्यक्रम हुन् ।

(ख) अनुशासित जीवनमा रहँदा स्वास्थ्य र सोचाइमा समेत विकास हुन्छ ।

३. तलका शब्दहरूलाई चिठीमा प्रयोग गरिने वाक्यमा प्रयोग गर्नुहोस्

आदरणीय, शुभाशीर्वाद, नमस्कार, सुमधुर सम्झना, हितैषी, शुभेच्छुक, कुशल, मंगल, साष्टांगदण्डवत्, प्रणाम, शुभकामना, प्रिय, चरणकमलमा, आज्ञाकारी, चिरञ्जीवी, सप्रेमी, नमस्ते ।

४. छात्रावासको जीवन "चीठी" को जवाफ लेख्नुहोस् ।

५. आफ्नो विद्यालयमा गरिएको कुनै अतिरिक्त क्रियाकलापको वर्णन गरेर सुर्खेतमा पढ्ने साथीलाई चिठी लेख्नुहोस् ।

व्याकरण

निम्न अनुसारका शब्दका अन्त्यमा आउने 'ई' दीर्घ हुन्छन्

१. नाम वा विशेषणबाट 'ई' प्रत्यय लागेर बनेको भाववाचक नाम-अमोरी, गरीबी, नोकरी, चोरी, चाकरी ।

२. विशेषण:– धनी, गुणी, इमानी, बैंगुनी, नेपाली, पाल्पाली, जुंली, सानू, बुद्धू, लम्फू

३. पेशा, जात, थरलाई बुझाउने शब्द – ज्यापू, साहू, गुभाजू, ठकुरी, सिपाही, दमाई, धोबी, उप्रेती, कार्की, गिरी

४. आदर बुझाउने जी, ज्यू, लागेका शब्द – गुरुज्यू, पिताजी,

५. सानालाई बुझाउने शब्द – खुर्पी, कोदाली, लोहोटी, घ्याम्पी

६. स्त्रीजातिलाई बुझाउने शब्द – बहिनी, दिदी, छोरी, नातिनी, आमाजू, भाउजू, फुपू, सासू

७. सर्वनाम– यी, ती, तिनी, यिनी, हामी, तिमी, तपाईं, ऊ, आफू

८. सर्वनामबाट बनेका "ही" अन्त्यमा हुने शब्द – केही, त्यही, उही, यही

शब्दको अन्त्यमा उ छ भने ऊ दिर्घ हुने शब्द बनाऊ। २ थोप्रश्न आउन सक्छ।

९. "री" अन्त्यमा आउने शब्द–यसरी, राम्ररी, उसरी, जसरी,

१०. नपुंसक लिङ्ग "ई" कारान्त सबै र केही "ऊ" कारान्त शब्द–फर्सी, उन्यू, च्यू, दही, पम्यू,

११. इच्छा, आशा, विधि आदि अर्थ बुझाउने क्रियापद– जानू, पढूँ, जाऊँ, दिऊँ

१२. स्त्रीलिङ्ग, क्रियापद– गरी, जाली, भनी, बसी, पढी

१३. गरेर, भनेर जस्ता अर्थ बुझाउने कृदन्त शब्द– गरी, भनी, पढी

१४. षष्ठीको की, री, नी प्रत्यय लागेका शब्द– रामकी, तेरी, मेरी, आफ्नी

नमुना अभ्यास

१. कस्ता ठाउँमा अन्त्यको "ई" दीर्घ हुन्छ, लेख्नुहोस् ।

२. कस्ता ठाउँमा अन्त्यको "ऊ" कार दीर्घ हुन्छ, लेख्नुहोस् ।

३. तलका वाक्यमा अशुद्धि शुद्ध गर्नुहोस्

(क) रमा तिमी घर जाउँ ।

(ख) शिवकी बहिनी आउलि ।

(ग) मेरि आमा आउनू हुन्छ ।

(घ) गुरुज्यूले तिनीहरूलाई बुद्धु भनि हकार्नु भयो ।

(ङ) कार्कि, खत्रि, कामि, सार्कि, धर्ती, सबै ठूला हुन् ।

(च) मेरि फुपुका छोरा–छोरी आए ।

(छ) कसैको चाकिरी गरिनु नोकरी गर्नु होइन ।

(ज) ज्यापु कोदाली बोकेर खेततिर जान्छ ।

गाउँले जीवनभन्दा शहरिया जीवन बेस

(विद्यालयको कक्षाकोठामा वादविवाद प्रतियोगिताको आयोजना गरिएको छ । प्रधाना-ध्यापक श्री राजहंस अधिकारी सभापतिको आसनमा बसेका छन् । तीन जना शिक्षकहरू निर्णायक बनेर सभापतिका दायाँबायाँ बसेका छन् । उद्घोषक श्री रमेश खनाल प्रतियोगितामा भाग लिने विद्यार्थीको नाम लिन्छन् । वक्ताहरू क्रमशः आएर निश्चित ठाउँमा पङ्क्तिबद्ध भएर बस्छन् ।)

उद्घोषक

श्रीमान् सभापतिज्यू, निर्णायकवर्ग, गुरु, गुरुआमाहरू र साथीहरू !

प्रत्येक शुक्रबार गरिने अतिरिक्त क्रियाकलाप अन्तर्गत आज वादविवाद प्रतियोगिता गरिंदैछ । प्रतियोगिताको विषयः– "गाउँले जीवनभन्दा शहरिया जीवन बेस" भन्ने हो । यो त यहाँहरूलाई थाहै छ । अब म सभापतिज्यूको आज्ञा अनुसार प्रतियोगिता सम्बन्धी केही नियमहरू बताउँछु ।

१. कागत हेरेर बोल्न पाइने छैन ।
२. खण्डन गर्दा कसैको नाम तोक्न वा कसैलाई व्यक्तिगत आक्षेप गर्न पाइने छैन ।
३. प्रत्येक वक्ताको निम्ति ५ मिनेट समय राखिएको छ, ४ मिनेटमा जनाउ घण्टी बज्ने छ र त्यसको १ मिनेटपछि उपसंहारको अर्को घण्टी बज्दा वक्ताले वक्तव्य रोकिहाल्नुपर्नेछ ।

लौ त, अब प्रतियोगिता शुरु गरौं । सर्वप्रथम विषयको पक्षमा श्री रामप्रसाद राई बोल्नहुन्छ ।

श्री रामप्रसाद राई

आदरणीय सभापतिज्यू, निर्णायकमण्डल, गुरु, गुरुआमाहरू र प्यारा साथीहरू ! गाउँले जीवनभन्दा शहरिया जीवन आनन्ददायक छ । शहरिया जीवन सभ्यताको चिह्न हो । गाउँबाट मानिसहरू विकसित हुँदै शहरतिर आउँछन् । शहरमा हरेक किसिमका सुविधाहरू पाइन्छन् । बाटोघाटो, विद्यालय, महाविद्यालय, विश्वविद्यालय शहरमा नै हुन्छन् । रोग लागे अस्पताल, किनमेलका लागि ठूलो बजार, देशदेशावरको खबर, आरामदायक भवनहरू, आवतजावतका लागि बस, कार, सन्साइन आदिले शहरिया जीवनलाई निःसन्देह आरामदायक बनाएको छ ।

गाउँमा न बाटाघाटाको सुविधा छ, न खानपिनको, न औषधिमूलोको, न त राम्रो शिक्षा-दीक्षाको नै । छ त खालि फोहोर, असभ्यता, अज्ञान र अन्धविश्वास मात्र । अर्को शब्दमा भन्ने हो भने भोक, रोग र शोकले ग्रस्त जीवन हो गाउँले जीवन । त्यस्तो जीवनलाई शहरिया जीवनको तुलनामा आनन्ददायक ठान्नेहरूप्रति दया लाग्छ । आज कुनै पनि शिक्षित र सभ्य व्यक्ति गाउँमा बस्न चाहँदैन । गाउँले भनिन लाज मान्छ । (घण्टी लाग्छ)

यसबाट स्वतः स्पष्ट छ– गाउँले जीवनभन्दा शहरिया जीवन आनन्ददायक छ ।

जय नेपाल !

उद्घोषक

अब विषयको विपक्षमा सुश्री पार्वती अग्रवाल बोल्नुहुन्छ ।

सुश्री पार्वती

श्रीमान् सभापतिज्यू, निष्पक्ष निर्णायकमण्डल र सभासद्हरू ! म विपक्षबाट बोल्दैछु। गाउँले जीवनको तुलनामा शहरिया जीवन आनन्ददायक छ भन्ने कुरा सुन्दा मलाई ज्यादै आश्चर्य लागेको छ। बाहिरी झल्याकझुलुकका भरमा जति पनि मानिस शहरतिर लागे तिनीहरूले आखिर पाए के ? चिन्ता, असन्तोष, अनैतिकता र अविश्वास मात्र हैन र ? "चौटा खान गएकी बुढी झोलमा डुबेर मरी" भनेको यही हो। शहरको रमझमभित्र दुर्गन्ध, खोक्रोपन र कृत्रिमता बाहेक के छ र ? जीवनको भित्री तह कालो, मैलो र धमिलो छ भने बाहिर उज्यालो देखेर मात्र के गर्नु। नबुझेसम्म शहरिया जीवन सुखी छ। बुझेपछि ज्यादै अस्यास-लाग्दो र ज्यादै जटिल छ ।

अर्कातिर हेर्‌ौं प्राकृतिक सौन्दर्य, खुला पवित्र वातावरण, शुद्ध आहारविहार, भरपर्दो व्यवहार, आपसी मेलमिलाप हामी गाउँले जीवनमै पाउँछौं। गाउँलेहरू परिश्रम गर्नुमा इज्जत ठान्दछन् । अर्काका गुणको कदर गर्न जान्दछन् ।

स्वास्थ्यको दृष्टिले पनि गाउँलेहरू शहरियाका तुलनामा मोटाघाटा, रातापीरा र स्फूर्तिला देखिन्छन् । शहरमा मुख उज्यालो र रातोपीरो पार्न क्रिम पाउडर लगाउनुपर्छ । हुँदा-हुँदा त शहरमा लोग्नेमान्छेले समेत लिपिष्टिक लाएको देखिन थालिएको छ। यस्तै विलासी र नैनसुखे प्रवृत्तिबाट देश बन्ला र ? असम्भव । (घण्टी लाग्छ)

सभापति महोदय, शहरियाहरूले गाउँलेहरूबाट धेरै सिक्नुपरेको छ। सादा जीवन, परिश्रम गर्ने बानी, निश्छल व्यवहार र सुखी जीवनसँग गहिरो सम्बन्ध छ। शहरको कृत्रिम जीवन वास्तविक अर्थमा घिनलाग्दो हुन्छ ।

(फेरि घण्टी लाग्छ)

जय नेपाल !

उद्घोषक

अब पक्षबाट बोल्नुहुन्छ सुश्री नानीमैयाँ महर्जन ।

सुश्री नानीमैयाँ

श्रद्धेय सभापतिज्यू, उपस्थित गुरुवर्ग र साथीहरू ! म के सुन्दैछु ? कस्तो अनौठो र असत्य कुरा, शहरिया जीवनभन्दा गाउँले जीवन सुखी रे। मानिस सुखी जीवनको खोजीमा आफ्नो बुद्धिको बलले आजको अवस्थामा आइपुगेको छ। अफ्रिकाका जङ्गलहरू फाँडिएर कला-

कत्रा शहर बनिसके, मान्छेले चन्द्रमामा शहर बसाल्ने सुरसार गर्न लागिसके। यस्तो अवस्थामा शहरिया जीवनलाई दुःखी भन्न त प्रगतिलाई रोक्नु, अल्छीपनालाई बढाउनु र दाख अमिलो छ भन्नु मात्र हो।

मेरो विचारमा शहरिया जीवनको विरोध गर्नु त सभ्यताको विरोध गर्नु हो, अथवा असभ्यताको र वर्बरताको आह्वान गर्नु हो। विज्ञानको यत्रो उन्नतिलाई बिर्सेर, मानवको यत्रो उपलब्धि आँखा चिम्लेर तर्कहीन र युगको प्रतिकूल कुरा गर्ने मेरा विपक्षी साथीहरूलाई लाज लाग्नुपर्ने हो।

पुर्खाले आर्जेको यत्रो ज्ञानविज्ञानका सम्पत्तिबाट प्रेरणा पाएर ग्रह उपग्रहसम्म स्वतन्त्र घुमफिर गर्ने सामर्थको विकासतिर लाग्नु त कता हो कता, भएको प्रगतिको विरोध गरेर पछाडि हट्नु कस्तो नपुंसकता।

अझ शहरिया जीवनको तुलनामा गाउँले जीवन सुखी रे। कुन अर्थमा सुखी छ गाउँले जीवन? जहाँ जीवनमा अनिवार्य आवश्यकताहरूको पूर्ति सम्भव छैन, जहाँ रोग लागेमा आधुनिक उपचारको व्यवस्था छैन, पाइलैपिच्छै सोझासीधा जनतामाथि फटाहारूको विग्बिगी छ, जहाँ नारीहरूले दयनीय जीवन बिताइरहेकाछन्, त्यहींको जीवन अझ सुखी जीवन ?

(घण्टी लाग्छ)

मेरो विचारमा गाउँले जीवनमा सुख देख्नु विपरीत कल्पना हो। यसैले शिक्षा, स्वास्थ्य, न्याय, अर्थ आदि जुनसुकै दृष्टिले हेर्नुहोस् शहरिया जीवन नै सुखमय छ। यत्तिकैमा म आफ्नो वक्तव्य टुंग्याउँछु। जय नेपाल

उद्घोषक

अब विपक्षका वक्ता श्री सुनिल परियार आफ्नो तर्क प्रस्तुत गर्नुहुन्छ।

श्री सुनिल

श्रीमान् सभापतिज्यू, गुरुवर्ग र मेरा साथीहरू! अहिले हामीले यहाँ शहरिया जीवनको पक्षमा धेरै कुरा सुन्यौं। प्रसङ्गले वैज्ञानिक उन्नतिको चर्चा पनि। हो, हाम्रो जीवनलाई बनाउनमा विज्ञानको महत्त्वपूर्ण भूमिका छ। सुखी जीवनको चाहनाबाट नै शहिरया सभ्यताको विकास भएको हो। शुरुमा शहरिया जीवन केही आकर्षक पनि थियो। बाहिरबाट हेर्दा अझै पनि शहरियाहरू सुखी देखिन्छन्, तर अलिकता गहिरिएर हेर्ने हो भने आज शहरिया जीवन सम्पूर्ण बनावटीपनले भरिएको छ। मानिस पेशा र मेशीनको दास भैसकेको छ। आजको शहरिया वातावरणले मान्छेलाई घोर विलासी, उत्ताउलो र ज्यादै अवसरवादी बनाइदिएको छ। शुद्ध सामाजिक भावनाको नामनिसाना छैन। दया, माया र सहयोगजस्ता गुणहरूको कुनै

K.T

मूल्य छैन । न कसैले कसैलाई टेर्छ, न कसैको कसैमाथि विश्वास छ ? जसरी हुन्छ आफ्नो स्वार्थ पूर्ति गर्नु नै शहरको चरित्र भएको छ। अनि कसरी शहरिया जीवन सुखी हुन सक्छ ? बरु थोरै साधनबाट पनि गाउँलेहरू सुख र शान्तिको सास फेरिरहेका छन् । केही अभावले ग्रस्त भए पनि गाउँले जीवनमा नै हामी वास्तविक मान्छेको हृदय पाउँछौं । यसको विपरीत शहरको रमझमभित्र मान्छे निःसासिएर छट्पटाइरहेको हुन्छ ।

शहरियालाई नै मान्ने साथीहरू सायद उत्ताउलोपनलाई नै सभ्यता ठान्नहुन्छ। बूढाबूढी, आइमाई र केटाकेटीहरूलाई धक्याउँदै बस चढ्ने तन्नेरीहरू, बाटो हिंड्नेमाथि फोहोर फ्याँक्ने नागरिकहरू छन्। जे होस्, तडकभडक र खर्चिलो प्रवृत्ति शहरको ज्यादै डरलाग्दा रोग हुन्। यीबाट मुक्त नभएसम्म हामी सुखी हुनै सक्दैनौं ।

(घण्टी लाग्छ)

शहरका दुर्गुणहरू गाउँमा नहुनाले नै गाउँले जीवन सुखी जीवन हो। मेरो विचारमा गाउँमा साधारण जीवन बहुमूल्य छ। त्यसैले शहरको अस्वस्थ जीवनभन्दा गाउँले जीवन नै सुखमय छ, धन्य छ ।

(फेरि घण्टी लाग्छ)

जय नेपाल

उद्घोषक

प्रतियोगिता कार्यक्रम पूरा भयो। अब म श्रीमान् सभापतिज्यूसँग विजयी छात्र-छात्राहरूलाई पुरस्कार वितरण गरी दुई चार शब्द बोलिदिने अनुरोध गर्दछु ।

सभापति

प्रिय मित्रहरू र प्यारा विद्यार्थीहरू ! आज हाम्रो विद्यालयले आयोजना गरेको यो प्रतियोगितात्मक वादविवाद गोष्ठीमा तपाईंहरूले भाग लिएर जुन उत्साह देखाउनुभयो, त्यसबाट मलाई बडो खुशी लागेको छ। "बोल्नेको पिठो बिक्छ, नबोल्नेको चामल पनि बिक्दैन" भन्ने कुरा सबैलाई थाहै छ । त्यसैले हामीले तर्कयुक्त, साँचो र आफ्नो मनले देखेको कुरा बोल्न, सभा-सम्मेलनमा भाग लिन पनि पछि हट्नुहुँदैन । यस्तै कार्यक्रममा भाग लिनाले नै बोल्ने र सोच्ने शक्तिको विकास हुन्छ ।

हामी चाहे गाउँकै निवासी होऔं, चाहे शहरकै एक-अर्काको कदर गर्ने बानी हामीमा हुनुपर्छ । तसर्थ एकातिर हामीले जीवनलाई माथि उठाउन आवश्यक स्रोतहरू जुटाउनुपरेको छ भने अर्कातिर शहरिया जीवनका खराबीलाई पनि हटाउनुपरेको छ ।

अब म धेरै समय नलिउँ– प्रतियोगितामा भाग लिने, विजयी हुने, सुन्ने सबैलाई धन्यवाद दिन्छु । अर्को पटक धेरै विद्यार्थीले कार्यक्रममा भाग लिनेछन् भन्ने आशा गर्दै सभा विसर्जन गर्दछु । जय नेपाल ।

अभ्यास

शब्द र अर्थ

निर्णायक	– निधो गर्ने व्यक्ति, सही मूल्याङ्कन गर्ने व्यक्ति
उद्घोषक	– घोषणा गर्ने, सूचना दिने व्यक्ति
पंक्तिबद्ध	– लहर मिलेको
खण्डन	– अर्काको मत, सिद्धान्तलाई काट्ने काम
आक्षेप	– गाली, दोष
उपसंहार	– समाप्ति, अन्त्य, निचोड, टुंगो
कृत्रिम	– बनावटी, नक्कली
वर्वरता	– असभ्यता, जङ्गलीपन
बिम्बिगी	– आतङ्क, उपद्रो, जगजगी
कुण्ठा	– बाधा, अवरोध

प्रश्नहरू

१. रामप्रसाद राईको भनाइलाई छुट्टयाएर लेख्नुहोस् ।

२. तलको भनाइलाई आफ्नै बलिया तर्क दिएर खण्डन गर्नुहोस्
"शहरको रमझमभित्र दुर्गन्ध, खोक्रोपन र कृत्रिम बाहेक के छ र ?"

३. शहरिया जीवनमा पाइने राम्रा नराम्रा कुरा के-के हुन् ? लेख्नुहोस् ।

४. नानीमैयाँ महर्जनको आधुनिक शहरिया जीवनसम्बधी मुख्य-मुख्य विचारहरू आफ्नै शब्दमा लेख्नुहोस् ।

५. सभापतिको वक्तव्यको सार लेख्नुहोस् ।

६. अर्थ स्पष्ट गर्नुहोस्

(क) शहरिया जीवन सभ्यताको चिह्न हो ।

(ख) "चौटा खान गएकी बूढी झोलमा डुबेर मरी ।"

(ग) सुखी जीवनको चाहनाबाट नै शहरिया सभ्यताको विकास भएको हो ।

७. भाव विस्तार गर्नुहोस्

शहरको रमझमको मान्छे निःसासिएर छटपटाइरहेको हुन्छ ।

वादविवादका अरू केही विषयहरू

(क) समाजमा लोग्नेमाम्छेको भन्दा स्वास्नीमान्छेको बढी महत्त्व छ ।

(ख) कृषिले भन्दा उद्योगले नै देशको विकास संभव छ ।

(ग) आजको जमानमा खानामा भन्दा लुगामा ध्यान दिनु आवश्यक छ ।

(घ) बाबुको भन्दा गुरुको महत्त्व ठूलो छ ।

(ङ) विद्यालयमा धर्मशिक्षाको आवश्यकता छ ।

व्याकरण

(क) विपरीतार्थक शब्द

दुःख-सुख, अघि-पछि, तल-माथि, गुण-दोष यी जोडी शब्दहरूले एक-अर्काको उल्टो अर्थ बुझाउँछन् । यस्ता शब्दहरूलाई विपरीतार्थक शब्द भन्दछन् ।

जस्तै:–

आज-भोलि	उदय-अस्त
टुप्पो-फेद	स्वदेश-परदेश
अतिवृष्टि-अनावृष्टि	निल्छ-ओकेल्छ
आकर्षण-विकर्षण	राम्रो–नराम्रो

१. तल दिइएका शब्दहरूका विपरीतार्थक शब्दहरू लेख्नुहोस्

दिन, छाड्छ, सुहाउँदो, लेख्छ, बेलुकी, लगिन्छ, सहयोग, ठीक, निल्छ, पहिलो, नीरस, शहर, आशा, अहिले, अर्थ, खण्डन, कृत्रिम, जटिल, पक्ष, निश्चित, सभ्यता, प्रतिकूल, स्वार्थ ।

२. तल दिइएका वाक्यहरूमा चिन्ह लगाएका शब्दहरूको विपरीतार्थक शब्द लेख्नुहोस्

(क) कृष्ण गाउँ जान्छ । (ख) राम घरमा बस्छ ।

(ग) सीता रूखको टुप्पोमा बसिन् । (घ) श्याम उदाएका सूर्यलाई हेर्दछ ।

(ङ) दुःखपछि सुख आउँछ ।

(ख) अपूर्ण वर्तमान

काम पूरा भई नसकेको अर्थात् काम चालू नै छ भन्ने कुरा बुझाउने क्रिया अपूर्ण वर्तमान कालको क्रिया हो ।

एकवचन	बहुवचन
प्रथम पुरुष– म खाँदो हुँ –	हामीहरू खाँदा छौं
द्वितीय पुरुष–तँ खाँदो छस्–	तिमीहरू खाँदा छौ
तृतीय पुरुष–ऊ (उनी) खाँदो छ (खाँदिछिन्)–	उनीहरू खाँदा छन्

(ग) वर्तमान पूर्ण

अहिले भर्खरै काम सकिएको भन्ने बुझाउने क्रिया पूर्ण वतमान कालको क्रिया हो ।

एकवचन	बहुवचन
प्रथम पुरुष– मैले खाएको हुँ ।	हामीहरूले खाएका छौं ।
द्वितीय पुरुष– तैंले (तिमीले) खाएको छस् (छौ) ।	तिमी (हरू)ले खाएका छौ ।
तृतीय पुरुष– उसले (उनले) खाएको छ (खाएकी छिन्) ।	उनीहरूले खाएका छन् ।

१. पढ्नु, भोग्नु, देख्नु, जान्नु, भन्नु, क्रियाहरूई पूर्ण वर्तमान र पूर्ण भूतकालमा प्रयोग गर्दै आफ्नै वाक्यमा साथीको बयान गर्नुहोस् ।

२. तलका क्रियापदलाई अपूर्ण वर्तमान र अपूर्ण भूतकाल क्रियामा परिवर्तन गर्नुहोस्
बस्नु, डुल्नेछ, जालास्, खान्छौं, भन्छौ, देख्लान् ।

(घ) अपूर्ण भूत

अघि भइसकेको काम बुझाउने क्रिया पूर्ण भूतकालको क्रिया हो ।

एक वचक	बहुवचन
प्रथम पुरुष –म कोठामा बसेको थिएँ ।	हामी कोठामा बसेका थियौं ।
द्वितीय पुरुष–तँ (तिमी) कोठामा बसेको थिइस् (थियौ) ।	तिमीहरू कोठामा बसेका थियौ ।
तृतीय पुरुष–ऊ (उनी) कोठामा बसेको थियो (बसेकी थिइन्) ।	उनीहरू कोठामा बसेका थिए ।

(ङ) अपूर्ण भूत

अघि भइरहेको काम बुझाउने क्रिया अपूर्ण भूतकालको क्रिया हो ।

एकवचन	बहुवचन
प्रथम पुरुष–म घर जाँदो थिएँ ।	हामी घर जाँदा थियौं ।
द्वितीय पुरुष– तँ (तिमी) घर जाँदो थिइस् (थियौं) ।	तिमीहरू घर जाँदा थियौ ।
तृतीय पुरुष–ऊ (उनी) घर जाँदो थियो ('जाँदी थिइन्) ।	उनीहरू घर जाँदा थिए ।

किसान

— देवराज न्यौपाने

(जन्म विक्रम संवत् २००४ साल कोसी अञ्चल, भोजपुर जिल्ला, गोगने गाउँ, पिता गणेशप्रसाद उपाध्याय न्यौपाने र माता उमादेवी। त्रिभुवन विश्वविद्यालयबाट एम. ए., सह-प्राध्यापक पदमा रही हाल अध्यापन कार्यमा संलग्न । विभिन्न साहित्य सम्मेलनमा पाँचओटा स्वर्ण पदक र अन्य पुरस्कार प्राप्त। प्रकाशित कृति "सिर्जनाका लहर" अन्य प्रशस्त फुटरक कविताहरूको प्रकाशन ।

प्रस्तुत किसान कवितामा किसानलाई कर्मयोगको पाठ सिकाउने मीठो गीतको रूपमा लिई आषाढमा सिर्जनाको गीत गाई मंसीर ल्याउने किसान नै वास्तवमा पृथ्वीको पूजारी हो भन्दै उसैका गीत नै विकासका लहर हुन् भन्ने कुरा व्यक्त गरिएको छ।)

आकाश गड्गडाएर जब वर्षन्छ झर्झर
म किसान हलो बोकी निस्कन्छु अनि बाहिर ।
जलको पहिलो स्पर्श मट्टीमा हर्हराउँछ
मेरा अन्तरको स्वप्ना बाली भै लहराउँछ ।
म नौलो सपना देख्छु अन्न ऐश्वर्य ल्याउने ।
आफू बाँचेर धर्तीमा अर्कालाई बचाउने ।
श्रमको पसिना दाना दिव्य दाना जुटाउँछ
बीजको एक मानाले लाखौंलाख तुल्याउँछ ।
माटामा पसिना पोखी माटा मै फुल्छ जीवन
विश्वको वीरको निम्ति धर्तीको पहिलो धन ।
हलो कुटो र कोदाली कोदालो हातमा लिई ।
पृथ्वी जुझ्न म चहान्छु बनी कर्मठ पौरखी
श्रमको फल हो राम्रो श्रम हुन्छ रमाइलो
केही दुःख भने हुन्छ काम गर्दा रमाइलो ।
जसै सिर्जनका नौला रूप देख्न म पाउँछु
आफैं गद्गद् भै आफू आफैंभित्र रमाउँछु ।
म यौटा गीत हुँ यस्तै कर्मयोग सिकाउने ।
सधैं आषाढमा गाई सधैं मंसीर ल्याउने ।

अभ्यास

शब्द र अर्थ

स्पर्श गर्नु –छुनु
दिव्य –सुन्दर, अलौकिक
वैभव –सम्पत्ति, धन
कर्मयोग –सफलता र असफलतामा समान भाव राखेर गरिने शुभ काम

प्रश्नहरू

१. किसानले कुन बेला कस्तो सपना देखेको हुन्छ ?
२. पृथ्वीलाई पहिलो धन किन भनिएको हो ?
३. किसान कुन बेला आफ्ना दुःखहरू बिर्सन्छ ?
४. किसान कविताका मुख्य-मुख्य कुराहरू आफ्नै शब्दमा सिलसिला मिलाएर लेख्नुहोस् ।
५. अर्थ खुलाउनुहोस्

श्रमको पसिना दाना दिव्य दाना जुटाउँछ,
बीजको एक मानाले लाखौंलाख तुल्याउँछ ।

६. भाव स्पष्ट हुने गरी प्रसङ्ग मिलाएर व्याख्या गर्नुहोस्

म यौटा गीत हुँ, यस्तै कर्मयोग सिकाउने
सधैं आषाढमा गाई सधैं मंसीर ल्याउने ।

व्याकरण

(क) य र ए मिलाई शुद्ध गर्नुहोस्

एक-जना मानिस यक दिन नदीको किनारमा यकलै एताउति डुलिरहेका थिय । एत्तिकैमा एक्कासि ठूलो बतास चल्यो ।

(ख) कुनै-कुनै शब्दका धेरै अर्थ हुन्छन् । तिनलाई मिल्दा वाक्यमा प्रयोग गर्दा मात्र तिनका विभिन्न अर्थ स्पष्ट हुन्छन् । त्यस्ता शब्दलाई धेरै अर्थ लाग्ने वा अनेकार्थक शब्द भन्दछन् ।

जस्तैः–

अर्थ=माने– मलाई कर्मठ शब्दको अर्थ आएन ।
अर्थ=धन–अर्थ विना सबै काम व्यर्थ हुन्छ ।
अर्थ=कारण, मतलबः– तिमीले मलाई गाली गर्नाको अर्थ के हो ?

तल दिइएका शब्दहरूलाई दुई-दुई अर्थ खुल्ने गरी छुट्टाछुट्टै वाक्य प्रयोग गर्नुहोस्

दाना, बाली, तर, फल र वर ।

(ग) सानो बुझाउने शब्द

थाली, कोदाली यी ठूला वस्तु "थाल" "कोदालो" बाट बनेका साना वस्तुलाई बुझाउने शब्द हुन् । ठूला वस्तुलाई बुझाउने शब्द पछाडि "ई" "इयाँ" लगाएपछि यस्ता शब्द बन्दछन् ।

तल दिइएका शब्दहरूमा 'ई' प्रत्यय लगाएर सानोलाई बुझाउने शब्द बनाउनुहोस्

घ्याम्पो, डोर्ली, कुचो, नाङ्गलो, लोहोटा, चिम्टा, कचौरा, ताउलो, लोहोरो, लौरो, र थैलो ।

महाराजा मणिचूड

आजभन्दा धेरै-धेरै वर्ष अघि गौतम बुद्ध जन्मनुभन्दा पनि धेरै अघि एउटा शाङ्केतु भन्ने ठूलो नगर थियो । देशको राजधानी पनि यही नै थियो । त्यहाँ मणिचूड नाम गरेका राजा थिए ।

महाराज मणिचूड असल-असल गुणले युक्त भएका धर्मात्मा राजा थिए । उनको उदारताको बयान फूलको बास्ना झैं चारैतिर फैलिएको थियो । एक दिनमात्र पनि उनका ढोकामा आएर कुनै याचकले मागिदिएन भने उनी ज्यादै दुःखी हुन्थे । त्यस दिन उनी अन्नजल पनि ग्रहण गर्दैनथे । उनी यतिसम्म दयालु र दानी थिए कि कसैको भलाइको लागि आफ्नो जीउ-ज्यानसम्म पनि दिन पाए हुन्थ्यो भनेर सधै चिन्तन गर्दथे ।

एकपल्ट महाराज मणिचूडलाई "नीरगड" नाउँ गरेको ठूलो यज्ञ गर्ने इच्छा लाग्यो । यो यज्ञ धेरै दिन लगाएर गर्नुपर्थ्यो र यसका लागि धेरै ठूलो तयारी गर्नुपर्दथ्यो । त्यसैले धेरै दिन अघिदेखि यस महायज्ञका लागि धूमधामले तयारी हुन थाल्यो । देशदेशावरका राजा-रजौटा, साहू-महाजन, सन्त-महन्त, ऋषि-महात्मा र चारै वर्णका विशेष व्यक्तिहरूलाई निमन्त्रणा पठाइयो । उनीहरूका स्वागत सत्कारका लागि भव्य तयारीहरू भए ।

तोकिएका समयमा देशदेशान्तरबाट सारा निम्तालुहरू आए । लावालस्कर पछि लाएका राजा-रजौटाहरू, साहू-महाजनहरू र रैती-दुनियाँहरू राजाका यज्ञका निम्ति आफूले चढाउने सौगातहरू साथ लिएर राजधानी शाङ्केतु नगरीमा आए । अनेक खालका वेदध्वनि, स्तोत्र पाठ, शंखध्वनिले आकाश गुञ्जन थाल्यो । अनेक ध्वजा र तोरणहरूले सजिसजाउ भएर दुलही झैं बन्यो । ठीक समयमा राजाबाट महायज्ञको श्री गणेश भयो ।

यस यज्ञको सबैभन्दा ठूलो विशेषता के थियो भने राजाका संपूर्ण भंडार, ढुकुटी खुला थिए, त्यहाँबाट जसलाई जुन कुराको जति आवश्यकता पर्छ त्यो खुला हातले पोल्टाभरि-भरि लान पाउँथ्यो, कसैले रोकतोक गर्दैनथ्यो । त्यसैले कुनै पनि अभावग्रस्त मानिस त्यहाँ आएर आफ्नो इच्छा लागेको वस्तु सकेजति लग्थ्यो । प्रत्येक मानिस त्यहाँ आएर आफ्नो मनकाङ्क्षा पूर्ण गरेर फर्कन्थ्यो ।

दिन बित्दै गए र राजाको यज्ञ निर्विघ्न चल्दै गयो । बीस दिन यसै गरी बित्यो । एक्काईसौं दिनका दिन भने त्यहाँ एउटा कसैले नचिताएको घटना हुन गयो ।

राजा यज्ञको दैनिक कार्य सकेर ठूलो सभामा बसेका थिए । देशदेशावरका ज्ञानी, पंडित, ऋषि, महर्षि, चिन्तक र अरू विशिष्ट आमन्त्रितहरू त्यस सभामा थिए । राजा उनीहरूसँग ईश्वर, नीति आदि बारेमा छलफल गर्दै थिए । त्यस्तैमा एउटा भयंकर दैत्य ठूलो गर्जना गर्दै

त्यस सभामा आयो । राता-राता आगाको फिलिङ्गो झैं आँखा, फलामका तारजस्तो केश, लामा-लामा र तीखा दाह्रा भएको त्यो विकराल दैत्य आफ्नो गुफाजस्तो मुखबाट लप्का झैं लाल-लाल जिब्रो लपलपाउँदै आकाश गर्जे झैं अट्टहास गर्दै राजाका सामु उभियो ।

सभासद्मध्ये धेरै सभा छोडी भागे । कुनै डरले थर-थर काम्नथाले । तर महाराज मणिचूड भने कत्ति विचलित नभै दैत्यको सामु बसिरहे ।

"ओहो दैत्यराज तपाईं मेरो यस महायज्ञमा यसरी पाल्नु भएकोले म बड़ो कृतकृत्य भएँ ।" राजाले बडो विनम्र भएर भने "पाल्नुहोस् । भन्नोस्" कुन इच्छा लिएर पाल्नु भएको हो । तपाईंको इच्छा पूरा गर्न पाउनु मेरो अहोभाग्य हो ।

राजाको मधूर वचन सुनेर दैत्यले आफ्नो भयङ्कर स्वरमा भन्यो, –"महाराज ! तपाईंले जसले जे माग्छ त्यसलाई त्यही कुराले तृप्त पार्ने व्रत लिनु भएको छ । त्यही तपाईंको सुकीर्ति सुनेर म आफ्नो सानो इच्छा पूर्ति गरौं भनी आएको । भन्नुहोस् पूर्ति गराउन सक्नुहुन्छ ?" "भन्नुहोस् दैत्यराज, मसँग भएको कुनै कुराले पनि म तपाईंको इच्छापूर्ति गर्न पछि हट्ने छैन । यस्तो के कुराको तपाईंलाई इच्छा छ ?" राजाले सोधे ।

"महाराज ! म बाह्रवर्षदेखि भोकै छु । मलाई अरू केही चाहिन्न, फगत तृप्त हुने गरी भोजन पाए पुग्छ" दैत्यले भन्यो । उसको माग सुनेर राजा र त्यहाँ भएका सबैलाई यो त मामूली कुरा हो जस्तो लाग्यो । राजाले आफ्ना कामदारहरूलाई यी दैत्यराज नअघाउञ्जेल स्वादिष्ट पक्वानको भोजन गराउनु भन्ने हुकुम दिए । राजाका कामदार मान्छेहरूले दैत्य-राजका सामु चौरासी व्यञ्जनको थुप्रो ल्याई दिए । तर दैत्यले यी कुनै छोएन र राजातिर फर्केर भन्यो, "महाराज ! तपाईं किन बुझपचाउनुहुन्छ । हामी दैत्यका जातिका भोजन यी चौरासी व्यञ्जन होइनन्, मानिस र पशुको ताजा र आलो रगत हो । मलाई साँच्चै भोजन दिनुहुन्छ भने मेरो त्यस्तै भोजनको व्यवस्था गर्नुहोस् । नभए म भोकै जान्छु र आज तपाईंलाई दानी र उदार भन्ने दुनियाँले भोलिदेखि झूठो र दम्भी भन्नेछ ।"

दैत्यको यस्तो भयंकर कुरा सुनेर त्यहाँका सबै डराए । किनभने राजाले अहिंसाको व्रत लिएका थिए । प्राणीको हत्या गर्नु जति ठूलो पाप उनी केही मान्दैनथे । यसैले दैत्यको त्यस्तो हिंसाको माग पूरा गर्न उनका लागि कसैगरी सम्भव थिएन । त्यस स्थितिमा उनी

झूठा र दम्भी ठहरिने भए । उनको त्यस्तो अप्ठ्यारो स्थिति देखेर सबैजना दुःखी भए । तर राजा मणिचूड भने कति पनि हडबडाएनन् । उनले शान्त स्वरमा भने "दैत्यराज ! तपाईंको माग मेरो लागि ज्यादै भयानक छ । किनभने म अरू प्राणीको हिंसा गर्नु महान् पाप संझन्छु । तर तपाईं धन्दा नमान्नोस्, म तपाईंलाई तृप्त गराएर छोड्ने छु ।'

यति भनेर राजाले आफ्ना भारदार, गुरु, पुरोहिततिर हेरे । राजाले के गर्न लागे भनेर सबै उत्सुक भए । राजाले आखिर भने "मन्त्रि कसाही बोलाऊ । उसले मेरो शरीरबाट मासु र रगत झिकेर दैत्यराजलाई तृप्त पार्नुपर्छ । मेरो हुकुम भयो ।"

राजाको यस्तो डरलाग्दो अठोट सुनेर सारा सभा स्तब्ध भयो । प्रजा र पाहुनाहरूमा हाहाकार मच्चियो । रानी र राजकुमार शोकले विव्हल भएर राजासँग यस्तो भीषण प्रतिज्ञा नगर्न अनुरोध गर्न थाले । गुरु, पुरोहितले पनि कसैको अनुचित इच्छा पूरा नगर्दा पाप नलाग्ने कुरा बताए तर राजा आफ्नो अठोटबाट दृढ रहे । उनले सबैसँग भने "मेरा प्यारा आफन्तहरू ! संसारमा दानको महिमा ठूलो छ । तर शरीर दान महादान हो । यो शरीरसम्म पनि दान गर्ने उदारता नभै दान पारमिता प्राप्त हुन्न । सो प्राप्त नभै निर्वाण पाइन्न । त्यसैले मलाई यो सौभाग्य प्राप्त भएकोमा सबैले खुशीसाथ आशीर्वाद दिनुहोस् ।"

राजाको यस्तो कठोर इच्छा सुनेर सबै अवाक् भए । राजाले कसाहीलाई आफूलाई काट्ने आज्ञा दिए, तर कसाही हच्कियो । अनि राजा आफैं हातमा खड्ग लिएर आफ्ना शरीरबाट मासुका चौटा झिक्दै दैत्यराजलाई दिंदै गर्न थाले । दैत्य जिब्रो फड्कारी–फड्कारी राजाको शरीरको ताजा चोक्टा खान र आलो रगत पिउन थाल्यो ।

यो कार्य बडो कठोर थियो । राजा पीडा र जलनले घरिघरि मूर्छा हुन खोज्थे तर आफूलाई सह्यालेर बडो धैर्यसाथ आफ्नो मासु काट्दै, दिंदै गर्थे । यो भयंकर दृश्य देखेर सभा शोक र आतंकले स्तब्ध थियो । रानी र राजकुमार शोकले इन्तु न चिन्तु थिए । तर दैत्यलाई यी दुवै कुराले प्रभाव पारेको थिएन । ऊ खुशी र मस्तीले स्वादसँग मासु खाइरहेको थियो ।

राजाको शरीरको संपूर्ण मासु सकियो । अब त टाउको बाँकी थियो । यही टाउको दैत्यलाई अर्पण गर्न राजा तयार भए । उनी खड्ग उचालेर शिर काट्न तयार हुँदाहुँदै मूर्छा भै लडे । ठीक त्यसै बखत आकाशमा बाजाहरू बजेर राजसभामा पुष्प वृष्टि भयो । सबैले आश्चर्य मानी माथि हेरे । दैत्य अहिले धर्तीबाट उठेर एउटा देवताको झल्झलाकार रूपमा आकासमा देखापर्‍यो । उनी वास्तवमा दैत्य नभएर दैत्यको रूपमा आएका देवराज इन्द्र थिए ।

इन्द्रले अमृत छर्केर मूर्छा भएका राजालाई ब्यूँझाएर भने– "महाराज म दैत्य होइन । म तपाईंको दानशीलताको महिमा सुनेर तपाईंको परीक्षा लिन आएको इन्द्र हुँ । तपाईं परीक्षामा खरो उत्रनुभयो । अब तपाईंको मनमा जे इच्छा छ त्यो मसँग माग्नोस् ।" तर राजा मणिचूड दिन मात्र जान्दथे, लिन जान्दैनथे । इन्द्रका कुरा सुनेर उनले नम्र भएर भने "देवराज मैले यो दान कुनै फलको इच्छाले गरेको होइन, दान गरें । यसमा मलाई पछुतो पनि छैन, न घमण्ड नै छ । दानपारमिताबाट ज्ञान प्राप्त गर्न र त्यसको प्रचारबाट समस्त प्राणीको दुःख नाश गर्नु नै मेरो जीवनको उद्देश्य हो ।"

राजाको निश्छल र निष्काम वाक्य सुनेर देवराज इन्द्र खुसी भए । उनले मृतसंजीवनी बुटी लगाइदिएर राजाको शरीर पहिलेजस्तै पुष्ट र कञ्चन बनाउने र अमृत पान गराएर राजालाई अजर-अमर तुल्याउने इच्छा देखाए । तर राजाले यसलाई पनि स्वीकार गरेनन् । उनले भने "देव, मानिस सत्यका आधारमा छ र सत्यको पत्ता लगाई प्राणीको कल्याण गर्ने उसको जीवनको लक्ष्य छ भने उसलाई स्वर्गको अमृतको इच्छै किन लाग्नु ? उसको शरीर यही सत्य निष्ठाले नै अमर हुनसक्छ । मलाई अमृतको इच्छा छैन ।"

नभन्दै राजाको शरीर विना मृतसंजीवनी नै पुष्ट र कञ्चन भएर आयो । इन्द्र लज्जित भएर क्षमा माग्दै स्वर्ग गए । राजाले आफ्नो महायज्ञ सम्पन्न गरे । मणिचूडले यज्ञ गरेको ठाउँलाई मणिचूडे भनिन्छ । शाङ्केतु काठमाडौं उपत्यकाको उत्तर-पूर्व पहाडको फेदीमा पर्छ । त्यसलाई आज हामी साँखु भन्छौं ।

अभ्यास

शब्द र अर्थ

ग्रहण गर्नु – लिनु
चिन्तन – सोच-विचार
नीरगड महायज्ञ – बौद्ध धर्म अनुसार गरिने ठूलो दानयज्ञ
अभावग्रस्त – केही पनि नभएको
अट्टहास – खित्का छोडेर हाँसिने ठूलो हाँसो
विचलित – डगेको
सुकीर्ति – असल कीर्ति, सुयोग
दर्म्भ – घमण्डी, आडम्बरी
स्तब्ध – रोकिएको, सुस्त
दानपारमिता – दिने काममा पूर्णता

केशिका पार्यो

निर्वाण — मोक्ष, मुक्ति

अजर — कहिल्यै बूढो नहुने

प्रश्नहरू

१. मणिचूड कस्तो स्वभावको राजा थिए ? लेख्नुहोस् ।

२. महायज्ञ शुरु गरेपछि उनका दरबारको गतिविधि कस्तो भयो ? छलफल गर्नुहोस् ।

३. नीरगड महायज्ञको सबभन्दा ठूलो विशेषता के हो ? बताउनुहोस् ।

४. कस्तो बेलामा दैत्य राजसभामा आइपुग्यो र उसलाई देखेर राजा किन विचलित भएनन् ?

५. राजाले दैत्यको निम्ति कस्तो भोजन जुटाएका थिए ? दैत्येले यो किन मन पराएन ? भन्नुहोस् ।

६. राजाले दैत्यलाई आफ्नै मासु काटेर दिनुका कारण के-के हुन् ?

७. मणिचूडले नीरगड महायज्ञ गर्नुको उद्देश्य के थियो ?

८. दैत्य वास्तवमा को थियो र ऊ किन त्यसरी राजाकहाँ आएको थियो ?

९. इन्द्रले राजालाई अमृतदान गराउन खोज्दा किन उनले अस्वीकार गरे ?

१०. भाव स्पष्ट गरी लेख्नुहोस्

राजा मणिचूड दिन मात्रै जान्दथे, जिन जान्दैनथे ।

११. प्रसंग मिलाएर व्याख्या गर्नुहोस्

(क) नभए म भोकै जान्छु र आज तपाईंलाई दानी र उदारता भन्ने दुनियाँले भोलिदेखि झूठो र दम्भी भन्नेछ ।

(ख) देव, मानिस सत्यको आधारमा छ र त्यसको पत्ता लगाई प्राणीको कल्याण गर्ने उसको लक्ष्य छ भने उसलाई स्वर्गको अमृतको इच्छै किन लाग्नु ?

व्याकरण

(क) वाक्य संश्लेषण

राम विद्यालय जान्छ । राम घर आउँछ । यी सरल वाक्य हुन् । एउटै सन्दर्भमा यी दुवै वाक्यमा राम दोहोरिएर आएको छ । यस्ता वाक्यले भनेका कुरामा पनि त्यति मिठास आउँदैनन् । राम विद्यालय गएर घर आउँछ भन्दा राम एक ठाउँमात्र छ, कुरा पनि केही फरक छैन, वाक्य पनि सजिलो छ । यसरी धेरै सरल वाक्यलाई मिलाएर एउटै वाक्य बनाउने काम-लाई वाक्य संश्लेषण भन्दछन् । कर्ता-कर्ता एउटा वाक्यको कर्ताको विशेषता छोडेर जाहेर गर्ने गरी अर्को वाक्य आएको हुन्छ । त्यस्तोलाई संश्लेषण गर्दा कर्ताको विशेषता बुझाउने पद बना-उनुपर्दछ ।

जस्तैः–राम जाँचमा पहिला भयो ऊ खूब परिश्रम गर्छ– यहाँ दोस्रो वाक्यले कर्ता रामको विशेषता बुझाएको छ । यसको संश्लेषण यस्तो हुन्छ– खूब परिश्रम गर्ने राम जाँचमा पहिला भयो ।

संश्लेषण गर्दा सरल वाक्यमा धेरै क्रियापदमध्ये एउटा क्रियालाई पूर्ण क्रियापद बनाउनुपर्छ । अरूलाई मिल्ने गरी धातुमा ए, ई, तै, दै आदि प्रत्यय जोडेर शब्द बनाई प्रयोग गर्नुपर्छ । जस्तैः– सिरानका दुईओटा वाक्यमा जान्छन्, आउँछ दुईवटै पूर्ण क्रियापद छन् । तिनमा हामीले संश्लेषण गरेका वाक्यमा जान्छलाई गएर बनाएका छौं अनि आउँछलाई त्यस्तै राखेका छौं ।

यसरी धेरै वाक्यलाई एउटै वाक्यमा मिलाउँदा अर्थ फरक पार्न हुन्न अनि क्रियाका काललाई पनि मिलाएर राख्नुपर्छ ।

१. तलका प्रश्नको छोटो उत्तर दिनुहोस्

(क) वाक्य संश्लेषण भनेको के हो ?

(ख) वाक्य संश्लेशण गर्दा के-के कुरामा ध्यान दिनुपर्छ ?

२. तलका वाक्यलाई एकै वाक्यमा संश्लेषण गर्नुहोस्

(क) सीता पुस्तकालय गई । त्यहाँ उसले एउटा पुस्तक लिई । त्यस पुस्तकमा अप्सराका तस्वीर थिए ।

(ख) राम सीतालाई खोज्न गए । सीता कहीं पनि भेटिइनन् । राम पुस्तकालयमा पुगे । रामले सीतालाई कक्षामा जान भने ।

(ग) सीता खूप पढ्थिन् । राम पनि कम पढ्दैनथे । सीता सधैं प्रथम हुन्थिन् । सीता रामलाई सजिलै जित्थिन् ।

(घ) रामले आमालाई बोलायो । उसले आमाले बोलेको सुनेन । राम दौडदै कोठामा गयो । कोठामा रामले आमालाई देख्यो ।

३. (क) स, ष र श

माथिका पाठबाट स, ष र श प्रयोग भएका शब्दहरू खोजेर सूची बनाउनुहोस् ।

(ख) तलका वाक्यमा स, ष र श मिलाई लेख्नुहोस्

एक वर्समै उशले आफ्नो भाशा निकै षुद्ध बनाइशकेछ ।

रवीन्द्रनाथ ठाकुर

पृथ्वीको धूलोलाई नै साक्षात् ईश्वर मान्ने महान् कवि रवीन्द्रनाथ ठाकुर भारतीय कविहरूमा सर्वश्रेष्ठ मानिन्छन् ।

कवित्व मानिसको दुर्लभ गुण हो । यो गुण हामी रवीन्द्रनाथमा मनग्य पाउँदछौं । साहित्यका विभिन्न पक्षमा आफ्ना मौलिक र अनुवाद गरिएका रचनाहरू दिएर उनले भारतीय साहित्यको ढुकुटी भरेका छन् । अनि लेखन शक्तिबाट आफ्नो भाषालाई सिंगारी विश्वलाई अमर सदेशहरू दिएका छन् । तर पनि उनी कवि हुन् र कविकै रूपमा उनी विश्वमा प्रसिद्ध छन् ।

रवीन्द्रनाथको जन्म ६ मई १८६१ मा कलकत्ताको जोडासाँकू गाउँमा भएको हो । उनी महर्षि देवेन्द्रनाथका सात भाइ छोरामध्ये सबभन्दा कान्छा हुन् । खान्दानी घर शिक्षित ठाकुर परिवारमा जन्मिएका यिनले बालक कालमा आफ्ना परिवारमा त्यति हेलमेल गर्न पाएनन् । ठूलाहरूका कार्यक्रमका बीचमा बस्नु र बोल्नु त्यतिबेला अनुशासनहीन काम ठहरिन्थ्यो । त्यसैले उनी घरभित्र हुने साहित्य, संगीत र चित्रकलासम्बन्धी चर्चामा भाग लिन पनि पाउन्नथे । तर "हुने बिरुवाको चिल्लो पात, भनेझैं बालककालदेखि यिनी तीखा बुद्धिका थिए । नोकरचाकर-हरूले भनेका चोर र भूतका कथाहरू उनी मन लगाएर सुन्ने गर्थे । त्यसबाट उनको कल्पना शक्ति बढ्दै गयो । उनीहरूसँग खेल्दाखेल्दै कुरा गर्दागर्दै यिनले व्यावहारिक ज्ञान बटुले । यिनी नोकर व्रजेश्वरबाट बराबर रामायणका कथाहरू सुन्थे । त्यसैबाट उनको मन साहित्यतिर खिचियो । अनि उनले पाँच वर्षको उमेरमा कविता लेख्न शुरु गरे ।

विद्यालयमा जाने उमेर भएपछि रवीन्द्रनाथलाई स्कूलमा पढ्न पठाइयो । तर उनी स्वतन्त्र स्वभावका हुनाले विद्यालयको कडा अनुशासनमा बाँधिन रुचाएनन् । त्यसैले उनले विद्यालयबाट त्यति सिक्न सकेनन् । बाबुको आज्ञा बमोजिम यिनी बरु घरैमा पढ्थे र संगीतको अभ्यास पनि गर्थे । पछि यिनलाई बंगाल एकेडेमी नाउँको अंग्रेजी स्कूलमा भर्ना गरियो ।

एघार वर्षकै उमेरमा रवीन्द्रनाथले पृथ्वी पराजय भन्ने मौलिक नाटक लेखेर आफ्नो प्रतिभाको परिचय दिए । त्यसै वर्ष यिनको व्रतबन्ध पनि भयो । व्रतबन्धमा कपाल खौरिनुपर्थ्यो ।

मुडुलो टाउको देखेर साथीहरूले गिज्याउलान् भन्ने डरले उनी विद्यालय जान हच्चिरहेका थिए। तर "ढुङ्गा खोज्दा देउता मिल्यो" भने झैं त्यसबेला बाबु देवेन्द्रनाथ ठाकुरले उनलाई हिमालयको भ्रमणमा लाने विचार गरे। भ्रमणमा जाँदा हिउँका थुप्राले ढाकिएका पहाडका लहरहरू र प्रकृतिका हरियाली देखेर यिनी प्रकृतिप्रेमी बने। भ्रमणबाट फर्केपछि उनी सेन्ट-जेबियर्समा पढाइको लागि भर्ना भए। यसरी त्यहाँ पनि धेरैजसो समय पत्रपत्रिका पढ्ने र कविता कहानी लेख्ने गर्दैमा बिताए। यसरी उनले चौध वर्षको उमेरमा शेक्सपीयरको प्रसिद्ध नाटक "मेकबेथ' बंगाली भाषामा अनुवाद गरे ।

रवीन्द्रकी भाउज्यू संगीतप्रेमी थिइन्। उनी बराबर आफ्नो घरमा संगीतज्ञहरूलाई निम्तो गरेर संगीत सभा गर्दथिन्। संगीतज्ञमध्ये एक जना बिहारीलाल पनि थिए। यिनी कवितालाई बडो मीठो स्वरमा गाउँथे। उनको गायन कलाबाट रवीन्द्रले काव्य र संगीत दुवैमा ठूलो प्रेरणा लिए। त्यसैले उनी बिहारीललालाई आफ्नो काव्यगुरु पनि मान्थे ।

बंगाली साहित्यको उन्नति गर्न दाजु ज्योतिरेन्द्रसँग मिली उनले भारती पत्रिकाको सम्पादन कार्य गर्न थाले ।

सत्र वर्षको उमेरमा रवीन्द्रनाथ आफ्ना दाजु (जज) सँग बेलायत गए । त्यहींको ब्राइटन विद्यालयमा उनले पढे। स्कूल तहको परीक्षा सिद्धाएर उनी त्यहीं लण्डन यूनिर्वासिटीमा पढ्न भर्ना भए। त्यहाँका समुद्र किनारका मनमोहक दृश्य र हिउँले ढाकिएका पहाडहरू देखेर उनी मोहित भए। यसैको प्रभावले यिनले आफ्नो लेखमा सौन्दर्यको पनि वर्णन गरेका छन्। अठार वर्षको उमेरसम्म यिनले धेरै लेख लेखिसकेका थिए ।

बाईस वर्षको उमेरमा रवीन्द्रको विवाह मृणालिनी देवीसँग भयो। विवाहपछि पनि यिनले साहित्यको सेवा गर्न छोडेनन्। भाउज्यूको प्रेरणा र चाहनाले साना नानीहरूका लागि बालक पत्रिका निकाले। प्राकृतिक सौन्दर्यमा रमाएर संगीत नाटकहरूको रचना गरे। यसैले उनलाई बंगालको "शेली" पनि भन्दछन् ।

पिता देवेन्द्रनाथ ठाकुरले आफ्नो एकान्त बासको लागि 'शान्ति निकेतन' भन्ने आश्रम बोलपुरमा खोलेका थिए। पछि चालीस वर्षको उमेरमा रवीन्द्रले यसै आश्रममा विद्यालय चलाए। यस विद्यालयमा विद्यार्थीहरू रूखको छहारीमा र चौरमा बसेर पढ्थे। बीस वर्षपछि त्यही विद्यालयले विश्व भारतीय रूप लियो र आज यो भारतको ठूलो विश्वविद्यालयको रूपमा खडा छ ।

रवीन्द्रनाथ बंगालका सम्पन्न परिवारमा जन्मेर पनि अरूले जस्तै जीवनमा अनेक दुःख-सुख भोगेका छन् । तेह्र वर्षको उमेरमा यिनकी आमाको मृत्यु भयो। आमाको मृत्युपछि यिनको हेरविचार यिनकी भाउज्यूबाट भयो । उनलाई साहित्य र संगीतमा प्रेरणा दिएर साहित्यमा

लगाउने भाउजू पनि एक हुन्। रवीन्द्र चौवीस वर्षका हुँदा भाउजुको पनि मृत्यु भएकाले यिनले ठूलो चोट सहनुपर्‍यो। त्यतिमात्र होइन, यिनी एकचालीस वर्षको हुँदा यिनकी श्रीमतीले पनि संसार छोडिन्। त्यसैको ६ महिनापछि यिनकी छोरीको क्षयरोगले मृत्यु भयो। हैजाले गर्दा उनको कान्छा छोराको पनि मृत्यु भयो। यिनी चवालीस वर्षको हुँदा यिनका पिता पनि परलोक भए। यसरी एकपछि अर्को गर्दै थपिएका शोकले उनको मन तड्पिन थाल्यो। यस बेला उनले गीताञ्जली लेखे।

एकाउन्न वर्षको उमेरमा दोस्रोपटक बेलायत जाँदा जहाजमा रवीन्द्रनाथले अंग्रेजीमा गीताञ्जलीको अनुवाद गरे। यसलाई देखेर उनका अंग्रेजी साथीहरू सबै खुशी भए। गीताञ्जलीको अंग्रेजी अनुवाद अति प्रसिद्ध भयो। यसमा उनले नोवेल पुरस्कार पाए। उनी यसैबाट विश्व प्रसिद्ध भए।

असी वर्षको उमेरमा आफ्नो जोडासाँकू भवन कलकत्तामा परिवार र शिष्यहरूका माझमा रवीन्द्रनाथले प्राण त्याग गरे। उनी आज यस संसारमा छैनन्, तर आफ्ना अमर कृतिहरू गीताञ्जली (काव्य), काबुली वाला (कथा) र गोरा (उपन्यास) जस्ता प्रसिद्ध कृतिहरूबाट उनले आफ्ना अमर सन्देशहरू दिइरहेका छन्। यिनै कृतिहरूमा उनी आफू पनि अरम भएका छन्।

अभ्यास

शब्द र अर्थ

कवित्व	– कविको भावात्मक गुण
मौलिक	– आफ्नो पन भएको
प्रतिभा	– नयाँ-नयाँ सृजना गर्ने शक्ति
मन-मोहक	– मनलाई लोभ्याउने
प्राकृतिक सौन्दर्य	– प्रकृतिमा पाइने सुन्दरता वा राम्रो पन

प्रश्नहरू

१. रवीन्द्रनाथको जन्म कहिले र कहाँ भयो? लेख्नुहोस्।
२. रवीन्द्रले साहित्य सिर्जना गर्ने प्रेरणा कस-कसबाट कसरी प्राप्त गरे? लेख्नुहोस्।
३. रवीन्द्रका जीवनमा के-कस्ता दुःखका घटनाहरू आइपरे? उल्लेख गर्नुहोस्।
४. रवीन्द्रले कुन अन्तरराष्ट्रिय पुरस्कार प्राप्त गरे, त्यो उनलाई कुन कृतिका लागि दिइएको हो? बताउनुहोस्।
५. रवीन्द्रको विवाह कति वर्षको उमेरमा कसँग भयो? लेख्नुहोस्।

६. तपाईंलाई रवीन्द्रको कुन-कुन कृतिको नाम थाहा छ? लेख्नुहोस् ।

७. तलका उखानको तात्पर्य स्पष्ट हुने गरी वाक्य बनाउनुहोस्
"दुङ्गो खोज्दा चौता मिल्नु"

८. यस पाठको तेस्रो अनुच्छेद राम्ररी पढी त्यसलाई एक तिहाई भागमा छुट्याएर लेख्नुहोस् ।

९. संसार छोड्नु र परलोक हुनु भनेको के हो? स्पष्ट गर्नुहोस् ।

व्याकरण

वाक्य विश्लेषण

कुनै-कुनै सरल वाक्यलाई टुक्र्याएर अरू धेरै सरल वाक्य पनि बनाउन सकिन्छ । जस्तैः– महेश बसेर पढ्छ – यो एक सरल वाक्य हो । यसलाई टुक्र्याएर दुइ ओटा सरल वाक्य बनाउन सकिन्छ । महेश बस्छ । महेश पढ्छ ।

यसरी वाक्यलाई टुक्र्याउने कामलाई वाक्यविश्लेषण भन्दछन् । सो वाक्यविश्लेषणको ठीक उल्टोजस्तो देखिन्छ । संश्लेषण गर्दा धेरै सरल वाक्यलाई एउटै सरल वाक्यमा लेख्नुपर्छ भने विश्लेषण गर्दा एउटा सरल वाक्यलाई टुक्र्याएर धेरै बनाउनुपर्दछ । यसो गर्दा एर, ई, तै, दै जस्ता कृत् प्रत्यय लगाएर बनाइएका शब्दलाई पूर्णक्रियापद प्रयोग गर्नुपर्दछ ।

जस्तैः–

(क) सरल वाक्यको विश्लेषण

हरि घर गएर (गई) आयो	(क) हरि घर गयो ।
	(ख) हरि आयो ।
रीता हाँस्दै आई	(क) रीता हाँसी ।
	(ख) रीता आई ।

जसरी वाक्यसंश्लेषण गर्दा नामको विशेषता जाहेर गर्ने खालका वाक्यलाई विशेषण बनाएर प्रयोग गरिन्छ, त्यसरी नै विश्लेषण गर्दा त्यस विशेषणलाई लिएर छुट्टै वाक्य बनाइन्छ । जस्तैः– इमानदार रामलाई सबै चिन्दछन् । यस वाक्यको विश्लेषण गर्दा – (क) राम इमान्दार छ । (ख) उसलाई (रामलाई) सबै चिन्दछन् । यहाँ पहिला वाक्य रामको विशेषण भएर आएको इमानदार शब्दलाई लिएर बनाएको छ ।

(ख) संयुक्त वाक्यको विश्लेषण

यसै गरी संयुक्त वाक्यहरूमा दुई वा अनेक स्वतन्त्र वाक्यहरू संयोजक शब्दहरूद्वारा जोडिएका हुन्छन् । जस्तैः–

संयुक्त वाक्य	विश्लेषण
(अ) गोठालो गाई दुहुन्छ, घाँस पनि काट्छ।	१. गोठालो गाई दुहुन्छ २. गोठालो घाँस काट्छ । ३. संयोजक : पनि
(आ) त्यसको बोली कडा छ तर भित्र दया छ।	१. त्यसको बोली कडा छ । २. त्यसको भित्र दया छ । ३. संयोजक : तर

प्रश्नहरू

१. वाक्यविश्लेषण भन्नाले तपाईं के बुझ्नुहुन्छ? भन्नुहोस् ।

२. वाक्यविश्लेषण र संश्लेषणमा के फरक पाउनुहुन्छ? बताउनुहोस् ।

३. तलका वाक्यको विश्लेषण गर्नुहोस्

(क) सीता पढ्ने लेख्ने काम गर्छे ।

(ख) रवीन्द्रकी भाउजु संगीत प्रेमी थिइन् ।

(ग) रामको बिहान डुल्ने बानी राम्रो हो ।

(घ) रामकी पत्नी सीता पतिव्रता थिइन् ।

(ङ) मुडुलो टाउको लिएर विद्यालय जान रवीन्द्र हच्किए।

४. तलका वाक्यलाई तीनवटा वाक्यमा टुक्याउनुहोस्

पृथ्वीको धूलोलाई नै साक्षात् ईश्वर भान्ने महान् कवि रवीन्द्रनाथ ठाकुर भारतीय कविहरूमा सर्वश्रेष्ठ मानिन्छन् ।

एउटा व्यापारीको चिठी

पत्र संख्याः– २०८।०३६

लोक प्रकाशन
महेन्द्र पुल, पोखरा
मितिः– २०३६।३।३

विषयः– थोक बिक्रेता बन्न पाउँ ।

श्रीमान् प्रमुख व्यवस्थापक,
साझा प्रकाशन,
पुल्चौक, ललितपुर

महोदय,

उपयोगी पुस्तक पत्रपत्रिकाहरूको बिक्रीवितरण गरी नेपाली भाषा साहित्यको यथाशक्य सेवा गर्ने उद्देश्यले हाम्रो यो प्रकाशन तथा बिक्री केन्द्र खुलेको हो । भरखरै खुलेको नयाँ संस्था खुलाले कार्यलाई व्यवस्थित रूप दिएर आफ्नो लक्ष्यमा पूर्ण सफलता हासिल गर्न अझै केही समय लाग्ने छ तापनि हामी ग्राहक वर्गलाई संतुष्टि दिन भरमग्दुर प्रयत्न गरिरहेका छौं ।

कार्यको प्रारम्भिक अवस्थादेखि नै अरू कतिपय प्रकाशनले सहयोग गरी भरथेग गर्दै आएका छन् । हामीले त्यस प्रकाशनको पनि खुद्रा बिक्रेताको रूपमा सेवा गर्ने अवसर पाएकै हौं, त्यसका लागि आभारी छौं । अब ग्राहकको बढदो मागलाई ध्यानमा राखी हामी त्यस प्रकाशनको थोक बिक्रेता बन्न इच्छुक छौं । अतएव प्रकाशनको नियम बमोजिम हामीलाई थोक बिक्रेताको रूपमा अधिकार दिई सहयोग गर्न श्रीमान समक्ष विनम्र अनुरोध गर्दछौं ।

आशा छ, हाम्रो यस नौलो उत्साहप्रति विशेष सहानुभूति राख्नुहुनेछ ।

तपाईंको विश्वास पात्र
तेजप्रकाश गुरुङ
प्रतिनिधि लोक प्रकाशन

अभ्यास

प्रश्नहरू

१. हिमाली बेत-बाँस उद्योगको थोक बिक्रेता हुन घरेलु शिल्पकला बिक्री भण्डारले लेख्ने पत्रको ढाँचा तयार गर्नुहोस् ।

२. बाँसबारी छाला जुत्ता कारखानाबाट एक हजार जोर जुत्ता झिकाउन बाँसबारी छाला जुत्ता कारखानाको शाखा अफिस दाङले लेख्ने पत्र तयार गर्नुहोस् ।

३. रत्न पुस्तक भण्डारले साझा प्रकाशनबाट किताबहरू झिकाउँदा लेख्ने पत्र लेख्नुहोस् ।

४. व्यापारी धनमानले नेपाली कागत उद्योगबाट एक सय रिम कागत झिकाउनका लागि लेख्ने पत्र लेख्नुहोस् ।

५. माथिको चिठी पढेर लोक प्रकाशनलाई साझा प्रकाशनका तर्फबाट उत्तर लेख्नुहोस् ।

६. गणेश छापाखाना बैतडीले जनक शिक्षा सामग्री केन्द्र लि.लाई पाठ्यपुस्तक छाप्न पाउँ भनी लेख्नेको चिठीको नमुना तयार पार्नुहोस् ।

व्याकरण

(क) उद्गार चिन्ह

आश्चर्य अपशोच खुशी घृणा आदिको भाव लेखेर प्रकट गर्दा (!) यस्तो चिह्न लाग्दछ। जस्तैः– ओहो ! राम राम !! हा हा !! सीते ! हुर्रे ! मरें ! स्याबास ! हि हि !! धिक्कार ! धिक्कार !! ज्या ! आमै ! ए उहु ! कठै ! दुर-दुर !!

(ख) अल्प विराम चिह्न (,) प्रयोग गरी तलका वाक्य शुद्ध गर्नुहोस्

हरि राम कृष्ण र दिनेश आए। उनीहरूले केरा सुन्तला आँप अनार र मेवा बाँडेर खाए।

प्रश्नहरू

१. उद्गार चिह्नको प्रयोग कस्तो-कस्तो ठाउँमा गरिन्छ ? भन्नुहोस् ।

२. उद्गार चिह्न प्रयोग गरेर दश-दशओटा वाक्य बनाउनुहोस् ।

(ग) श्रुतिसमभिन्नार्थक शब्द

कतै-कतै सुन्दा उस्तै लाग्ने तर अर्थ अर्कै दिने शब्दहरू हाम्रा भाषामा अनेकौं छन्, जसलाई उच्चारण स्पष्ट गरेर मात्र छुट्ट्याउन सकिन्छ ।

जस्तैः–

आहुति – होम, हवि
आकृति – आकार, प्रकार, बनौट, ढाँचा
जुवा – गोरु नार्ने साधन
जूवा – धन सम्पत्ति आदि हारजीत हुनेगरी बाजी राखी खेलिने खेल ।

चिर – धेरै दिनसम्म
चीर – वस्त्र
पानी – जल
पाणि – हात

अभ्यासका लागि प्रश्न

१. तलका शब्दलाई स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्

तिर, तीर, चिर, चीर, जुवा, जूवा, जुन, जून, बाजि, बाजी, फेरि, फेरी, पट्टि पट्टी ।

२. तलका शब्दको अर्थ लेख्नुहोस्

खाक, खाग, दिन, दीन, पाश, पास, दुर, दूर, ।

३. शुद्ध गर्नुहोस्

(क) घाउमा पट्टी लगाउनुपर्छ ।

(ख) जुवा कहिल्यै नखेल ।

(ग) रामले पानी पियो ।

(घ) आमाले कपासमा धेरै ज्यापू पाउनुभयो ।

(ङ) राम ज्यादै जती छ ।

सुन्दरीजल

जनकलाल शर्मा र राजेश्वर देवकोटा

जनकलाल शर्मा– जन्म विक्रम संवत् १९८३ इलाम, मेची अञ्चल, पिता गोविन्दप्रसाद शर्मा ढकाल, माता कौशल्या देवी, भारतबाट साहित्यरत्न, प्रकाशित कृति– राप्ती उपत्यका, ललितकला र साहित्य, नेपाली निबन्धावली आदि ।

राजेश्वर देवकोटा– जन्म विक्रम संवत् १९८६ गोर्खा, गण्डकी अञ्चल, पिता हरिभक्त देवकोटा, माता वसुन्धरादेवी, पटनाबाट बी.ए. प्रकाशित कृति, नेपाली व्याकरणको पुस्तक, नेपाली निबन्धावली, साहित्य र राजनीतिसम्बधी अन्य पुस्तकहरू ।

प्रस्तुत "सुन्दरीजल" निबन्ध लेख लेखकद्वय लिखित नेपाली निबन्धावलीबाट लिइएको हो । यसमा सुन्दरीजलको स्थान र बाटोको मात्र वर्णन छैन, प्रकृतिबाट पाइने सौन्दर्य र सुन्दरीजलको रमाइलो चित्र पनि खिचिएको छ । अन्त्यमा सुंन्दरीजलको प्रकृतिलाई सजीव देखाउन प्रकृतिमा हुर्किएका प्राणी र वनस्पति समेत संलग्न भएको कुरा स्पष्ट पारिएको छ ।

सुन्दरीजलको महिमा कसले मात्र गाएको छैन ? भानुभक्त त्यहाँ पुगेनन् जस्तो छ । नत्र भने बालाज्यूको त्यस्तो वर्णन गर्ने मान्छेले सुन्दरीजलको महिमा किन नगाउँदा हुन् ? सुन्दरीजलको महिमा गाउनेहरूमा लक्ष्मीप्रसाद देवकोटा प्रख्यात छन् । उनको सुन्दरीजल स्फुट-काव्य निकै राम्रो छ ।

सुन्दरीजल काठमाडौंबाट साढे तीन कोष उत्तर-पूर्व पहाडको खोंचमा पर्दछ । पहाडको खोंचमा त्यहाँ सुन्दर कल-कल गर्ने झरना छन् । झरनाको पानी कञ्चन र झरना बग्ने ठाउँ सेतो देखिन्छ । त्यहाँ एउटा पोखरी छ । नीलो पोखरी छ, पोखरीको वरिपरि सानुतिनु जंगल निकै रमाइलो देखिन्छ । पोखरी स्वच्छ छ । पोखरीको पींधमा टल्कने ढुंगाहरू स्पष्ट देखिन्छन् । पोखरीभित्र माछाले पारेको लहर बिस्तारै उर्लेर आउँछ । माछाहरू रंगीचंगी छन् । सङ्लो पानीभित्र नाना थरीका नाना आकारका माछाले मान्छेको हृदय रमाइदिन्छन् ।

सुन्दरीजल पहाडको खोंचमा छ तर सुन्दरीजल पोखरी निकै पहाड चढेपछि आउँछ । काठमाडौंबाट सुन्दरीजलको फेदीसम्म मोटरको बाटो छ । मोटर स्टेसनबाट सुन्दरीजल पोखरीमा पुग्ने एक कोष उकालो जानुपर्छ । पहाडको उकालो चढ्नु असजिलो हुन्छ तर त्यहाँ बाटो चौडा र राम्रो बनाइएको छ । बाटोबाट एउटा ठूलो ढ्वांग आएको तिमी देख्नेछौ । त्यो ढ्वांगबाट सुन्दरीजलको पानी ल्याइएको छ । शहरमा आउने बिजुली त्यहाँ उत्पादन गरिन्छ । सुन्दरीजलको

फेदीमा बिजुलीको पावर-हाउस छ । माथिबाट ढ्वांगद्वारा पानी ल्याई त्यहाँ बिजुलीको उत्पादन हुन्छ ।



सुन्दरीजल राम्रो भएकोले त्यसको महिमा बढाउन र त्यहाँको सौन्दर्यको आनन्द त्यहीं बसेर लिन पहाडको बीचमा एक बंगला बनाइएको छ । बंगला सरकारको अधीनमा छ । हरियो पहाडको बीचमा रातो बंगला र हरियो अग्ला पहाडहरूको पछाडिपट्टि सेतो हिमाल मिलेजस्तै छैनन् ? पहाडको भिरालो काटेर यो बंगला बनाइएको छ । बंगलाको अगाडि निकै ठूलो आँगन पनि तयार गरिएको छ ।

सुन्दरीजलको नाउँ जस्तो छ ठाउँ पनि त्यस्तै छ । मानौं सुन्दरीजलको नाउँ नै त्यहाँको पानीको सौन्दर्य हेरेर राखिएकोजस्तो छ । सुन्दरीजल भनेर त्यहाँ जल मात्र सुन्दर होइन, जल जहाँ पनि हुन्छ, तर जल सुन्दर हुनलाई जल हिंड्ने ठाउँ जलवरिपरिको प्रकृति, हावा सुन्दर भयो भने जल वगेको राम्रो देखिन्छ । यहाँ जल बग्दैन, जल नाच्छ । जल यहाँ कहिले ढुंगामा ठक्कर खाएर गीतको झैं र बाजाको झैं आवाज गर्छ । कहिले यो धारा परेर तल बज्रन्छ, कहीं छचल्किन्छ, कतै ढंगाको अन्तरमा लुकेर अनि निस्केर लुकामारी खेलेझैं गर्छ । पानी चिसो छ । पानीको सद्गुण चिसो हुनुमै त छ । जस्तै– गर्मीका दिनमा पनि सुन्दरीजल पुगेपछि देह ठण्डा हुन्छ । त्यसै कसैले कुनै ठाउँको महिमा गाउदैन । साँच्चै नै प्रकृतिमा मान्छेको हृदय पगाल्ने शक्ति हुन्छ । सुन्दरीजलको प्रकृति राम्रो भएर कविहरूलाई र लेखकहरूलाई आफ्नो महिमा गाउन लोभ्याउँछ । त्यहाँ कल्पना गर्नेहरूलाई प्रकृतिले अनेकौं प्रकारका कल्पना दिन्छ । यस्तै गर्मी छल्नेहरूलाई आराम दिन्छ । सुन्दरीजलले कसलाई के दिंदैन ? गर्मीमा पनि सुन्दरीजलमा पोखरीमा नुहाउन निकै कठिन पर्छ, त्यो यति चिसो छ। स्वच्छता, पवित्रता, शैत्य, सौन्दर्य, गाम्भीर्य यहाँ के छैन ?

सुन्दरीजलको वन सधैं हरियो रहन्छ । यहाँ गुरांस पाइन्छ । गुरांस निकै रातो र ठूलो फूल हुन्छ । हरियो र होचो रूखका राता र ठूला फूल निकै मनोहारी हुन्छन् । वसन्त र ग्रीष्मको महीनामा जब पालुवाले भरिभराउ हुन्छन्, त्यहाँ तब लता कुञ्जहरूको सौन्दर्यता सीमा

पुन्दछ । चराहरूको यो गुण नै हो जहाँ बनेली छ, त्यहाँ चराहरूको आवाज, सल्लाको मर्मर र पानीको कलकल मिलेर सुन्दरीजलमा स्वर्ग उतार्दछन् ।

अभ्यास

शब्द र अर्थ

स्फुट	–फुटकर
सद्गुण	–असल गुण
शैत्य	–शीतलता, ठण्डी
गाम्भीर्य	–गहिराइ
मनोहारी	–मननै लोभ्याउने (राम्रो)

प्रश्नहरू

१. सुन्दरीजलको महिमा कस-कसले गाए र कसले गाएनन् ? भन्नुहोस् ।
२. सुन्दरीजलको पोखरी कस्तो छ र यो काठमाडौंबाट कति टाढा पर्दछ ? लेख्नुहोस् ।
३ बिजुलीको पावर हाउस सुन्दरीजलमा कहाँ पर्दछ र त्यहाँ पानी कहाँबाट कसरी ल्याएको छ ? बयान गर्नुहोस् ।
४. कवि र लेखकहरूलाई सुन्दरीजलले किन प्रभाव पार्छ ? कारणसहित चर्चा गर्नुहोस् ।
५. आफूले देखेको कुनै रमणीय स्थानको वर्णन गरेर एउटा छोटो निबन्ध लेख्नुहोस् ।
६ यस पाठको पाँचौं अनुच्छेद पढी सकेसम्म मुख्य कुराहरू नछुटाई एक तिहाइ भागमा लेख्नुहोस् ।
७. तलका विषयमा निबन्ध लेख्नुहोस्
जुनेली रात, दीपावलीको झिलिमिली, असारको पन्ध्र ।

व्याकरण

(क) कोष्ठक चिन्हको प्रयोग

वाक्य, वाक्यांश वा शब्दगत अर्थ प्रस्ट पार्नका लागि कोष्ठक चिह्नको प्रयोग गर्न सकिन्छ ।

जस्तै:– नेपालले असंलग्न (कुनै पनि शक्तिको गुटमा नलाग्ने) परराष्ट्र नीति अपनाएको छ ।

तलका वाक्यहरूमा दिइएका कोष्ठक चिन्ह भित्र उपयुक्त शब्द राखी प्रस्ट पार्नुहोस् ।

(१) नेपाल एउटा असंलग्न ( ) परराष्ट्र नीति भएको देश हो ।
(२) अन्धो ( ) मान्छे जान्छ ।
(३) राम भकभके ( ) मान्छे हो ।

(ख) पदान्त ह्रस्व

पदान्तमा निम्न अनुसार शब्द ह्रस्व लेखिन्छन् ।

१. भाले जाति (पुल्लिंग)लाई बुझाउने शब्द-नाति, ज्वाइँ, पनाति भाइ, पोइ, पति, भिनाजु कुपाजु, गोरु ।

२. "नु" प्रत्यय लागी बनेका नाम-पढ्नु, लेख्नु, हेर्नु ।

३. "आइ" "याइ" प्रत्यय लागेका भाववाचक नाम- पढाइ, लेखाइ, हेराइ, बोलाइ, बुझाइ, मुर्छाइ ।

४. अव्यय शब्दहरू (दीर्घका नियमभित्र परेकाभन्दा बाहेक)
भोलि, पर्सि, अस्ति, पछि, माथि, वारि, पारि, पट्टि, पनि, वरिपरि, निम्ति लागि ।

५. नपुंसक लिंग "उ" कारान्त शब्द (दीर्घका नियममा परेका बाहेक)
भानु, छानु, गानु, आलु, केराउ, गाउँ, हिउँ, दाउ, हाउ, भाउ, कुनिउँ, जिउ, थपु, पिंडालु

६. पञ्चमी विभक्तिको चिह्न- देखि

७. विशेष भए पनि "आलु' प्रत्यय लागेका शब्द- मायालु, दयालु ।

(ग) विशेष कुराहरू

१. भाले जातिलाई बुझाए पनि हात्ती संधी, खसी, स्वामी अन्तमा दीर्घ लेखिन्छ ।

२. संस्कृतबाट जस्ताको तस्तै आएका शब्द संस्कृतमा जस्तै ने लेख्ने चलन छ। केही प्रचलित शब्द यसप्रकार छन् १) शान्ति, कान्ति, ज्योति, नीति, रीति, प्रीति, स्थिति, अनुभूति, सहानुभूति, श्रुति, शम्भु, विष्णु, हरि, मति, गीत, जाति, प्रभु, वायु, आयु, मधु, पशु, गुरु, मृत्यु साधु, बन्धु, सिन्धु, (२) लक्ष्मी, शशी, श्रीमती, सुश्री, तेजस्वी, यशस्वी, ओजस्वी मेधावी, नदी, कुमारी, तरुनी, युवती (ति), स्वयम्भू ।

अभ्यासका लागि प्रश्न

१ पदान्तमा "इ" कार कहाँ-कहाँ ह्रस्व लेखिन्छ, उदाहरण दिई चर्चा गर्नुहोस् ।

२. पदान्तमा "उ" कार कहाँ ह्रस्व लेखिन्छ, स्पष्ट गर्नुहोस् ।

३. शुद्ध गर्नुहोस्

(क) सिताले नातीको मुख हेरिन् ।
(ख) शशिले प्रीतिलाई दयालु स्वरमा भनी ।
(ग) सहानुभूति पूर्ण स्वरमा हरीले विष्णुलाई सम्झाए ।
(घ) पढ्न, लेख्नु राम्रो काम हो ।
(ङ) बद्रिको छोरिले हनुमानसँग बिहे गरि ।
(च) गाउँमा गएर आलु र केराऊको तरकारीसित चिउ होलेर पकाएको भात खाउ ।

इन्द्रधनु

—महाकवि लक्ष्मीप्रसाद देवकोटा

जन्म विक्रम संवत् १९६६, बाग्मती अञ्चल, काठमाडौं जिल्ला, डिल्लीबजार। पिता तिलमाधव देवकोटा, माता राज्यलक्ष्मी। बी. ए. बी. एल. गरी एम. ए. सम्मको अध्ययन। रोयल नेपाल एकेडेमीका सदस्य। डा. के. आई सिंहको मन्त्रिमण्डलमा शिक्षा मन्त्री। मृत्युपछि त्रिभुवन पुरस्कारबाट सम्मानित। प्रकाशित कृति-शाकुन्तला, सुलोचना (महाकाव्य) मुनामदन (खण्डकाव्य), भिखारी र पुतली (कविता संग्रह) लक्ष्मी निबन्ध संग्रह (निबध संग्रह), चम्पा (उपन्यास), लक्ष्मी कथा संग्रह (कथा संग्रह), कृषिवाला, (गीति नाटक) आदि धुप्रै काव्य र विभन्न कृतिहरू। मृत्यु विक्रम संवत् २०१६ काठमाडौं, आर्यघाट।

प्रस्तुत "इन्द्रधनु" कविता "पुतली" कविता संग्रहबाट लिइएको हो। यसमा इन्द्रधनु (इन्द्रेनी) को सुन्दर वर्णन गरिएको छ। बहुरंगी इन्द्रधनुलाई झल्किने शीत दाना, मान्छेलाई दंग पार्ने मनको रंगीन तरङ्ग, स्वर्गका अप्सराको सितारा जडिएको करमबन्ध, ईश्वरले संपूर्ण प्राणीहरूलाई बालक संझेर हेरेको र प्रेमको रस चखाउन आएको पुष्प लहर हो कि भन्ने कल्पना गर्दै बालक हृदयका कुतकुतीलाई स्पष्ट रूपमा अभिव्यक्ति गरिएको छ।

मोहनी छ प्रभुको कति रंगी
हेर इन्द्रधनुमा अब संगी!
घाम फुट्छ जलमा झलमल्ल
काँचका किरणका रंगतुल्य

लच्किएर झलमल्ल सिंगारी
आफूलाई जगतै खुश पारी
क्या मुजूरहरूलाई नचाई
हाँस्छ इन्द्रधनु कीर्ति फिजाई!

फूलको रंग सबै यसमा छ
फूल के त सब नानि! त्यहाँ छ?
बिन्दूबाट यसको रंग झर्दा
यो कि फूल रंगिला जल पर्दा!

शीतको झिलिमिलि सब दाना
झल्ल रूखभर झल्किइ नाना
जो बिहान रंग फुट्छ हजार
सोही इन्द्रधनु हो कि विचार !

रंग-रंगसित घेर तरंग
आउँछन् जुन बनाउँछ दंग
भिन्न-भिन्न मनमा सुखसँग
सोही इन्द्रधनु हो कि तरंग ।

झल्लमल्ल सितराहरू सारा
रङ्ग-रङ्ग जडिईकन सारा ।
लचकिने कमरबन्द परीको
हो कि इन्द्रधनु स्वर्गपुरीको ।

आँसुका लहरमा झलमल्ल
संझनासित बलीकन बल्ल ।
ईझले सकल बालक संझी
हेर्दछन् कि त उजातिर ब्यूँझी ।

या त फूलहरूको लहराई
रंगदार धनु तुल्य मलाई
प्रेमको रस चखाउनलाई
बर्र-बर्र सँग अर्दछ आई ।

अभ्यास

शब्द र अर्थ

नाना – धेरै, अनेक, केटाकेटीको बोलीमा लुगा
तरंग – नदीको छाल, मनमा उठेको अनेकौं कुराको रहर
सितारा – ताराजस्तै झल्कने एक किसिमको टीका
कमरबन्द – कमरपेटी

१. तल दिइएका प्रश्नहरूको उत्तर छोटकरीमा लेख्नुहोस्

(क) इन्द्रधनुले आफ्नो कीर्ति कसरी फिजाउँछ र ऊ किन हाँस्छ ?
(ख) फूल रंगिलो हुनाको कारण कविले के सोचेका छन् ?
(ग) इन्द्रधनुलाई कविले परीको कमरबन्द हो कि भन्नाको कारण खुलाउनुहोस् ।

२. इन्द्रधनु कविताको सार खिचेर लेख्नुहोस् ।

३. प्रसंग मिलाएर व्याख्या गर्नुहोस्

ईशले सकल बालक सम्झी
हेर्दछन् कि उतातिर म्यूँझी ।

४. आशय स्पष्ट गर्नुहोस्

घाम फुट्छ जलमा झलमल्ल ।

व्याकरण

१. कर्तृवाच्यका पन्ध्र वाक्य प्रयोग गरेर इन्द्रधनु कविताको सारांश लेख्नुहोस् ।

२. तल दिइएका शब्दहरूका विपरीत शब्द लेखी वाक्यमा प्रयोग गर्नुहोस्

घाम हाँस्छ, सबै फुट्छ, स्वर्ग, कीर्ति, बनाउँछ ।

३. तल दिइएका क्रियापद प्रयोग गरी कुराको सिलसिला मिलाएर वाक्य बनाउनुहोस्

फुट्छ, हाँस्छ, हेर्दछन्, झर्दछ ।

४. तल दिइएका छुट्टाछुट्टै वाक्यलाई एउटै वाक्यमा लेख्नुहोस्

(क) सूर्य उदाए । आकाश उज्यालो भयो ।
(ख) पानी पर्छ । खोलो बढ्छ । म आउँदिन ।

५. तल दिइएका वाक्यको विश्लेषण गर्नुहोस्

(क) झरी पर्नाले बाटो हिलो भयो ।
(ख) प्रतिभाशाली हुनाले उमेश जेहेन्दार छात्रवृत्ति पाउँछ ।

देवदूतको न्याय

काठमाडौंबाट धेरै टाढा अरुण नदीको छेउमा एउटा सानो गाउँ थियो । त्यो सानो गाउँमा एउटी बिधुवा बाहुनी बस्दथिन् । तिनको नाम राधा थियो । उनकौं स्वभाव दुष्ट थियो । सधैं गाउँघर चाहारेर अर्काको कुरो गरेर अरुलाई झगडा गराएर नहिंडे उनलाई खाएको पनि पच्दैनथ्यो । तिनका एउटा छोरो र एउटी छोरी थिए । छोराको नाम मोहन थियो । छोरीको नाम गीता थियो । राधा छोरालाई अत्यन्त माया गर्दथिन् । छोराको बानी उनको-जस्तै खराब थियो । उनी घरको सानोभन्दा सानो काम पनि छोरालाई लगाउँदिनथिन् । छोरीलाई भने देखिसहन्नथिन् । गाउँघरको मेलापात जाने कामदेखि लिएर घरको सम्पूर्ण काम छोरीले नै गर्नुपर्थ्यो । घरमा पाकेको मीठोचोखो पनि उनी खान पाउन्नथिन् । उनले दिनहूँ गाउँदेखि टाढाको इनारबाट पानी ल्याउनुपर्दथ्यो ।

एक दिनको कुरा हो । गीता रातिनै पानी लिन इनारमा गइन् । उनी इनारमा पुग्दा भरखर झिसमिसे उज्यालो भएको थियो । एक जना मानिस हतारहतार गरेर दौडेर आउँदा उनको खुट्टामा अल्झेर इनारमा खस्यो । इनार पनि निकै गहिरो थियो । त्यसैले त्यो मानिस इनारबाट निस्कन सकेन । गीता ज्यादै दयालु र सुशील केटी थिइन् । उनले हतपत आफ्नो पटुका फुकालेर त्यस मानिसलाई एक छेउमा समात्न दिइन् र अर्को छेउ आफूले समातेर उसलाई इनारबाट उतारिन् ।

ती मानिस देवदूत थिए । उनी रातमा सम्पूर्ण गाउँको हालखबर टिपेर देवताकहाँ लैजाने गर्दथे । त्यो दिन उनी सधैं नै गाउँका सम्पूर्ण कुराहरू टिपेर जाँदै थिए । गाउँलेहरूले आफूलाई देख्लान् भन्ने डरले उनी हतार-हतार गरेर दौडेका थिए । उनले निहुरेर इनारबाट पानी झिक्न लागेकी गीतालाई देखेनन् । त्यसैले उनी इनारमा खसेका थिए ।

ती देवदूत गीतादेखि धेरै खुशी भए । उनले गीताको अनुहारलाई चन्द्रमाजस्तै चम्किलो बनाइदिए । त्यस्तो चम्किलो अनुहार देखेर बाटामा भेट भएका मानिसहरूदेखि लिएर गाउँ-

जेबराम घर गया तब उसने भातखाया

घरका मानिसहरूले पनि उनको प्रसंशा गर्न थाले र उनको नाउँ नै सबैले चन्द्रमुखी राखे । हुन पनि उनी बसेका बेला रातमा बत्ती बाल्न पर्दैनथ्यो। उनको मुखको चमकले नै त्यो घर र वरिपरि समेत उज्यालो भए झैं लाग्दथ्यो।

राधाको बानी डाहाडे थियो । उनी अरूले आफ्नी छोरीको प्रशंसा गरेको सुन्न पनि चाहंन्नथिन् । त्यसैले उनले छोरीको दाँजोमा आफ्नो छोराको पनि त्यस्तै राम्रो र चम्किलो मुख बनाउने इच्छा गरिन् । उनले एक रात गीतालाई मुख चम्किलो हुनाको कारण कोट्याएर सोधिन् । गीताले पनि इनारमा पानी लिन लाग्दा आफ्नो खुट्टामा अल्झेर एक जना मानिस इनारमा खसेको र आफूले यसलाई उतारेको कुरा बताइन् । त्यसपछि त्यस मानिसले उनको मुख चम्किलो बनाएको कुरा पनि बताइन्। यी कुराहरू सुनेपछि राधाले छोरालाई पनि पानी लिन पठाउने विचार लिइन्। मोहन पनि ज्यादै लोभी थियो। त्यसैले उसले राम्रो हुने लोभमा पानी लिन जान मन्जुर गरयो ।

यही दिन आधारातमा राधाले मोहनलाई गाग्री बोकाएर पठाइन्। तर मोहन अल्छी र कहिले काम नगरेको हुनाले बल्ल-बल्ल स्वाँ-स्वाँ गर्दै इनारमा पुग्यो। त्यसबेला देवदूत पनि बिस्तारै त्यही बाटो गरेर जान लागेका थिए । मोहनको स्वभाव निहुँखोजाहा र दुष्ट भएकाले उसले देवदूतलाई छिर्के हालेर इनारमा खसाल्न खोज्यो। देवदूतले थाहा पाइहाले र उत्तिखेरै तेरो शरीर सबै कालो होस् भनेर सरापे । नभन्दै मोहनको शरीर उत्तिखेरै गोलजस्तै कालो भयो । ऊ सकी नसकी गाग्रो काँधमा राखेर मसानबाट पोल्दापोल्दै उछिट्टिएको जस्तै रूप लिएर आयो । यो देखेर राधा जिल्ल परिन् । देवदूतले सरापेकाले छोराको रूप यस्तो भएको सुनेर त्यस देवदूतसँग बदला लिने सुरले राति छोरा र गीतालाई लिएर उनी त्यस इनारमा गइन् तर देवदूतलाई उनले भेट्न सकिनन् ।

अब मानिसहरूले थाहा पाइसके भनेर देवदूत कसैले नदेख्ने गरी हावाको रूपमा हिंड्दथे। राधाले महिनौंसम्म यही इनारको छेउमा बसेर देवदूतको बाटो हेरिन्, तर उनले देवदूतलाई भेट्दै भेटिनन् । त्यसैले आफ्नो छोरालाई कुरूप बनाउने त्यस देवदूतलाई उनले अनेकौं किसिमले गाली गरिन्, सरापिन् । यसले गर्दा देवदूत उनीदेखि ज्यादै रिसाएर उनको रूप बानरको जस्तो र शरीर कुप्रो बनाइदिए। आफ्नो रूप त्यस्तो भएपछि राधाले बल्ल चेतिन् । अनि उनले काम गर्ने चन्द्रमुखी गीता छोरीलाई माया गर्न लागिन् ।

यसरी अर्काको लोभ र डाहा गर्ने बानी भएकाले राधाले बाँदरमुखी बनेर कुप्रेर हिंड्नु-परयो ।(अरूमाथि कालो विचार राखेकाले मोहनको रूप कालो भयो। सबलाई दया गर्ने र सुशील भएकीले गीता चन्द्रमुखी बनेर रहिन्) अर्काको लोभ, डाहा गर्दा र अरूलाई नराम्रो दृष्टिले हेर्दा दैवले पनि त्यसलाई दण्ड दिन्छ, दया गर्दा पुरस्कार दिन्छ । दया नै ठूलो धर्म हो । यसले नै मानिसलाई बाँचुन्जेल सुख र सन्तोष दिलाउँछ ।

अभ्यास

प्रश्नहरू

१. राधाको बानी कस्तो थियो र उनी अरूसँग कस्तो व्यवहार गर्थिन् ? लेख्नुहोस् ।
२. गीताले घरमा कस्तो काम गर्नुपर्थ्यो, भन्नुहोस् ।
३. गीतालाई सबैले चन्द्रमुखी भनेर किन नाम राखे ? कारण दिनुहोस् ।
४. मोहनको शरीर गोलजस्तो कालो हुनाका कारण उल्लेख गर्नुहोस् ।
५. देवदूतले राधालाई कस्तो दण्ड किन दिए ? स्पष्ट गर्नुहोस् ।
६. यो पाठ पढेर तपाईंले के कुरा बुझ्नुभयो ? लेख्नुहोस् ।
७. भाव स्पष्ट पार्नुहोस्

दया नै ठूलो धर्म हो । यसले नै मानिसलाई बाँचुन्जेल सुख र सन्तोष दिलाउँछ ।

८. तल दिएका बुँदाका आधारमा एउटा छोटो कथा लेखी त्यसको मिल्दो शीर्षक समेत राख्नुहोस्

एक रात । पानी पर्दैछ । नजीकै पाटी । पाटीमा पौवाली । एक रुपैयाँ भाडा । एउटा मान्छे । रुखमुनि भाइ । थप अर्को रुपैयाँ । भाइ छैन । ढोका बन्द । पाँच रुपैयाँ झिक । जस्तालाई तेस्तै ।

व्याकरण

शब्द मुख्य गरी दुई किसिमका हुन्छन् । मूल र व्युत्पन्न ।

मूल शब्द

घर, भेडा, अनि, पनि, तर, खा, जा आदि शब्दहरूमा कुनै पनि प्रत्यय लागेका छैनन्, यसैले ती मूल शब्द हुन् ।

व्युत्पन्न शब्द

गरी, भनेको, मुख्याई, धुपौरो, यस्तो, त्यस्तो, चन्द्रमुखी, वानरमुखी, आहार, विहार आदि शब्दहरू कुनै प्रत्यय लागेर कुनै समास भएर र कुनै उपसर्ग लागेर बनेका छन् । त्यसैले यिनलाई व्युत्पन्न शब्द भन्दछन् ।

व्युत्पन्न शब्दहरू पनि चार किसिमका छन्

१. कृत प्रत्यय लागेर बनेका शब्द
२. तद्धित प्रत्यय लागेर बनेका शब्द
३. समास भएर बनेका शब्द
४. उपसर्ग लागेर बनेका शब्द

कृत प्रत्यय लागेर बनेका कृदन्त शब्द

पढाइ, बुनाइ, बोल, लेख, छापा, लेखा, जोखा, गर्नु, सजावट, शब्दहरू धातुमा कृत् प्रत्यय लागेर बनेका शब्द हुन् । जस्तैः–

धातु	प्रत्यय	कृदन्त
गर्–	नु	गर्नु
बोल्–	अ	बोल
छाप्–	आ	छापा
सज्–	आवट	सजावट

यसरी धातुमा प्रत्यय लागेर बनेका शब्दहरूलाई कृदन्त भन्दछन् । धातुमा आइ, अ, आ, नु, आवट, ओट, औना, आन, आरो, आउ आदि कृत् प्रत्यय लाग्दा नाम शब्द बन्दछन् ।

नमुना अभ्यास

प्रश्नहरू

१. शब्द कति किसिमका हुन्छन् ? तिनको नाम लेख्नुहोस् ।

२. मूल र व्युत्पन्न शब्दलाई कसरी छुट्याउन सकिन्छ ? लेख्नुहोस् ।

३. तल दिइएका शब्दहरू मूल वा व्युत्पन्न कस्ता किसिमका शब्दहरू हुन् छुट्याउनुहोस्]

डाहा, पर, मन्, चन्द्रमुखी, गोल, गाउँ, प्रहार, खसाइ, उतारेको, अघि, पछि ।

४. तल दिइएका शब्दहरूका मूल र प्रत्यय छुट्याएर लेख्नुहोस्

छापा, बनोट, सजावट, खेलौना, लेखाइ, चलान, दलान, पकाउ, जोतारो ।

५. व्युत्पन्न शब्दहरू कति किसिमबाट बन्दछन् ? भन्नुहोस्]

६. तलका प्रत्यय लगाएर पाँच-पाँच शब्द बनाउनुहोस्

न, आइ, ओट, आवट, अ ।

अब्राहम लिङ्कन

दुःखीको घरमा मात्र तेरो बास हुने भए
हे ईश्वर ! दया राखी मलाई अझ दुःख दे ।

(मुकुन्द इन्दिरा)

बालकृष्ण समज्यूको माथिको उद्गार अब्राहम लिङ्कनमा ठीक्क मिल्न जान्छ । लिङ्कन गरीब जुलाहाका कुलमा जन्मेका थिए । यसै गरीबीको आगोमा सुनझैं खारिएर संयुक्त राज्य अमेरिकाजस्तो विशाल देशको सोह्रौं राष्ट्रपति हुन पुगे ।

अब्राहमका पिता थोमस लिङ्कन संयुक्त राज्य अमेरिकाको केन्टीको भन्ने राज्यको एउटा गाउँमा बस्थे । यहीं एउटा झुप्रोमा अब्राहमको जन्म सन् १८०९ को फरवरी महीनामा भएको थियो तर आफ्नो कुनै खेतीपाती वा अरू स्थायी आयको व्यवस्था नभएकाले अब्राहमलाई पनि उनकै साथमा भौतारिन-पर्थ्यो । केटाकेटीका लागि जहाँ आफ्ना बाबु-आमा त्यहीं घर ।

लिङ्कन यिनको पारिवारिक नाउँ थियो । पछि उनी पनि अब्राहमभन्दा बढी लिङ्कनका नाउँबाट प्रख्यात भए । यिनकी आमा धार्मिक स्वभावकी थिइन् । आमाको यही संस्कार मनमा परेकाले लिङ्कन धर्म र ईश्वरमा आस्था राख्ने भए, तर आमाको चाँडै देहान्त भएकाले उनी र उनकी दिदी बालक अवस्थामा टुहुरा भए । टुहुराको सहाय दैव भनेझैं लिङ्कनका बाबुले अर्की एउटी महिलासँग विवाह गरे । हुन त संसारमा सौतेनी आमा भनेका ज्यादै बदनाम छन् तर कतै-कतै यस्ता सौतेनी आमा पनि पाइन्छन्, जसले मातृहीन झड्केला छोराछोरीलाई आफ्ना गर्भका सन्तानलाई भन्दा पनि बढी माया र प्रेम गर्छन् । लिङ्कनको सौभाग्यले गर्दा ती महिला त्यस्तै वात्सल्यमयी र पृथ्वीजस्तो विशाल हृदयी थिइन् । त्यसैले लिङ्कन र उनकी दिदीले आमाको वियोगको त्यति कष्ट भोग्न परेन । यी दुई टुहुरा दिदीभाइलाई उनले आफ्नै छोराछोरीलाई झैं माया गरेर हुर्काइन् ।

अब्राहम लिङ्कन जन्मँदा ज्यादै पिलन्धरे र झीना थिए । उनको शरीर उमेरमा पनि त्यति फस्टाउन सकेन र पछिसम्म उनी दुब्लापातला र ज्यादै खबटे अनुहारका थिए । हो, उनी अग्ला भने झन्डै दुई मिटरभन्दा पनि बढी थिए । उनी आफ्ना पितासँग शिकार खेल्न र पौडी खेल्न जान अत्यन्त रमाउँथे । घरमा पनि दाउरा चिर्ने, छाप्रो बनाउन काठहरू ओसार्ने काममा बाबुलाई धेरै सघाउ पुऱ्याउँथे । यिनै मिहिनेत र कसरतको कारणले बाहिरबाट

त्यस्ता पिलन्धरे र ब्याउटे देखिए पनि बुरो भने उनको बडो दबिली थियो । उनी बडा स्फूर्तिला र आँटिला थिए ।

लिङ्कनका बाबु गरीब भएकाले छोराछोरीहरूलाई भनेजस्तो विद्यालयमा शिक्षा-दीक्षा दिलाउने बन्दोबस्त गर्न सकेनन्, तर लिङ्कनमा ज्ञानको भोक तीव्र भएकाले उनी प्रशस्त पुस्तकहरू पढ्थे र उनलाई कितावी ज्ञानचाहिं सानैमा [illegible] प्राप्त भैसकेको थियो । गाउँको जीवन हुनाले उनको बाहिरी समाजसँग सम्पर्क थिएन, त्यसैले उनलाई शहरको रमझम र गन्जागोलको प्रत्यक्ष ज्ञान थिएन । उनी आफ्नो र छिमेकमाथिको सीमित आकाश र आँखाले भेटेसम्मको धर्तीको विस्तारलाई हेरेर त्यसभन्दा पर के होला भन्नेबारे सोचिरहन्थे । उनी कहिले आफ्नो घर नजिकै बग्ने नदीलाई हेर्दै त्यसको टुङ्गो कहाँ होला भनी आश्चर्य मान्थे ।

पिताका साथ नयाँ-नयाँ बस्तीको खोजमा डुल्न नयाँ-नयाँ गाउँ र वातावरण देखेर रमाउँथे साथै छक्क पनि पर्थे ।

लिङ्कन पहिलोपल्ट एक जना धनीका छोराको साथमा शहर पुग्दा त्यहाँका झिलीमिली र त्यहाँका आधुनिक उपकरणहरू देखेर उनी ज्यादै चकित भए । उनी आफ्नो कौतूहललाई शान्त गर्न शहरमा घुमी त्यहाँको सबै कुराको अध्ययन गर्न थाले । त्यत्तिकैमा एउटा चौबाटोमा कालो मानिसको लिलामबिक्री हुनलागेको देखे । त्यस मानिसको घाँटीमा पशुको घाँटीमा झैं सिक्रीले बाँधिएको थियो र त्यहाँ भीडमा जम्मा भएका धनीहरू उसको बढीबढाउ मोल गर्न थालेका थिए ।

लिङ्कनले यसरी लिलाम गरेको कहिल्यै देखेका थिएनन् । त्यसैले यो के हो भनेर बुझ्न एक जना मानिससँग सोधे- यहाँ के गर्न लागेको ? यो घाँटीमा सिक्रीले बाँधेको मानिस को हो ?

लिङ्कनको प्रश्नको उत्तरमा त्यस मानिसले यहाँ कमाराकमारीको लिलामबिक्री हुन लागेको छ, यो कालो कमारो हो र उसको मालिकले उसलाई बेच्न खोज्दैछ । धनी मानिस-हरू तँछाडमछाड गरेर उसलाई किन्न खोज्दैछन् भनेर बेलीबिस्तार लगायो । यसरी मान्छेलाई पशुझैं बिक्री गर्न लागेको देखेर ती बालक लिङ्कनका मनमा बडो दुःख लाग्यो । उनले मनमनै आफूसँग सोधे- के मानिसलाई पनि पशुजस्तै गरी बेच्नु न्याय हो ?

होइन, यो अन्याय हो । उनको आत्माले चिच्याएर भन्यो । तर अर्कोपल्ट पनि उनले यसै गरी काला आइमाई र लोग्नेमाछेको लिलाम भएको देखे । यी काला मानिस गोराहरूले अफ्रिकाबाट शिकार गरी ल्याएका थिए । यसैले गोराहरूको उनीहरूमाथि मनलागी व्यवहार गर्न कानूनी हक थियो । उनलाई असह्य भयो । यसरी धनीले धनको बलमा अर्को मानिसलाई

कमारो तुल्याई पशुझैं व्यवहार गर्नु घोर अन्याय हो । यस्तो कानून छ भने यो कानून होइन कु-कानून हो । यस्तो प्रथाको नाश हुनुपर्छ । उनका मनमा यस्तै कुरा खेल्न थाले ।

यतिखेर अमेरिका अंग्रेजको पंजाबाट फुत्किसकेको थियो र प्रजातन्त्रवादी व्यवस्था त्यहाँ थियो तर त्यहाँ चलेको यस्तो कुप्रथा लिङ्कनलाई प्रजातन्त्रको मुखको कालो दाग झैं लाग्यो । उनले अलि पढेलेखेर अध्ययन गरेपछि त्यहाँका मैं हुँ भन्नेहरूलाई भने, कमारो भनेर पशुझैं बेच-बिखन गर्न पाइन्छ ? त्यसलाई प्रजातन्त्र भन्न त प्रजातन्त्रको खिल्ली उडाउनु हो । के यसले तपाईंहरूको नाक काटिएन ?

गरीबको छोरा लिङ्कनको कुरा कसले सुन्ने ? त्यहाँका धनी मानिस ठूलाबडा जमिनदार पूँजीपतिहरूले उनलाई वाहियात र मगज सड्केको भनेर उडाउन थाले, तर उनको विचारले उनीहरू भित्र-भित्र डराउन थालेका थिए । त्यसकारण उनीहरू लिङ्कनका विरोधी भए ।

तर लिङ्कन बडा दृढनिश्चयी मानिस थिए । त्यसैले उनले मन-मन एउटा डरलाग्दो प्रतिज्ञा गरे– "म एक दिन यस घीनलाग्दो प्रथालाई जरैसमेत उखेलेर फाल्ने छु ।"

प्रतिज्ञा त गरे, तर यो सजिलो कुरा थिएन । यसका लागि उनले यहाँका जनतालाई विश्वास पारेर शक्ति आफ्नो हातमा लिनुपर्ने थियो, तर उनी हिम्मतहारा थिएनन् । उनले मानिसहरूमा यो प्रथाको खराबी र अन्यायबारे चेतना फैलाउन थाले । उनी यति बेलासम्म वकिल पनि भैसकेका थिए । उनले गरीब र असहाय पक्षबाट मुद्दा लड्न पनि शुरु गरे । उनको यस्तो मानवीय कार्यले गर्दा अमेरिकाका आधाभन्दा बढी जनता उनका समर्थक भए र चुनाउमा उनलाई जिताए र आफ्नो देशको राष्ट्रपति बनाए । एउटा गरीब दाउरेको छोरा बुद्धि र जनताप्रतिको इमानदारीको बलले त्यत्रो अमेरिकाको राष्ट्रपति बने ।

राष्ट्रपति बनेपछि त लिङ्कनको हातमा भनेजस्तो शक्ति आइहाल्यो । पछि उनले तत्कालै अमेरिकामा कमाराकमारीको प्रथाको उन्मूलन गर्न उनीहरूको ऋण सरकारले तिरिदिने घोषणा गर्दै प्रस्टसँग भने– "अबदेखि अमेरिकामा कमाराकमारी किनबेच गर्ने र मानिसलाई कमाराकमारीको रूपमा राख्न पाइन्न । जो यस कानूनको अवहेलना गर्ला त्यसले कडा सजायँ पाउला ।

यो उर्दीले सारा गरीब जनता र काम्रहरूको र सरकारको पक्षमा भयो, तर पनि जमिनदारहरू सरकारको विरोधी भए । उनीहरूले लिङ्कन सरकारको अपमानको साथै जनतामा दास प्रथा कायम राख्ने चेतना जगाउने प्रयत्न गर्दैरहे । आखिर यस कुरामा लिङ्कनको जीत भयो । तर घृणित धनीवर्ग उनीदेखि अत्यन्त चिढिएको थियो । एक रातमा नाचघरमा नाच हेरिरहेको बखत यिनै मध्येको कुनै नरपिशाचले लिङ्कनलाई पछाडिबाट गोली हानेर मारिदियो ।

असल कार्यमा यस्तै विघ्न पर्छ र मानवताका पूजारी, सत्यका भक्त महापुरुषहरू यस्ता विघ्नबाट डग्दैनन् र आफ्नो महान् कार्यको टुंगो लगाउनमै प्राण दिन्छन् । लिङ्कन पनि त्यस्तै महापुरुष थिए र उनले मान्छेको निधारबाट ठूलो कलंकको टीका मेट्न संघर्ष गरे । आखिर यसलाई सफल पारेर मरे । ठूला मान्छे संसारको कुनै कुनामा जन्मे तापनि उनीहरू विश्वकै भएर रहेका हुन्छन् ।

अभ्यास

शब्द र अर्थ

जुलाहा	– कपडा बुन्ने मान्छे
आस्था	– श्रद्धा, विश्वास, पत्यार
वात्सल्य	– छोराछोरीलाई गरिने माया
पिलन्धरे	– दुब्लो, कमजोर
चुरो	– भित्रीसार
कौतूहल	– खुल्दुली
उन्मूलन गर्नु	– जरैदेखि उखेल्नु
नरपिशाच	– पिशाचको जस्तो स्वभाव भएको मानिस, नीच

प्रश्नहरू

१. अब्राहम लिङ्कन कहाँका हुन् र उनको बाल्यकाल कसरी बित्यो ? बयान गर्नुहोस् ।
२. लिङ्कनको शारीरिक बनोट कस्तो थियो र उनी कसरी दरिलो हुन सके ? भन्नुहोस् ।
३. 'दुहुराको सहाय दैव' भन्ने उक्ति लिङ्कनको जीवनमा कसरी लागू हुन्छ ? स्पष्ट गर्नुहोस् ।
४. पहिलोपल्ट शहर जाँदा लिङ्कनले कस्तो अनुभव गरे ? बताउनुहोस् ।
५. कालाहरू को थिए र उनीहरूमाथि गोराहरूको कस्तो व्यवहार देखेर लिङ्कन विचलित भए ? लेख्नुहोस् ।
६. लिङ्कनले के प्रतिज्ञा गरेका थिए र कसरी उनले त्यो पूरा गरे ? लेख्नुहोस् ।
७. एउटा गरीब गाउँले ठिटो कसरी अमेरिकाको सर्वोच्च पदमा विजयी भयो ? बयान गर्नुहोस् ।

८. तात्पर्य खुलाउनुहोस्

(क) केटाकेटीको लागि जहाँ आफ्ना बुबाआमा त्यहीं घर ।

(ख) जुन देशमा मानिसलाई कमारो बनाएर पशुजस्तै बेचबिखन गर्न पाइन्छ, त्यस देशलाई प्रजातन्त्रवादी भन्नु त प्रजातन्त्रको खिल्ली उडाउनु हो ।

(ग) असल कार्यमा यस्तै विघ्न पर्छ तर मानवताका पूजारी, सत्यका भक्त महापुरुषहरू यस्ता बिघ्नवाट डग्दैनन् र आपना महान् कार्यको टुंगो लगाउनैमा प्राण दिन्छन् ।

९. तलका शब्द र पदावलीलाई अर्थ राम्ररी खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस्

निखुरा, पिलन्धरे, तँछाडमछाड, सीमित, आकार, नाक काटिनु, कानूनी हक, किताबी ज्ञान ।

व्याकरण

तद्धितान्त शब्द

शहरिया, धुपौरो, नेपाली, मुर्ख्याईं, बढ्याईं आदि तद्धितान्त प्रत्यय लागेर बनेका तद्धितान्त शब्द हुन् । नाम, सर्वनाम, विशेषण, अव्यय आदिमा तद्धित प्रत्यय लगाएर नाम, सर्वनाम विशेषण, अव्यय, धातु आदि बनाउन सकिन्छ ।

नाम शब्दमा तद्धित प्रत्यय लागेर नामै बनेका तद्धितान्त शब्दहरू यसप्रकार छन्–

नाम प्रत्यय	तद्धितान्त शब्द	
आगो + एनु	– अगेनु	(नाम)
मित + एरी	– मितेरी	"
हत + इयार	– हतियार	"
धूप + औरो	– धुपौरो	"
कवि + ता	– कविता	"
देव + ता	– देवता	"

नाम शब्दमा तद्धित प्रत्यय लागेर विशेषण बनेका शब्दहरू यसप्रकार छन्–

नाम प्रत्यय	विशेषण तद्धितान्त शब्द	
पूर्व + ईया	– पूर्वीया	(विशेषण)
रस + इलो	– रसिलो	"
दूध + आलु	– दूधालु	"
शहर + इया	– शहरिया	"
गुठी + इयार	– गुठियार	"
डोको + ए	– डोके	"
ठिमी + ले	– ठिमीले	"

नाम शब्दमा तद्धित प्रत्यय लागेर अव्यय बनेका शब्दहरू–

नाम प्रत्यय	अव्यय शब्द
वर्ष + एनी	– वर्षेनी
दिन + हुँ	– दिनहुँ
जुग + आन	– जुगान
साल + इन्दा	– सालिन्दा
महिना + औं	– महिनौं

नमुना अभ्यास

१. तद्धितान्त शब्दहरू कसरी बन्दछन् ? लेख्नुहोस् ।

२. **तल दिइएका शब्दहरू कस्ता किसिमका शब्द हुन् ? तिनीहरूमा प्रकृति र प्रत्यय छुट्याएर लेख्नुहोस्**

जुगान, कविता, अगेनु, गुठियार, घण्टौं, नूनिलो, दरबारिया र अमेरिकाली ।

३. **तलका नाम शब्दमा तद्धित प्रत्यय लगाई विशेषण बनाउनुहोस्**

मल, सुन, पाल्पा, जापान, माया ।

४. **तलका नाम शब्दमा तद्धित प्रत्यय लगाई नाम बनाउनुहोस्**

नोकर, खाट, गाग्रो, पात, खुसी, चाकर ।

५. **तलका प्रत्यय लगाई शब्द बनाउनुहोस् र ती शब्द नाम वा विशेषण के हुन् ? सो पनि छुट्याउनुहोस्**

ई, आइलो, एली, याली, आरो, औरा ।

६. माथिको पाठबाट तद्धितान्त शब्द खोजी तिनलाई आफ्नो वाक्यमा प्रयोग गर्नुहोस् ।

नीतिशतकबाट

– चक्रपाणि चालिसे

जन्म– विक्रम संवत् १९४०, वाग्मती अञ्चल, भक्तपुर जिल्ला, कटुन्जे गाउँ। पिता डिट्ठा प्रेमलाल र माता चन्द्रमाया। वनारसबाट व्याकरण विषयमा मध्यमासम्मको अध्ययन। गोरखा भाषा प्रकाशिनी समिति र गोखापत्रमा जागिरे। प्रकाशित कृति संक्षिप्त रामायण र संक्षिप्त महाभारत (गद्य), चक्र कविता तरङ्गिणी (पद्य) अन्य फुटकर कृतिहरू। मृत्यु पश्चात् त्रिभुवन पुरस्कारद्वारा सम्मानित। मृत्यु– विक्रम संवत् २०१५ साल।

प्रस्तुत "नीतिशतकबाट" कविता "चक्र कविता तरङ्गिणीको" उपदेश शतकबाट लिइएको हो। यसमा कविले जीवनमा बिर्सनै नहुने खालका मीठा-मीठा उपदेश दिएका छन्।

विद्वान्मा गुण नै हुन्छ, मूर्खमा दोष नै सब।
तस्मात् मूर्खं हजारौंमा विद्वान् यौटै विशेष छ ॥
विद्वान् हुनु नृप हुनु कसै हुन्न बराबर
राजा स्वदेशमा पूज्य हुन्छ, विद्वान् सबैतिर ॥
गुण छैन भने ठूला कुलमा जन्मि हुन्छ के।
अकुलीन पनी विद्वान् भए पूजिन्छ लोकले ॥
विद्यामा नलगाएर छोरा स्वाँठ बनाउने।
ग्रामा बाबु दुवै शत्रु हुन् ती धोखा दिलाउने ॥
हाँसको फौजमा जस्तो बकुल्लो हुन्न शोभित
त्यस स्वाँठ पनि विद्वत्सभामा हुन्न शोभित ॥
मूर्ख पुत्र हजारौंमा बेश यौटै गुणी सुत।
जस्तो ताराविशे एक अन्धनाशक चन्द्र झैं ॥
जलेको वृक्ष यौटैले वनै सारा जलाउँछ।
त्यस्तै कुपुत्र यौटैले कुलै सारा बहाउँछ ॥
सुन्दैन यदि सुन्नेले बोल्नेले मात्र गर्नु के।
नङ्गाका देशमा धोबी गई पाउँछ काम के ॥

अभ्यास

शब्द र अर्थ

अकुलीन – सामान्य परिवारको

JHALANG JHULUNG

शोभित – शोभा पाएको
विद्वत्सभा – विद्वान्हरूको सभा (भेला)
ताराविषे – ताराहरूमध्ये
अन्धनाशक – अँध्यारो नाश गर्ने

प्रश्नहरू

१. विद्वान् र मूर्खमा के फरक पाउन सकिन्छ? कविताकै आधारमा लेख्नुहोस् ।
२. यस कवितामा कस्ता आमाबाबु शत्रु हुन् भनिएको छ? बताउनुहोस् ।
३. विद्वान्हरूका माझमा मूर्ख मानिस कस्तो देखिन्छ? भन्नुहोस् ।
४. धेरै छोरा हुनुभन्दा एउटा गुणवान् छोरा हुनु वेश छ, उदाहरण दिंदै यस भनाइलाई स्पष्ट गर्नुहोस् ।
५. यो कविता पढेर के-के कुरा सिक्नुभयो? लेख्नुहोस् ।
६. व्याख्या गर्नुहोस्
   (क) अकुलीन पनी विद्वान् भए पूजिन्छ लोकले ।
   (ख) त्यस्तै कुपुत्र यौटैले कुलै सारा बहाउँछ ।
   (ग) नङ्गाका देशमा धोबी गई पाउँछ काम के ।
७. तलका शब्दहरूको उल्टो अर्थ जनाउने शब्द लेख्नुहोस्
   विद्वान्, गुण, ठूलो, शत्रु, सुपुत्र, कुलीन ।
८. तल दिइएका उखानहरूको अर्थ स्पष्ट गरी वाक्यमा प्रयोग गर्नुहोस्
   (क) कच्चा वैद्यको मात्रा यमपुरीको यात्रा ।
   (ख) जुन गोरुको सिङ छैन उसको नाउँ तीखे ।
   (ग) नाच्न नजान्ने आँगन टेढो ।
   (घ) नमच्चिने पीङको सय झड्का ।
   (ङ) पशुपतिको यात्रा सिध्राको बेपार ।
   (च) जुँगा चल्यो कुरा बुझ्यो ।
   (छ) ताक परे तिवारी नत्र गोतामे ।
   (ज) मुखमा रामराम बगलीमा छुरा ।
   (झ) रछान चलाई मुखमा छिटा ।
   (ञ) भाग्यमानीको भूतै कमारो ।
   (ट) कान छाम्नु छैन कागको पछि दगुर्नु ।

९. तल दिइएका टुक्काहरूलाई अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गर्नुहोस्

ठाडो घाँटी लाउनु, टुपी काट्नु, घर खानु, कुलेलम ठोक्नु, मन चोर्नु, कुरा खानु, डाँडो काट्नु, हावा बुस्कनु, पसेंको बोको हुनु, नुन खाएको कुखुरा बन्नु, सिल्टिमुर खानु, भात खानु, मुख पर्नु, आँखाको कसिङ्गर हुनु, मुख हेर्नु ।

वाक्य, ~~स्वतन्त्र~~ रुपले ~~चाम~~ जोक्न विराउ

1

भूतको शिकार

(यस कथामा समाजभित्र रहेका सोझासाझा जनतालाई अनावश्यक दुःख दिएर विध्वंसात्मक कार्य गर्ने पल्केका नीच, स्वार्थी, समाज विरोधी तत्त्वको सक्कली अनुहार देखाएर गाउँका किशोरकिशोरीहरूले समाजको मद्दत गरेका छन् ।

यसबाट हाम्रा समस्त किशोरहरूका हृदयका अन्धविश्वास, रूढिवादी परम्परालाई उखेलेर आत्मविश्वास, साहस, लगनशीलता, सच्चरित्रताको विकास गरेर उनीहरूलाई समाजहितका कार्यमा अग्रसर हुन प्रेरित गरिएको छ ।)

राधाले बद्रीको कोठामा पसेर बद्रीलाई झिँगल्दै उठाई । बद्री त्यतिबेला पद्दापद्दै थाकेर आँखा झुकाउन लागेको थियो । राधाको झाँगलझुङ्गलले झोक्किदै उठ्यो ।

"तिमी यहाँ किन आएको ? . . . . . अर्काले कति मीठो सपना देख्न लागेको बेलामा त्यसै उठाइदिइन्" – बद्री आँखा मिच्दै अलि रिसाएको भावमा राधासँग भुतभुतायो ।

"लौ हेर । दिउँसो पनि सपना देख्छ कोही ?" राधाले भनी– "दिउँसो त लाटोकोसेरो मात्र सुत्छ । बेलानकुबेला सुत्नु हुन्न भनेर माष्टर साहेबले भन्नुभाको बिस्यौं ? फेरि आज चारबजे चौतारामा मिटिङ छ, हेर्न जाने भन्या होइन ?"

"बूढापाकाको मिटिङमा हाम्रो के काम" बद्रीले अझ अरठिएर भन्यो, तर उसको मनमा पनि मिटङ हेर्न जाने उत्सुकता भने गहिरो थियो । हुन त बद्री र राधाको टोलीमा कुनै पनि तेह्र चौध वर्षभन्दा बढी उमेरका थिएनन् तर उनीहरू गाउँका सभामा, मिटिङमा भएका छलफलहरू खूब मन लगाएर सुन्थे र बूढापाकाहरूलाई आइपरेको समयमा आफ्नो बुद्धि र वर्कतले भेटेसम्म गुप्तरूपले मद्दत गर्दथे ।

राधाले सम्झाएपछि बद्रीको दबेको उत्सुकता जाग्यो । ऊ राधाको साथमा पीपलको चौतारोतिर गयो । नभन्दै यहाँ बूढापाकाहरू भेला भएर एउटा ठूलो समस्या माथि छलफल गर्दै थिए । यस गाउँमा पानीको अनिकाल थियो र यसैले गर्दा उब्जनी राम्रो दिँदैन थियो । त्यसै वर्ष सरकारी सहयोगबाट गाउँमा गाउँकै मानिसको श्रमद्वारा एउटा एक डेढ माइल लामो कुलो ठूलो खोलाबाट ल्याई यसैबाट एउटा धारा पनि बनाउने निधो भएको थियो । त्यसै बमोजिम कुलो पनि खनियो, तर कुलो पूरा हुनमा भने एउटा ठूलो बाधा परिरहेको थियो । गाउँलेहरू दिनभर कुलो खनेर तयार गर्थे, तर अर्को दिन हेर्दा कुलो भत्किएको हुन्थ्यो । यसैगरी धेरैपल्ट यो घटना भएपछि गाउँका मूली दानवीर साहुले सबै गाउँले भेला गराई छलफल गर्न लागेका थिए ।

बद्री र राधा पनि त्यहीं एक छेउमा गएर बसे। माया, ऊ र उसका टोलका अरू साथी अघि नै आएर बसेका थिए। छलफल शुरु भैसकेको थियो ।

"यो मान्छेको काम होइन, दैवको खेल हो।" सानु थापाले भन्यो – "बाबुबाजेले नगरथा काम गर्न थालेपछि। कुलोसुलो भर्सेला परोस्। यसबाट कसैको भलो हुने होइन। अहिले त कुलो मात्र भत्केर जनाउ भयो– पछि भने के पो हुने हो ।"

सानु थापालाई जगने शाहीले समर्थन गरयो । कि देवता रिसाए, कि भूतप्रेतले उपद्रो गरेको हो भनेर उसले ठोकुवा गरयो, तर अरू नयाँ जोशका ठिटाहरूलाई यो कुरा मन परेन। दुनियाँको असल हुने कुरामा देउता किन रिसाउने ? "यो कुनै भूतप्रेतको काम पनि होइन, यो कुनै दुष्टको काम हो, त्यसैले पत्तो लगाई समस्या सुल्झाउनुपर्छ" भन्ने कुरामा छलफल हुन थाल्यो ।

बद्रीलाई र राधालाई पनि सानु थापा र जगनेका कुरा मन परेनन्। उनीहरूलाई पनि भूतप्रेत अथवा देउताले त्यो काम गरेको पक्कै होइन बरु कुनै बदमास मानिसको यो काम हो। भन्ने विश्वास थियो। त्यसैले सभाको छलफल चल्दाचल्दै बद्री, माया र राधा अलि पर छुट्टिएर बसे र आफ्नै ढंगले समस्या माथि छलफल गर्न थाले ।

"यो भूत र देवतासेवताको कामै होइन" बद्रीले भन्यो– "मानिसको कुभलो गर्छ भने त्यो देवतै कसरी भयो ?"

त्यो मलाई त थाहा छैन बा" – राधाले भनी "बूढापाकाले भन्या कुरा" "बूढापाकाले भन्या भन्दैमा हुन्छ" बद्री अलि झोक्कियो – "सुनिनौ जगनेका कुरा ? देवता रिसाएर भूत पठाएको रे अनि भूतले कुलो भत्काएको रे। म त पत्याउन्न यस्ता कुरा ।"

हो त त्यस्तो कुरा पनि पत्याइन्छ ?" मायाले पनि बद्रीकै पक्ष लिई "मैले त कहिल्यै भूत देखेकै छैन। तिमीले देख्याछौ बद्री ?"

"मैले त देख्या छैन ।" बद्रीले भन्यो– "कसैले पनि देख्या छैन । हुँदै नभएको कुरा पनि देखिन्छ कतै .....कान छाम्नु छैन कागको पछि दगुर्ने ।"

"त्यसो भए कुलो कसले बिगारेको होला त ?" राधाले शंका गरी। बद्रीले ठोकुवा गरेर भन्यो– "यो कुनै दुष्टको काम हो। म चियो बसेर यसलाई नपक्डी छोड्दिन, राती कुन बेला त्यो भूत आउँदोरहेछ हेर्नौं। कहाँ जालास् मछली मेरै ढडिया।"

"आमै तिमी भूत पक्डने ? ....." राधा आश्चर्य र डर मिसिएको स्वरमा चिच्याई– "नाई बा मत तिमीसँग जान्न ।।"

"तिमी डरछेरुवी नआए न आउन त" बद्रीले भन्यो– "हामी त जान्छौं हगि माया? आँटी छोरालाई बाघले पनि खाँदैन ।"

मायाले बद्रीको साथ दिने आश्वासन दिई। यसै रात भूतको शिकारमा जाने निधो गरेर सबै घर-घर गए ।

बेलुकी अँध्यारो निकै गाढा भएपछि बद्री, राधा र मायाले चौतारामा भेट गरे। उनीहरू घरबाट नै एउटा निहुँ गरेर आएका थिए । साथमा बद्रीले एउटा टर्चलाइट र खुकुरी पनि लिएको थियो। पीपलको चौतारामा केही बेर बसेर सल्लाह गरिसकेपछि उनीहरू कुलोतिर लागे ।

गाउँभन्दा करीब तीन-चार सय गज तल डोलखेतको किनारैकिनार कुलो खनिएको थियो। त्यस कुलोको नजीकै भूतले धेरैजसो भत्काउने ठाउँ छानेर उनीहरू त्यहीं लुकेर बसे । त्यहाँ रूख र ऐसेलुका बुट्टाहरूको छायाले गाढा चूक घोप्टयाए झैं अँध्यारो थियो र लुकेर बसेका केटाकेटी अँध्यारोमा एकाकार भएका थिए ।

रात चकमन्न र उराठलाग्दो थियो । झ्याउँकिरीको झ्याउँ-झ्याउँ स्वर, गाउँमा कुकुर भुकेको स्वर, कुनै-कुनै बखत लाटोकोसेरोको एकोहोरो स्वरबाहेक अरू कुनै स्वर सुनिदैनथ्यो। राधा, माया र बद्रीको मनमा भिन्न त केही डर लागेको थियो र डरायो भन्ला भन्ने डरले उनीहरू ढुक-ढुक गर्दै मुटु दबाएर बसेका थिए ।

"बद्री, हामी बेकार शीत खान आएका" आधा घण्टाजति पखिदा पनि भूतको पत्तो नभएकोले राधाले आफ्नो अधैर्य दबाउन सकिन– "सके भूतले शिकारमा आएको कुरा थाहा पाइसक्यो होला । उनका पनि त सी. आई. डी. होलान् नि, नहोलान् र ?"

"तिमी पानीमरुवी, तिमी डरायौ" बद्रीले अलि झोक्किएर भन्यो, "तिमी बस्तिनौ भने जाऊँ । ..... म त .....।"

तर यसपटक आज पक्कै भूत आउँदैन, बरु अर्को दिन आएर फेरि-फेरि कोसिस गरौंला भनेर मायाले पनि राधाकै पक्ष लिई । बद्रीले बडो अनिच्छाले सकारे झैं यो कुरा सकारयो "लौ तिमी, लुत्याइहरू डरले काँप्छौ भने म एक्लैको के लाग्छ–बहुमतको कदर गर्नै परयो ।"

वास्तवमा भन्ने हो भने बद्री पनि भिन्न-भिन्न नडराएको र त्यहाँ बस्ता अधैर्य नभएको होइन तर आफैंले घर फर्कने कुरा गरेर ती केटाकेटीहरूका अगाडि आफ्नो डरछेरुवापन स्वीकार गर्न उसलाई सरम लाग्थ्यो। यसैले मायाबाट प्रस्ताव आएपछि उसले बडो कठिन सँग मन्जुर गरे झैं अभिनय गर्दै त्यो कुरा सकारयो । अर्को रात फेरि आउने निधो गरेर यस दिन उनीहरू घर फर्के ।

भोलिपल्ट पनि त्यसै गरी रात परेपछि भूतको शिकार गर्ने उद्देश्यले तीनै जना केटाकेटी त्यहाँ गए, तर त्यस दिन पनि भूत आएन । त्यसै गरी तीन चार दिन जाँदा पनि भूत नआउँदा उनीहरू निराश भए तर पाँचौं दिनमा आधा घण्टा पनि कुर्न नपर्दै एउटा कालो छाया बिस्तारै कुलोतिर बढ्न लागेको बद्रीले देख्यो ।

"राधा" उसले आतंकले सिरिङ्ग हुँदै राधाको पाखुरा समात्यो । त्यसदिन माया सन्चो नभएर आएकी थिइन, बद्रीकी बहिनी छाया भने बडो जिद्दी गरेर दाजुसँग गएकी थिई ।

बद्रीको खासखुसले राधाले अँध्यारोमा आँखा च्यातेर हेरी त अँध्यारोमा हत्तपत्त केही देख्न सकिन्नथ्यो । आँखालाई ज्यादै तिखारेर राधाले पनि अँध्यारोमा साँच्चै एउटा कालो छाया आफूहरू भएतिर बढ्दै गरेको देखी तर यो भूत थियो वा मानिस, ठम्म्याउन अझै मुस्किल पर्थ्यो । राधा झन्डै आतंकले चिच्याएकी तर बद्रीले आफ्नो हातले उसको मुख थुनिदियो र आवाज निस्कन दिएन ।

"होसियार है राधा" बद्रीले राधाको कानैमा मुख लगाएर हप्की लायो । अनि दुवै ऐसेलुको झ्याङमा लुकेर बसे ।

उनीहरूले देखेको कालो छाया कुलोको डीलमा उभियो । ताराको उज्यालोमा उसको कालो-कालो आकृति आकाशको पृष्ठभूमिमा साँच्चै भूत झैं लाग्यो । त्यो छाया डीलमा झुक्यो र काँधबाट के हो ठूलो हतियार झिकेर कुलोको डिल खन्न थाल्यो ।

"खबरदार !" बद्री हातको टर्चलाइट बालेर यस छायातिर झम्टयो– "एक पाइला अगाडि बढाइस् भने ....."

अकस्मात् आफ्ना आँखामा परेको तीव्र प्रकाश र कसैले हकारेको तीखो स्वरले त्यो छाया जड झैं भयो । अनि एक्कासि हातको कोदाली त्यसै फालेर मृग कुदे झैं एकातिर भाग्यो ।

'ए काका ! ए रामजी दाइ .....भूत, भूत ! मैले कुलो बिगार्ने भूत समातें । आउनोस् छिटो आउनोस् ..... मैले भूत समातें । बद्री बत्तीको उज्यालो त्यस छायामा फ्याँक्तै त्यसको पछि दौड्यो । रातको चकमन्नमा आवाज तत्कालै माथि गाउँमा बिगुलको आवाज झैं फैलियो । गाउँलेको तन्द्रा टुट्यो– "खोइ, कता छ हेँ कता ...?..... समात् समात् ..... नछोड् बदमासलाई" भन्दै हल्लाखल्ला मचाउँदै हातमा राँको लिएर गाउँका तन्नेरीहरू त्यतै दौडे । बद्री र राधालाई एउटा कालो भूतको पछि दगुरेको देखेर उनीहरू पनि दौडे । एकै छिनमा भूत समातियो । उसलाई गोर्खेलौरी कसेर उसले फालेको कोदाली दसीमा लिएर उनीहरू गाउँ फर्के ।

भोलिपल्ट पीपल चौतारीमा सबै गाउँले भेला भएका थिए । हिजो राति पत्रिएको भूत चौरको बीच गोर्खेलौरीमा चौखुरिएर बसेको थियो । यो गाउँकै काले मगर थियो । बिचरो उसले वास्तवमा आफ्नै बुद्धिले यो अपराध गरेको थिएन । लक्ष्मण थापाको डर, धाक र उल्क्याइँमा लागेर गरेको थियो ।

"हजुर मुखियाज्यू ! मेरो केही दोष छैन । भन्या नमानौं भने लक्ष्मण पातकीले मारि-हाल्छ । त्यै ज्यानमाराको डरले हजुर ....." कालेले रुँदै भन्यो । वास्तवमा लक्ष्मण थापा गाउँको यस्तै दुष्ट थियो । कुनै मानिसले भलो काम गरेको ऊ देखी सह्दैनथ्यो । गाउँमा कुलो आएपछि सबैको खेती सप्रेर अरू पनि आफू सरह होलान् भन्ने डरले उसले काले मगरलाई कुलो भत्काउन लाएको थियो । ऊ यसैगरी गाउँमा आफ्नो धाक, रवाफ राख्न गाउँलेलाई यस्तै दुःख दिने र सताउने गर्थ्यो । यदि उसले भनेको कसैले मानेनन् भने ऊ त्यसलाई मारपीट गर्थ्यो र झन्डै ज्यान लिन पनि बाँकी राख्दैनथ्यो । त्यसैले सबै जना ज्यानमारा थापा भन्ने गर्थे ।

काले मगरबाट लक्ष्मणको कालो करतुगको वर्णन सुनेर गाउँलेहरूको घृणा लक्ष्मण माथि तीव्र भएर उल्यो ।

"त्यस दुष्टलाई सजायँ दिनुपर्छ', गाउँले एकै मुख लागेर कराए "अब हामी उससँग कुनै किसिमको व्यवहार गर्दैनौं, उसलाई समाजबाट बाहेक गर्छौं ।"

त्यसरी दुष्टको सजायँको निधो गरेर बद्रीको टोलीलाई उनीहरूले गरेको पुरुषार्थ बापत स्याबासी दिंदै सभा विसर्जन भयो ।

(बालक पत्रिकाबाट संशोधित रूपमा)

अभ्यास

शब्द र अर्थ

झिँगेल्दै – झाङ्गलझुङ्गल पार्दै
उत्सुकता – चाख, के कसो भन्ने खुल्दुली
आश्वासन – कुनै कुरा पूरा गरिदिने वचन
एकाकार – समान, उस्तै आकारको
जडवस्तु – ज्यान नभएको, चेतना नभएको वस्तु
गोर्खेलौरी – काँधमा र घुँडामुनि गरालो हालेर डोरीले अपराधीलाई दिने सजायँ
कालो करतुत – खराब काम

१. तलका प्रश्नको छोटो, छरितो उत्तर दिनुहोस्

(क) बद्री र राधा बूढापाकाको सभामा जान किन उत्सुक थिए ?
(ख) गाउँलेहरू कहाँ र किन भेला भएका थिए ?
(ग) कुलो बिगार्ने यो हो भन्ने सम्बन्धमा बद्री, राधा, सानु थापाका विचारहरू के-के थिए ?
(घ) राधा, माया र बद्री कुलोमा पुग्दा कस्तो अनुभव गरे ?
(ङ) कुलो भत्काउने भूत समाउन राधा र बद्रीले कस्तो प्रयत्न गरे ?
(च) पाँचौं दिनमा कुलोमा के-कस्तो घटना भयो ?
(छ) के कुलो भत्काउने भूत नै थियो ? थिएन भने को थियो त ? किन क कुलो भत्काउँथ्यो ।
(ज) लक्ष्मण थापा कस्तो मान्छे थियो र गाउँलेहरूले उसलाई के गरे ?
(झ) बद्री र राधा कस्ता स्वभावका केटाकेटी थिए र उनीहरूबाट गाउँलाई के फाइदा भयो ?
(ञ) यस कथाको सारांश लेख्नुहोस् ।
(ट) यस कथामा पात्र माया, राधा र बद्रीमा तपाईंलाई कुन चाहिँ मन पर्छ र किन ?

२. तलका उदाहरणहरू कसले कसलाई किन भनेको हो ?

(क) दिउँसो सुत्ने त लाटोकोसेरो मात्र हुन्छ ।
(ख) यो मान्छेको काम होइन दैवको हो ।
(ग) नाइँ बा, म तिमीसँग जान्न ।

(घ) लौ तिमी लुत्याइहरू डरले काप्छौ भने म एक्लैको के लाग्छ ?

(ङ) त्यस दुष्टलाई सजायँ दिनुपर्छ ।

३. तलका उखानहरूको अर्थ स्पष्ट पारी वाक्यमा प्रयोग गर्नुहोस्

(क) कहाँ जालास् मछली मेरै ढुडिया ।

(ख) आँटी छोरालाई बाघले पनि खाँदैन ।

व्याकरण

समास परिचय

भनेजति, राजकाज, कालीमाटी, दोबाटो, माखेसाङ्लो, केटाकेटीजस्ता शब्दहरू दुई-दुई शब्द मिलेर बनेका छन् । यी सबै शब्दहरू समास भएर बनेका हुन् । यिनलाई समस्त शब्द भन्दछन् । समास गर्दा बिभक्ति, वचन आदिको लोप भई कतै-कतै शब्द पनि केही बदलिन सक्तछ ।

जस्तैः–

भनेको + जति = भनेजति, राजाको + काज = राजकाज, कालो + माटो = कालीमाटी दुई बाटोको + समुदाय = दोबाटो, माखालाईसम्म + फसाउने साङ्लो = माखेसाङ्लो केटा + केटी = केटाकेटी ।

समास गर्नुभन्दा पहिले अर्थ स्पष्ट हुने गरी वाक्यांश वा पदावलीको प्रयोग हुन्छ । यसलाई विग्रह भन्दछन् । बिग्रहलाई पछि समस्त शब्द बनाइन्छ । जस्तैः–

वाक्यांश वा

विग्रह	समस्त शब्द
दिन भएसम्म	– दिनभर
विद्याको दान	– विद्यादान

समास ६ किसिमका छन्

(क) अव्ययीभाव (घ) द्विगु

(ख) तत्पुरुष (ङ) द्वन्द्व

(ग) कर्मधारय (च) बहुव्रीहि

अव्ययीभाव समास

अव्ययीभाव समासमा अव्यय नै मुख्य हुन्छ । त्यसैले अव्ययको अव्यय वा अरू पदसँग हुने समासलाई अव्ययीभाव समास भन्दछन् । जस्तैः–

विग्रह	समास
पेट भरेसम्म	भरपेट, पेटभर
वारिदेखि पारिसम्म	वारपार
घरदेखि अगाडि	घरअगाडि
भनेको जति	भनेजति
देखेको झैं	देखेझैं

नमुना अभ्यास

प्रश्नहरू

१. समस्त शब्द केलाई भन्दछन् ?

२. समास कति किसिमका हुन्छन् ? नाम भन्नुहोस् ।

३. अव्ययीभाव समासको उदाहरण सहित परिचय दिनुहोस् ।

४. तलका विग्रह वाक्यांशको ठाउँमा मिल्दो समस्त शब्द लेख्नुहोस्

हिजो आज, अघिल्लो तिर, पछिल्लो तिर, काम नहुन, थिति नहुन, वर पनि पर पनि, जीवन रहेसम्म, भरे वा भोलि, भनेको जति, हिसाब नहुनु ।

५. तलका समस्त शब्दहरूको विग्रह गर्नुहोस्

घरतिर, भरसास, भोलिपर्सि यथाशक्ति, छायातिर, पेटभर, विद्यालय अगाडि, सुनेझैं ।

घर छोड्ने रात

(आलोककुमार काठमाडौंमा पढ्छ। वर्षे छुट्टीको पन्द्रह दिन बिताउन ऊ घर पहाडमा आएको छ । भोलि छुट्टीको आखिर दिन । बीचमा एक दिन शनिबार, आइतबार त उसले विद्यालय हाजिर हुनुपर्छ । भोलि शुक्रबार घरबाट प्रस्थान नगरे आइतबार हाजिर हुन सकिन्न । शनिबार एक दिन आराम पनि त गर्नुपर्यो । त्यसैले शुक्रबार नै घर छोड्ने विचार गरेर ऊ आफ्नो लुगाफाटो, कलम, किताब ठीकठाक पारेर ओछ्यानमा पल्टेको छ। तर घर छोड्ने उत्तेजनामा उसलाई अहिले पटक्कै निद्रा लागेको छैन। उसको मनमा नानाभाँती कुरा खेलिरहेका छन् । ऊ निदाउन बल गर्छ ।)

आलोकः– आ अबत निदाउनुपर्छ । (**कोल्टो फेर्छ**) भोलि बिहान सबेरै नहिँडे बेलुकी काठमाडौं पुग्न सकिन्न । पर्सि शनिबार एक दिन त थकाइ पनि मार्न पर्छ। साँच्चै भोलि यति बेला त काठमाडौं पुगिसकिन्छ । (**काठमाडौं, छात्रावास, साथीहरू**) म यहीं नपढेर काठमाडौं किन गएको हुँला । तर यहाँ पढ्ने पनि कहाँ र ? एउटा हाईस्कूलसम्म गाउँमा भैदिएको भए .....काठमाडौंको सट्टा पोखरै गएर पढेको भए पनि त हुने नि के गर्नु काका मान्नु भएन। ठीकै छ ।

काठमाडौंमा त कति धेरै हाईस्कूल । हाम्रा गाउँलेहरू यहाँ पनि एउटा माध्यमिक विद्यालय खोल्न प्रयत्न गर्दैछन्। हुन पनि यत्रो क्षेत्रमा एउटा माध्यमिक त हुनै पर्ने । यस भेकमा एउटा मात्र माध्यमिक विद्यालय भएको भए काठमाडौं आएर पढ्नै नपर्ने। तर ठीक छ । राजधानी गएर पढ्न पनि एउटा मज्जैको कुरा हो । कति थोक देख्न पाइन्छ ।

घर छोड्न भनेको पनि कति गाह्रो कुरा। आमा, बा, भाइ, बहिनी, साथीभाइ। आमा त घर छोडेर जान पर्दैन भन्नुहुन्छ । तर आमाले भनेर मात्र के गर्नु र ? आमा त मायाले भन्नुहुन्छ नि । उहाँ अरू भाइलाई भन्दा मलाई बढी माया गर्नहुन्छ। होइन कसरी हुन्छ ? आमाको माया त सबै सन्तानमा बराबर हुन्छ । म घर छोडेर जाने, वर्ष, छ महीनामा आउने त्यसैले होला। आमाको मायाले बाँधिएर पढाइ बिगार्न पनि त भएन। भोलि त गाउँबाट

बिदा भैहालिन्छ । धत् ननिदाएर कति मनमा कुरा खेलाइरहन्छु म पनि ।

(कोल्टो फेर्छ)

अब गएपछि कतिमा आइने हो त्यति बेलासम्म यो गाउँको रूप कस्तो हुने हो ! वा, आमा, भाइ, बहिनी कस्ता हुने हुन् ? त्यो चेहरे पाखो, विजयपुर खोला, त्यो जोगी साँगु । अर्कोपल्ट आउँदा त गाउँमा हाईस्कूल बनिसक्ला कि ? गाउँका सबैले मिलेर प्रयत्न गरे भने किन नहुनु ? गाउँ यो मेरो गाउँ, म जन्मेको गाउँ तर भोलीदेखि यो कति टाढा हुन्छ ? बा, आमा पनि कति टाढा हुनुहुन्छ ? माली गाई पनि भरेभोलि भैसकेको छ । ब्याएपछि निकै दूध दिन्छ । आफूले भने खाननपाइने भयो । कृष्णको घरबाट त छात्रावासमा पनि घ्यू, दही पठाइदिन्छन् बराबर । कृष्ण एउटा जेहेन्दार केटो हो । हरेक वर्ष जाँचमा पहिला हुन्छ । कमला, रवि, ध्रुव, यी त ठीकै हुन् तर कृष्ण, उसलाई जितौं भनेर मरिमेट्यो सकिंदै सकिंदैन । गप्पालि त आ, अब त निदाउनुपर्छ ।

घर छोड्ने भनेको कुराले पनि..... केही दिनसम्म त नरमाइलो लाग्छ । कसरी पढाइमा मन लाग्ला ? हुन त यो पहाडमा के रमाइलो छ र, उतै डाँडो, उतै पाखो, शहरमा त सिनेमा छन्, झिलिमिलि बिजुली, बडे-बडे घर, हिंड्न पर्दैन मोटर, बस छन् । आरामै आराम । पहाडको त दुख्या जीवन, तर गाउँको माया.....(कोल्टो फर्कन्छ)

आ, जस्तो यो आफ्नो गाउँ उस्तै आफ्नो देश । जहाँ बसे पनि के भयो, तर पढेलेखेर योग्यता भएपछि भने मैले आफ्नै गाउँमा आएर गाउँकै सेवा गर्नुपर्छ । गाउँ नबनी, देश कसरी बन्छ र ? तर मान्छेले यो सम्झे पो । ठूलो घरे बाजेका छोरा श्यामजीलाई हेर्नौं न, उनी शहरमा पढेर ठूलो मान्छे बने, अब गाउँतिर फर्केर पनि हेर्दैनन् । गाउँले जीवन पनि जीवन हो ? गाउँमा फर्केर फेरि जंगली, असभ्य बन्ने ? भन्दछन् । श्याम मात्र किन ? गजाधर पण्डितका छोरा, मुखियाका छोरा यी सबै यसै गाउँमा जन्मे, हुर्केका होइनन् र ? तर उनीहरू पैसावाल, शहरमै बसेर पढे, लेखे, मान्छे बने, अहिले आफूलाई गाउँले भनाउन पनि लाज मान्छन् । देउराली पोखरेल केशवराजलाई भने मान्नैपर्छ । त्यत्रो पढेर पनि गाउँमै बसे । काम गर्न लाज मान्दैनन् । गाउँमा परेका समस्या समाधान गर्छन् । तिनले भनेका त बूढाहरू पनि खुरुक्क मान्ने । शुरुशुरुमा भने विचरालाई उडाउनसम्म उडाएछन् । बडा हामीलाई नयाँ ढंगले खेती गर्न सिकाउन आउने भएको फुच्चो भन्थे रे । पछि उनले भनेजस्तो गर्दा बूढो बाबुका पालादेखि नफलेको धान फलेछ अनि त सबै दंग । म पनि गाउँमै फर्केर यसैको सेवा गर्छु, यहींका गाउँलाई शिक्षित बनाउँछु । यहींको माटो मलिलो पार्छु, यहीं बाटोघाटो र कुलो बनाउँछु । आफू गाउँमै जन्मेको, गाउँले भनाउन केको लाज । आखिर गाउँबाट अन्नबाली नओसारी शहरमा बसेर खान पाइन्न क्यारे ।

(फेरि अर्को कोल्टो फेर्छ) निद्रा पनि कहाँ गएको हो, भोलि बिहान सबेरै उठेर बस बिसौनी पुग्नुछ । साँच्चै यो बस सेवाले गर्दा हाम्रो गाउँ पनि अब त राजधानीबाट निकै नजीक भएको छ बा ! एकै दिनमा काठमाडौं । पहिले-पहिले भए सात दिन लाग्दथ्यो रे बाले भन्नुभएको ।

तर..... ओहो । भोलि त छोड्नुपर्छ । सम्झँदै मन त कति गह्रुङ्गो हुन्छ । यहाँका यी हरिया चौर, तरेली परेका कान्ले खेत, अग्ला-अग्ला डाँडा, हिउँले ढाकेको चुचुरा, घना जङ्गल यी सबलाई चटक्क छोडेर जान त नरमाइलो लाग्ने । भाइ बच्चु पनि म गएको केही दिनसम्म त न्यास्रो मान्ला, आमा बा पनि .....।

आ, यस्तो मनमा कुरा खेलाएर पनि हुन्छ । मनमा धेरै कुरा खेलायो भने निद्रा आउन्न भन्दछन् । निद्रा भएन भने जीउ भारी हुन्छ । कति बज्यो होला ? दुई ! अब त बल गरेर भए पनि निदाउन परयो ।

(कोल्टो फर्केर आँखा चिम्लेर निदाउन खोज्छ) निद्रा किन नलागेको होला ?..... आमा, बा, भाइ, बहिनी त सबै मस्त सुतिसके । म मात्र... (कोल्टो फर्कन्छ) अब त निदाउन पर्छ । मनमा कुरा जति खेलायो उत्ति बढ्छ, सुत्नुपर्छ । रात छलङ्ग बिल सक्छ । निदाउनु .....पर्छ । नि.....दाउ.....पर्छ ।

(एकै छिनपछि स्वाँ-स्वाँ गर्न थाल्छ)

अभ्यास

शब्द र अर्थ

समाधान गर्नु – सुल्झाउनु, अड्को फुकाउनु
तरेली – तह-तह परेर माथि उठेको
घना – बाक्लो

१. छोटो उत्तर लेख्नुहोस्

(क) आलोककुमारलाई किन निद्रा लाग्दैन ? अजेबपट्ट गैरको के हो ।
(ख) आलोक गाउँमै नपढेर किन काठमाडौं पढ्न गयो ?
(ग) आमाले आलोकलाई किन घर छोडेर नजा भन्नुभयो ?
(घ) गाउँमा भन्दा शहरमा के-के विशेषता पाइन्छन् ?
(ङ) शहरको तुलनामा गाउँको महत्त्व के छ ?
(च) श्यामलाई गाउँले जीवन कस्तो लाग्छ ?
(छ) गाउँको जीवनबारे आलोकको के विचार छ, ऊ पढे-लेखेर योग्य भएर के गर्न चाहन्छ ?

२. तलका प्रत्येक वाक्यलाई कम्तीमा चार-चार वाक्यमा लम्ब्याएर लेख्नुहोस्

(क) आखिर गाउँबाटै अन्नबाली नम्रोसारी बसेर खान पाइन्न क्यारे ।

(ख) आमाको माया त सबै सन्तानमा बराबर हुन्छ ।

(ग) गाउँ नबनी देश कसरी बन्छ ?

३. तलका विषयमा २० हरफमा मनको खुल्दुली पोख्नुहोस्

(१) मन परेको साथी रिसाउँदा ।

(२) पहिलोपटक विद्यालय गएको दिन ।

(३) पुस्तक हराउँदा ।

(४) पुरस्कार पाउँदा ।

व्याकरण

निपात

(क) प्रदीप पढ्छ (ख) प्रदीप पढ्छ र ? (ग) प्रदीप पो पढ्छ त । ती वाक्यमा पहिलो वाक्यले प्रदीपले पढ्ने काम गर्छ भन्ने सामान्य अर्थ बुझाउँछ । दोस्रो र तेस्रो वाक्यले प्रदीपले पढ्ने काममा क्रमशः शंका र निश्चय व्यक्त गरेको छ । यी दुवै वाक्यमा कर्ता-क्रियामा केही फरक छैन, केवल दोस्रो वाक्यमा क्रियापदका पछाडि छुट्टै र तेस्रोमा क्रियाको अगाडि पछाडि पो र त आएका छन् । यसले गर्दा वाक्यको अर्थ पनि फरक हुन गयो । यसरी वाक्यमा आएर अर्थमा शंका, आग्रह, प्रश्न, जोड, आश्चर्य, इच्छा आदि विशेष अर्थ बुझाउने प्रायः एक अक्षर भएको अव्यय शब्दलाई निपात भन्दछन् । यस्ता केही निपातहरू यसप्रकार छन्:– हुन्, न, नि, रे, लौ, खै, त, र, पो, ल, लु, हँ, नै, है, कि, ए ।

यो निपात शब्द वाक्यमा प्रयुक्त भएपछि मात्र अर्थ बुझाउँछन् । स्वतन्त्ररूपमा चाहिं यिनको अर्थ स्पष्ट हुँदैन ।

अभ्यासका लागि प्रश्न

१. निपातले वाक्यमा के विशेषता ल्याउँछन् ?

२. निपात के हो ? यसको प्रयोग गर्दा र नगर्दा वाक्यमा अर्थमा के फरक पाइन्छ ? उदाहरण दिएर लेख्नुहोस् ।

३. तलका निपातलाई मिलाएर वाक्यमा प्रयोग गर्नुहोस्

त, पा, ल, हँ, नि, न, एर, रे, खै, नै ।

४. घर छोड्ने रात भन्ने पाठबाट निपात प्रयोग भएका दशवटा वाक्य खोजेर लेख्नुहोस्

घर छोड्नु भनेको सजिलो कुरा हो ?

.....बाह्र बजिसकेकोछ, निद्रा.....लाग्दैन के गर्ने ।

आमा..... मायाले नजा भन्नुहुन्छ ..... ।

सुत्न.....सुतिरहेकै छु..... । समयमा..... निद्रा लागे... बिहान चाँडै उठ्न सकिन्छ ।

भाव

पढ्छ, पढ, पढ्ला यी क्रियापदमा पहिलोले सामान्य, दोस्रोले विधि र तेस्रोले अनिश्चय अर्थ बुझाएका छन् । यिनै सामान्य, विधि र अनिश्यलाई क्रियाका अर्थ भन्दछन् । भाव पनि यिनै हुन् ।

सामान्य भाव वा सामान्यार्थ

क्रियाले बुझाउने अर्थको सामान्य प्रकार सामान्य भाव हो, यसमा वर्तमान, भूत, भविष्य तीनै काल हुन्छन् । जस्तैः– सीता पढ्छे । रामले लेख्यो । लक्ष्मण सुत्ने छ । यहाँ क्रियामा तीनै कालको प्रयोग भएको छ । यी सबै समान्यार्थका उदाहरण हुन् ।

नमुना अभ्यास

प्रश्नहरू

१. सामान्य भाव **भन्नाले तपाईं के बुझ्नुहुन्छ** उदाहरण समेत दिएर स्पष्ट गर्नुहोस् ।

२. सामान्यार्थक क्रियापद प्रयोग गरी दश वाक्यमा विद्यालयको बयान गर्नुहोस् ।

३. **तलका क्रियापदमा सामान्यार्थ क्रियापद कुन–कुन हुन् ? छुट्टयाएर लेख्नुहोस्**

खाने छ, वस्ला, हेर्छ, भन्यो, सुन्ने छौ, नाच्छस्, जाऊ, पढ, बस्नुहोस्, हुन्छ ।

४. घर छोड्ने रात पाठबाट सामान्यार्थक क्रियापद प्रयोग भएका दशओटा वाक्य खोजेर लेख्नुहोस् ।

चरीको विलाप

–कविशिरोमणि लेखनाथ पौड्याल

(**जन्मः**– विक्रम संवत् १९४१ गण्डकी अञ्चल, कास्की जिल्ला, अर्घौं अर्चले गाउँ । पिता दुर्गादत्त र माता वसुन्धरा देवी ।

शिक्षाः– संस्कृतमा मध्यमा र प्रशस्त स्वाध्यायन । प्रकाशित कृतिः– सत्यकलि संवाद, बुद्धि-विनोद, लालित्य, तरुण तपसी आदि । कविशिरोमणि पदले विभूषित, साहित्यिक समाजबाट जीवित समयमै रथ यात्रा गरी सम्मान । शाही नेपाल एकेडेमीका सदस्य । मृत्यु पश्चात् त्रिभुबन पुरस्कारद्वारा सम्मानित । मृत्यु–विक्रम संवत् २०२२ साल, नारायणी अञ्चल, देवघाट ।

प्रस्तुत "चरीको विलाप" कविता "तरुण तपसी" (नव्यकाव्य) बाट लिएको हो । मर्न लागेको चरीको मुखबाट हिंसातिर लागेका आजका मान्छेका पतनको राम्रो चित्र प्रस्तुत गरिएको छ । कुकार्यमा लागेका व्याधाजस्ता शोषक मान्छेलाई चरीको विलापले मुटुमा च्वास्स घोच्छ । कविले यहाँ मानवीय भावनाको विकास गरी शान्ति र प्रेमको संसार बनाउने आह्वान गरेका छन् ।

शिकारीको झंटी तनबिच परेथ्यो जब अनि ।
चरी बोल्यो चीं चीं गरिकन कठै !! व्याकुल बनी ।
म मर्ने बेला भो तर मनुज ! तिम्रो मनुजता
कता भाग्यो, त्यस्को भरसक बुझे है तिमि पता ।

न सक्छौ यो आँशू टपटप टिपी चप्प पिउन ।
न सक्छौ मासूले दिन भर अघाएर जिउन ।
न सक्छौं यो भुत्ला लिइकन कुनै वस्त्र सिउन ।
चुँड्यौ व्यर्थै मेरो मनुज ! तिमिले जीवन किन ?

दुर्व भाले पोथी हरबखत पालो गरिगरी
लगी दिन्यौं चारा विकल बचराको मुखभरी
अकेली सुत्केरी अब शिव ! हरे !! दीन विचरी
गुआरा गर्ली त्यो कसरि टुहुरा पालन गरी ?

न चाँडो जाने भो सहज–सित यो प्राण–पवन
न सक्छू यो बाधा सहन अथवा शान्त रहन ।
न थामिन्छन् आँशू नत छ अरु क्यै जीवन–गति
कठै !! कस्तो पापी कति कुपित यो क्रूर नियति !!

दया हो पृथ्वीको अति चहकिलो पारसमणि
दया नै हो कालो भव-जलधिको मुख्य तरणी
दया त्यस्तो त्यागी मनुज ! किन हिंसातिर झुक्यो ?
म मर्ने हुँ मर्छु, तर तिमि नराम्रो सित चुक्यौ ।।

अभ्यास

शब्द र अर्थ

झंटा	– हमला
व्याकुल	– दुःखी
मनुजता	– मानवता, मान्छेमा हुनुपर्ने गुण
विकल	– असहाय
प्राण-पवन	– प्राणरूपी वायु
कुपित	– रिसाएको
क्रुर	– निठुरी, निर्दयी
नियति	– भाग्य, दैव
पारसमणि	– फलामलाई छुवाउँदा फलाम नै सुन हुने मणि
भवजलधि	– संसाररूपी समुद्र
तरणी	– डुंगा, नाउ

१. तलका प्रश्नको छोटोछरितो उत्तर लेख्नुहोस्

(क) चरीले किन विलाप गरेको हो ?
(ख) चरा मारेर मानिसलाई किन फाइदा छैन ?

(ग) चराले आफ्नो परिवारप्रति किन र कस्तो चिन्ता लियो ?

(ग) चराले भाग्यलाई किन क्रुर भनेको हो ?

(ङ) चराको माध्यमबाट कविले मानवलाई के सन्देश दिएका छन् ?

२. यस कविताको पाँचौं पद्य राम्ररी पढेर तलका प्रश्नको उत्तर दिनुहोस्

(क) कविताका यी पङ्क्तिहरू कसले लेखेका हुन् र कुन पुस्तकबाट झिकिएका छन् ?

(ख) कसले कसलाई कुन सिलसिलामा भनेको हो ?

(ग) पारसमणि भन्नाले के बुझिन्छ ?

(घ) जलधि र हिंसा शब्दको अर्थ के हो ?

(ङ) मान्छेलाई किन चुक्यौ भनेको हो ?

(च) मान्छे कस्तो हुनुपर्छ ?

३. एक वाक्यमा उक्त पाँचौं पद्यका पङ्क्तिहरूको निचोड लेख्नुहोस् ।

४. तलका शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस्

कठैं, चींचीं, चप्प, टपटप, हरे ! टुहुरा, प्राण, पवन, पारसमणि, भवजलधि ।

५. प्रसङ्ग खुलाई व्याख्या गर्नुहोस्

(क) चुँडयौ व्यर्थ मेरो मनुज ! तिमिले जीवन किन ?

(ख) दया यस्तो त्यागी मनुज किन हिंसातिर झुक्यौ ?

म मर्ने हुँ, मर्छु, तर तिमि नराम्रोसित चुक्यौ ।

६. तलका खाली ठाउँमा कविताका शब्द राखी पङ्क्ति पूरा गर्नुहोस् (छन्द र अर्थ मिल्ने गरी बाहिरकै शब्द राख्ने पनि हुन्छ)

दया हो .....अति चहकिलो.....कालो.....मुख्यतरणी

.....यस्तो.....मनुज किन.....झुक्यौ.....तर....

नराम्रो.....सित..... ।

व्याकरण

अनुकरणात्मक शब्द

चरी बोल्यो चींचीं गरिकन कठैं व्याकुल बनी

न सक्छौं यो आँशू टपटप टिपी चप्प पिउन

यी कविताहरूमा चींचीं, टपटप, चप्प शब्दले क्रमैले चराको आवाजको अनुकरण, टिप्नुको अनुकरण र पिउनुको अनुकरण गरेका हुन् । यस्ता शब्द आवाज, गति, क्रिया, आदिका नक्कल-बाट बनाइन्छन् । तिनले प्रायः क्रियाकै विशेषता जाहेर गर्दछन् । जस्तैः– बिरालो म्याउँ-म्याउँ गर्छ । काग्काग् गरी कराउने चरा काग हो । नदी कलकल गर्छ । हावा सरसर बहन्छ । ऊ सरासर आयो । थचक्क बस्छ । जुरुक्क उठ्छ इत्यादि ।

नमुना अभ्यास

१. तलका अनुकरणात्मक शब्दलाई मिल्दो वाक्यमा प्रयोग गर्नुहोस्

थचक्क, बुर्लुक्क, फतक्क, सरर्र, सिर्सिम, झमझम, ङिच्च, भुतुक्क, फ्यात्त, फुत्त, छलफल. झरझर, रनक्क, टिनिन्न, टङटङ, गर्ल्यामगुर्लम, कटक्क, मुसुक्क ।

२. तलका खाली ठाउँमा मिल्दो अनुकरणात्मक शब्द भर्नुहोस्

(क) चरी.....मर्छ ।
(ख) चरीका आँसु.....पिउन सकिन्न ।
(ग) चरी आकाशमा.....उड्छ ।
(घ) चराका बच्चा.....गर्छन् ।
(ङ) मर्न आँट्ता पनि चरी आफ्नी पत्नीलाई .....बिर्सन सक्तैन ।
(च) शिकारीले चरीलाई.....समात्यो ।
(छ) चरीले मान्छेलाई.....घोचेर उपदेश दियो ।
(ज) चरीकी पत्नी.....रोई ।
(झ) पारसमणिको तेज.....टल्कन्छ ।

सरस्वती-पूजा

१. परिचय

सरस्वती-पूजा हामी विद्यार्थीहरूको आस्तिक भावना र विद्या प्रेमको लक्षण हो । यसको निमित्त सबैभन्दा प्रमुख दिन वसन्तपञ्चमी अथवा श्रीपञ्चमी तिथि मानिन्छ । यसै दिन काठमाडौं उपत्यकाभित्र स्वयम्भूको मञ्जूश्री, गैरीधाराको नील सरस्वती र ठिमीबाट उत्तरपूर्व कुनातिर सरस्वतीखेल भन्ने ठाउँको सरस्वती स्थानमा पूजा गर्नेहरूको भीड लागेको हुन्छ । धरीथरीका सीप सिक्न चाहने मानिसहरू त्यहाँ पुगेका हुन्छन् । विद्यार्थी हुनु सरस्वतीपूजाको संज्ञना नहुनु हामी हिन्दूहरूका लागि अनौठो-जत्तिकै हुन्छ । काठमाडौं उपत्यकामा देवदेवताहरूका मूर्तिहरू यत्रतत्र छरिएका जत्तिकै छन् । यहाँ ती–ती ठाउँहरूमा पूजा गर्न जानेहरू नै धेरै देखिन्छन् ।

पहाडतिर सरस्वतीको तस्वीर या पुस्तकलाई वाग्देवीको प्रतीक मानेर पूजा गर्ने चलन बढी छ । तराईतिर प्रायः सारै परिश्रमपूर्वक माटाका सरस्वतीको सुन्दर मूर्ति बनाई समारोहपूर्वक पूजा गरिसकेपछि बाजागाजसाथ कुनै सवारीमथि राखी यात्रा चलाई नजीकैको खोला अथवा नदीमा त्यसलाई सेलाइदिने चलन बढी पाइन्छ । पूजा गर्ने चलन जस्तो रूपमा किन नहोस् भक्तिभावको रूप प्रायः उस्तै–उस्तै हुन्छ ।

२. महिमा

सरस्वतीको विषयमा पुराणहरूमा धरीथरीका कथा र श्लोकहरू पाइन्छन् । उनैलाई वाणीको देवी पनि भनिन्छ । सरस्वतीलाई कतै हंसवाहिनीको रूपमा मानिन्छ भने कतै मयूरवाहिनीको रूपमा पूजा गरिन्छ । कतै ब्रह्माकी छोरी भनिएको छ भने कतै लक्ष्मी र सरस्वती दुवै विष्णुपत्नीको रूपमा मानिन्छन् । सरस्वतीलाई ब्रह्मचारिणीको रूपमा पूजा गर्ने चलन पनि छँदैछ । वीणा, जयमाला र पुस्तक यिनै तीन धरीमध्ये एक न एक जुनसुकै सरस्वतीको चित्र अथवा मूर्तिका हातमा पाइन्छ । कताइ र बुनाइको व्यवसाय गर्ने महिलाहरू सरस्वतीको पूजा गर्दा प्रायः प्यूरी नै चढाउने गर्छन् । काठमाडौं उपत्यकाको तीनै शहरमा र त्यसका वरपर यो चलन देखिन्छ ।

पहाड, तराई, उपत्यका जतासुकै भए पनि सरस्वतीको पूजा गर्दा मूर्ति, सरस्वती स्थान र पुस्तकमा गरिन्छ । उनका कृपाको फलस्वरूप विद्याप्रेम बढोस्, सीप वृद्धि होस् आफूले हात

लिएको काममा निपुणता प्राप्त होस् भन्नु नै सबैको लक्ष्य हुन्छ । कसै-कसैले भने पढेको विद्याको संझना सधैं ताजा रहने काम पनि सरस्वतीको कृपाले हुन्छ भनेर ठानेका हुन्छन् । यसैका लागि सरस्वतीको प्रसाद उनलाई चढाएको अक्षताका केही गेडा मुखमा हालेर नचपाईकन निल्ने गर्छन् ।

३. उपसंहार

वरपरका साधारण मानिसमा भन्दा आफूले बढी विद्या ज्ञान हासिल गर्न सकेको अनुभवले कसैको मनमा घमण्ड उठ्ला । घमण्डी हुनु थोरैमात्र जान्ने हुनुको लक्षण हो । शारदादेवी ब्रह्मचारिणी हुनुको अर्थ त सात्विक भावपूर्वकको अध्ययनमा जीवनलाई अर्पण गर्नु हो । घमण्ड सात्विक भावभित्र पर्दैन । जो सरस्वतीको भक्त छ उसले घमण्ड गर्ने कुरै उठ्दैन । जति धेरै जान्यो उत्तिकै बढी जान्न योग्य विषयहरू उसले संसारमा देख्न थाल्छ । ज्ञान अथाह छ, विद्या अपरंपार छ । संसारमा ठूलठूला विद्वान्हरूले आखिरमा यही मानेर गएका छन् । त्यसैले जो शारदाको भक्त छ, जसले पनि बढीभन्दा बढी कृपा सरस्वतीबाट पाउने आशा गर्दछ र घमण्डलाई मनमा पटक्कै उठ्न नदिई विद्याकी देवी सरस्वतीको आराधनामा सधैं तत्पर रहन्छ, भाषाकी देवी शारदा आमाको भक्त हुनुको महत्त्व पनि यही हो ।

विद्याले विनय दिन्छ भन्ने वाक्य प्रसिद्ध नै छ ।

अभ्यास

शब्द र अर्थ

आस्तिक	– ईश्वर र परलोकप्रति विश्वास भएको
वाग्देवी	– वाणीकी देवी सरस्वती
प्रतीक	– कसैको बदला काम लिनका निम्ति राखिएको वस्तु
हंसवाहिनी	– हाँसमा चढ्ने देवी
मयूरवाहिनी	– मयूरमा चढ्ने देवी
ब्रह्मचारिणी	– ब्रह्मचर्यमा रहेकी स्त्री वा देवी
प्यूरी	– बत्ती कातन बनाइएको कपास
निपुणता	– सीप
सात्विक	– सत्वगुणी

प्रश्नहरू

१. तलका प्रश्नको छोटकरीमा उत्तर लेख्नुहोस्

(क) सरस्वती-पूजा कहिले र कसरी गरिन्छ ?

(ख) सरस्वतीलाई कुन-कुन रूपमा पूजिन्छ ?

(ग) सरस्वतीको पूजा गर्नाका लक्ष्य के-के हुन् ?

(घ) विद्याले मान्छे विनयी कसरी बन्छ ?

२. भाव विस्तार गर्नुहोस्

(क) घमण्ड सात्विक भावभित्र पर्दैन। जो सरस्वतीको भक्त छ, उसले घमण्ड गर्ने कुरै उठ्दैन ।

(ख) जति धेरै जान्यो उत्तिकै बढी जान्ने योग्य विषयहरू मानिसले संसारमा देख्न थाल्छ ।

३. तलका विषयलाई लिएर छोटो निबन्ध लेख्नुहोस्

(क) लक्ष्मी पूजा (ख) विजया दशमी (ग) मनपरेको पुस्तक

व्याकरण

उपसर्गद्वारा शब्द निर्माण

हामीले कृदन्त र तद्धितान्त शब्दका प्रकरणमा शब्दभन्दा पछाडिपट्टि गाँसिएर शब्द बनाउने तत्त्व प्रत्यय हुन् भन्ने पढिसकेका छौं । उपसर्गचाहिँ शब्दका अगाडि लाग्छन् र शब्दलाई नयाँ अर्थ समेत दिन्छन् । प्र, परा, सम्, अप, अनु, उप, प्रति, परि, आ, सु, निस्, निर्, दुष्, दुर्, वि, नि, अधि आदि उपसर्ग हुन् । यी उपसर्ग लगाएर यसरी शब्द निर्माण गरिन्छ । जस्तै:–

(क) प्र+गति=प्रगति (ख) अनु+मान=अनुमान (ग) बद+नाम=बदनाम

(घ) सु+मार्ग=सुमार्ग (ङ) सं+कार=संस्कार

नमुना अभ्यास

१. उपसर्ग केलाई भन्दछन् ? लेख्नुहोस् ।

२. प्रत्यय र उपसर्गमा के फरक छ ? उदाहरण समेत दिएर चर्चा गर्नुहोस् ।

३. तलका उपसर्ग लगाएर एक-एक शब्द बनाउनुहोस्

निस्, निर्, दुष्, दुर्, वि, नि, परा, अप, उप, प्रति, परि, आ ।

४. सरस्वतीपूजा पाठबाट उपसर्ग लागेर बनेका शब्द छानेर लेख्नुहोस् ।

५. माथि दिइएका उपसर्ग लागेका शब्दहरू अरू बाहेक नै कुनै पाँचओटा उपसर्ग लागेर बनेका शब्दहरू लेख्नुहोस् ।

६. तलका शब्दमा कतिवटा उपसर्ग लगाएर शब्द बनाउन सक्नुहुन्छ ? प्रत्येक उपसर्ग लागेका शब्दहरू लेख्नुहोस्

हार, कार, देश, बाद ।

७. तलका शब्दमा कुन-कुन उपसर्ग लागेका छन् छुट्टयाएर लेख्नुहोस्

परिचय, परिश्रम, उपसंहार, विनय, प्रसिद्ध, आराधना ।

आकाश खुल्छ

दामोदर पाण्डेको लहैलहैमा लागेर रानी सुवर्णप्रभाले इस्ट इन्डिया कम्पनीसँग नयाँ सन्धि गरिन् । पृथ्वीनारायण शाहको नीतिको विरुद्ध अंग्रेजले नेपालभित्र अड्डा जमाउन पाउने भयो । यो खबर बनारस पुग्यो । महारानी राजराजेश्वरी छानाबाट खसे झैं भइन् ।

के त अब छिमेकी भारतका राज्यहरूलाई जस्तै हाम्रो देशलाई पनि अंग्रेजले निल्ने भयो ? के बडामहाराजको नीति अब चूलोमा पोलिने भयो ? महारानीको मनमा दुःशंकाको कुइरो उठ्यो । किनभने सियो बनी पसेर मुसल बनी निस्कने अंग्रेजको धुर्त्याइँ महारानीले चिनेकी थिइन् ।

होइन, देशको स्वतन्त्रता स्वार्थीहरूको कुचक्रमा खतम हुन दिनु पाप हो । महारानीले देशलाई परतन्त्र बनाउने खालको अंग्रेजसँगको सन्धिलाई खतम गर्ने अठोट मनमनै गरिन् । अनि उनले नेपालको प्रत्यक्ष राजनीतिमा हात हाल्ने मनसायले बनारसबाट नेपालका लागि प्रस्थान गरिन् ।

यसरी जति सक्यो छिटो नेपाल पुगेर विदेशीलाई नेपाल भित्र्याउने कुचक्रलाई धूलोपीठो पार्ने संकल्प लिएकी महारानी राजराजेश्वरी चित्लाङ फेदीमा आइपुगिन् । महारानीले आफूलाई रोक्न आएका सुवर्णप्रभाका फौज जतिलाई आफ्नो देश प्रेमको भावना र तेजिलो व्यक्तित्वद्वारा आफ्नै पक्षमा ल्याएकी थिइन् । अहिले फेरि एउटा पल्टनले आफ्नो बाटो रोक्न तम्सेको देखेर उनी सतर्क भइन् ।

के तिमीहरू आफ्नी महारानीलाई पक्डिन आएका ? कसको आज्ञाले ? रानी सुवर्णप्रभाको आज्ञाले ? अंग्रेजलाई देशभित्र पसालेर आफ्नो खुट्टामा बन्चरो हान्न खोज्ने रानी सुवर्णप्रभाको साँचो रूप तिमीहरूले अझै चिनेनौ ? के तिमीहरू आफ्नो देशलाई अंग्रेजको जालभित्र पर्न दिएर खुसी हुन सक्छौ ? हुन्छ, मलाई कैद गरेर आफ्नो देशलाई विदेशीको हातमा सुम्पन चाहन्छौ भने बढ अगाडि । लगाऊ, मेरा हातमा हतकडी ।

महारानीले आफ्नो हात अगाडि तेर्स्याइन् । महारानीको तेजिलो भाषणको प्रभाव फौजमा तुरुन्तै परयो । महारानीलाई कैद गर्न आएको फौज त तुरुन्तै महारानी राजराजेश्वरीको जय ! भन्दै महारानीको पछि पो लाग्यो ।

महारानीको सवारी थानकोट आइपुग्यो । राजदरबारका समस्त भाइभारदार पनि महारानीको स्वागतमा त्यहाँ आइपुगे । लावालस्कर पछि लाएर बागागाजाका साथ सिंदूर जात्रा गर्दै सवारी काठमाडौं आइपुग्यो । जनताले सारा ध्वजापाताकाको तोरणले शहर सजाएर फूल, अबीर, लावाले महारानीको स्वागत गरे ।

उता आफ्नो राजनीतिमा दख्खल दिन काशीबाट नेपाल आएकी सौता राजराजेश्वरीलाई चित्लाङमै पक्डन पठाएपछि रानी सुवर्णप्रभा निश्चित भएकी थिइन् । हुन त महारानीलाई रोक्न पठाएका पल्टन सबै उनकै पक्षमा लागिसकेका थिए तर यसपालिको फौजले त पक्कै धोका दिंदैन, महारानीलाई बीचैमा रोक्छन् कि कैद गरेर ल्याउँछन् भनेर ढुक्क थिइन् । अब अंग्रेजसँग सन्धि भएकोले उसले रणबहादुर शाहलाई काशीमै रोक्नेछ, राजराजेश्वरी कैदमा सड्नेछिन्, यति भएपछि सुवर्णप्रभाको शासनमा कसले बाधा दिने ?

यस्तै खाले कल्पना गर्दै रानी सुवर्णप्रभा बेलुकीपखको आरामीको लागि आफ्नो खोपी-भित्र पलङमा पल्टिरहेकी थिइन् । उसकी आफ्नी सुसारे चन्द्रवदन पलङमुनि बसेर रानीको टहल गर्दै थिई । त्यसै बखत मरुटोलतिरबाट जय-जयकारको तुमुल ध्वनि आएर रानीको कानमा परयो । रानी उत्सुक भएर उठिन् ।

–के को हल्ला हो यो चन्द्रवदन ? प्रजाहरू कसको जयजयकार मनाउँदैछन् ? रानीले सोधिन्– कसको होला सरकारकै जय मनाएका त होलान् चन्द्रवदनले भनी । ऊ उठेर झ्याल-तिर गई । सके सरकारकी सौता त्यो बडामहारानी भनाउँदीलाई सुबेदार जसवीर राणाले पक्डेर ल्याए होलान् । त्यसैले प्रजाले सरकारको जयजयकार गरेका होलान् ।

चन्द्रवदन झ्यालमा गएर उभिई । झ्यालबाट बाहिर हेर्दा नाना थरीका रूख, पात, वन, बुटयान, खेत, बारी, डाँडापखेरा, खोलानालाले सिंगारिएको रमणीय काठमाडौं उपत्यका दुलही भित्र्याउन स्वागतमा चञ्चल प्रकृतिवाला झैं लाग्दथ्यो । यसै रमणीय वातावरणमा बाजा-गाजा र जय-जयकारको तुमुल ध्वनि गर्दै असंख्य जनको एउटा समुद्र दरबारतिर उर्लेर आइ-रहेको थियो ।

रानी सुवर्णप्रभाको मोहपासमा बाँधिएकी सुसारे चन्द्रवदनले महारानी राजराजेश्वरीलाई नेल हतकडीमा जकडिएर सुँगुरको पाठो झैं कोक्रामा चौखुर्याएर ल्याइएकी हेर्ने आशा गरेकी थिई । त्यसको उल्टो अहिले अर्कै दृश्य देखेर ऊ आश्चर्य र भयले नीली भई । जय-जयकार गर्दै दरबारतिर बढ्न लागेको जनसमूहको माझमा अपूर्व तेज र कान्तिले धपक्क बलेकी आत्म-विश्वास र राजगौरवले उच्च मस्तक लिएकी महारानी राजराजेश्वरी एउटा तेजिलो अर्बी घोडामा चढेर अगाडि बढिरहेकी थिइन् । उनको मुहारबाट बर्सेको प्रसन्नताको मुस्कान चारैतिर वरदान झैं छरिएको थियो । उनका पछाडि हजारौं नरनारी लावा, अबीर, फूल बर्साउँदै उनको जयजयकार गर्दै आइरहेका थिए । महारानी राजराजेश्वरीको जय !

काठमाडौंका सबै भाइभारदार, साहू, महाजन, सन्त, महन्त, रैती, दुनियाँको कोठाबाट एउटै तुमुल ध्वनि निस्केर काठमाडौंको आकाश गुञ्जाउँदै थियो– महारानी राजराजेश्वरीको जय !

यस्तो मनले नचिताएको कुरा देखेर सुवर्णप्रभाकी भक्त सुसारेको होसहवास उड्यो। एकै पल्ट खस्याङखुसुङ सरकारबाट खसे झैं भै। उसलाई अब आपनी रानीको ज्यान पक्कै रहन्न भन्ने थियो। किनभने राजराजेश्वरी आपनो हातमा परेकी भए सुवर्णप्रभाले अवश्यै बाँच्न दिने थिइनन्। अब उल्टो दाउ पर्दा के सुवर्णप्रभा बाँच्न पाउलिन् त? 'जस्तालाई तस्तै ढिडालाई निस्तै' भन्ने आहान झूटो होला र ?

चन्द्रवदन प्राणको भयले ओठमुख नीलो पार्दै रानीका अगाडि उभिई। ऊ केराको पात झैं कामिरहेकी थिई। उसका आँखामा मृत्युको त्रास च्याइरहेको थियो।

– किन ? केको हल्ला रहेछ ? – उसको अनुहार देखेर रानीले शंकालु स्वरमा सोधिन्।

– सरकार ! महारानी राजराजेश्वरी .... ! चन्द्रवदनले यति मात्र बोल्न सकी। उसको अनुहार नीलोतुथो झैं देखियो।

– त के त ? सुवर्णप्रभाको स्वर डर र क्षोभले तीव्र भयो।

– कैदीको रूपमा होइन। सिंदूरयात्रा गर्दै – चन्द्रवदनले कामेको स्वरमा भनी। के ? राजेश्वरी सिंदूरयात्रा गर्दै ? सुवर्णप्रभाको कानमा चन्द्रवदनको वाक्य मृत्युको घण्टा झैं पस्यो। के त सुवेदार जसवीर राणाले पनि धोका दियो ?

– तेरा आँखाले धोका त खाएनन् ? – रानीले तीव्र स्वरमा हकारिन्।

– सरकार ! महारानीका हातगोडामा नेल-हतकडी छैनन्। उनी कोक्रामा होइन, अर्बी घोडामा छिन। रैती, दुनियाँ, शहरका साहू, महाजन र भारदार सिंदूर, लावा छर्दै जय-जय मनाउँदै आएका छन्। रानीको क्रोधको आभासले चन्द्रवदन अघि मरे झैं भैसकेकी थिई। उसको बोलीमा ज्यान थिएन।

– अब के गर्ने ? यतिन्जेल मनमा दबाएको प्राणको भय सुवर्णप्रभाको स्वरमा फुट्यो। अब यो बखत बालक राजा गीर्वाणको के गति होला ?

रानीको यस्तो अकिञ्चन अवस्था देखेर चन्द्रवदनको मनमा बढी दया जाग्यो। हुरे ! रानीले आपनो राजमदले मत्त भएर अगिसम्म के मात्र गरिनन्। तर अहिले यिनी विष झरेकी सर्पिणीभन्दा बढी केही रहिनन्।

– सरकार आपतको बेला आत्तिई बक्सन हुन्न। महारानीको हात पर्नुभन्दा अगाडि नै सरकारबाट महाराजाधिराजलाई लिएर दरबार छोडिबक्सनुपर्छ।

– तर म कहाँ बाँच्न सक्छु र? यो विपतको बेला कसले मेरो साथ दिन्छ? निभेको आगो कसले ताप्छ ? सबै बलेकै आगोमा हात सेक्छन्।

सरकारबाट धन्दा लिइबक्सनुपर्दैन । सबै चाँजो मिलाउँछु । चन्द्रवदनले सान्त्वनाको स्वरमा भनी ।

महारानी राजराजेश्वरीको हातमा नेपालको राजसत्ताको बागडोर पूरै आएको थियो । प्रजा उनका थिए । भारदार उनका थिए, फौज उनका थिए । यति बेला उनले चाहेकी भए आफ्ना विरोधीहरूलाई खास गरी दामोदर र उसका हिमायतीहरूको जरै नराखी फाँड्न सक्थिन् तर राजनीति आफ्ना हातमा लिनुको महारानीको ध्येय व्यक्तिसँग बदला लिने होइन, बरु देशलाई अंग्रेजी कुचक्रबाट बचाउन थियो । सुवर्णप्रभाले राजाको नाउँमा इस्ट इन्डिया कम्पनी-सँग गरेको सन्धिलाई प्रभावरहित पार्नु थियो । किनभने अंग्रेजले एकपल्ट कुनै निहुँबाट देशमा पस्नमात्र पाए भने वामन अवतारले झैं आफ्ना गोडा सम्पूर्ण देशभरि फैलाउन बेर लाउँदैन् भन्ने उनलाई थाहा थियो ।

तर महारानीका अगाडि एउटा ठूलो बाधा थियो । बालक श्री ५ लाई मुट्ठीमा लिएर रानी सुवर्णप्रभा देउपाटनमा एक जना भारदारका शरणमा बसेकी थिइन् । देशको परंपरा अनु-सार राजा नभएको खाली गद्दीबाट राजाज्ञा प्रसार गर्न संभव थिएन । अब के गर्ने भन्ने प्रश्न महारानीका अगाडि उभिएको थियो । आखिर उनले आफ्ना विश्वासी फौजद्वारा गुप्तरूपले सुवर्णप्रभा र महाराजाधिराजलाई दरबारमा मगाइन् । आफूले महारानी उपर गरेको छुद्र व्यवहार र अनुचित प्रहारको कारण कित मैले ज्यानै गुमाउनुपर्छ, कि जनमभर कालकोठरीमा नरक यातना भोग्नुपर्छ भन्ने सुवर्णप्रभालाई पक्कापक्की थियो । उनी प्राणभयले आधी मुर्दा भैसकेकी थिइन् । आफ्नो संपूर्ण आत्मगौरव र राजसी अंहकार खण्डित भएकी उनी ठाडो आँखाले महारानीको आँखामा हेर्न सकिरहेकी थिइनन् ।

–बहिनी ! तिमीले गरेको देशघाती काम र ममाथिको दुष्टकर्म हेर्दा त मैले तिमीलाई प्राणडण्ड दिनुपर्थ्यो । तिमीलाई पनि त त्यसभन्दा कमको आशा त होवैन कसो ? महारानीले गम्भीर स्वरमा भनिन् । सुवर्णप्रभाले मुन्टो उठाउन सकिनन् । उनको तालु सुक्यो । उनको मनको भित्री हाल बुझेर महारानीले फेरि भनिन् –

–तिमीलाई मर्न डर छ तर मसँग प्राण भिक्षा माग्न अभिमानले दिंदैन । कसो ? माग न आखिर म तिमीभन्दा मान र नाता दुवैमा ठूली नै त हुँ, दिदी नै हुँ, मसँग माग्न के को अभिमान ? महारानीका शान्त र व्यङ्ग्यले तिखारिएका वचनले सुवर्णप्रभाका मुटुमा गएर घोचे । उनले यस घाउलाई सहन सकिनन् । अन्जुलीमा मुख लुकाएर भक्कानो फुटाएर रुन थालिन् । त्यो देखेर महारानीले गौरवशाली स्वरमा भनिन्– किन रुन्छौ ? मेरो ठाउँमा तिमी भएको भए मलाई रुने औसर दिन्थ्यौ र ? भैगो जान देऊ । हुन त तिमीले बडामहाराजाको अर्तीउपदेश नाघेर देश डुब्ने खालको करतुत गरेकी हौ, तर यसको प्रतिकार म गर्छु । त्यसका लागि मलाई तिम्रो ज्यान होइन, महाराजाधिराजको आवश्यकता छ । म अहिले महाराजाधिराजको संरक्षण

तिम्रो हातबाट आफ्नो हातमा लिन्छु । तिमीलाई म भत्ता तोकिदिन्छु । तिमी चाहे दरबारमै बस, चाहे आफूलाई इच्छा लागेको ठाउँमा । यसै बखत म तिमीलाई उल्टो सल्लाह दिएर कुचक्रमा फसाउने दामोदरलाई पनि आफ्नो नियत सपार्ने औसर दिई माफ गर्छु ।

त्यसपछि महारानीले सिंहिनी झैं गर्जंदो स्वरमा साहूमहाजन, भाइभारादार, काजी, मुख्या-रलाई सम्बोधन गर्दै भनिन्– लौ आज सबैले सुन । अब म नाबालक राजाका नाउँबाट इस्ट इन्डिया कम्पनीसँग गरिएको कालो सन्धि महाराजाधिराजकै दोस्रो हुकुमबाट भङ्ग गर्छु । आज-देखि उनीहरूलाई दरबार बन्द, उनीहरूको कुनै कुरा सुनवाइ हुने छैन । उनीहरूले कुनै किसिमको व्यापार सुविधा पाउने छैनन् ।

यति भनेर महारानी राजराजेश्वरी बालक राजा गीर्वाणलाई बोकेर विजयमत्त सिंहिनी झैं तेजिलो आँखाले सभामा प्रभाव वर्षाउँदै खोपिभित्र गइन् । महारानीको यो तेजोमय प्रखर व्यक्तित्व र आफूलाई कुभलो गर्ने शत्रुलाई पनि क्षमा गर्न सक्ने फराकिलो र उदार हृदय देखेर आश्चर्य भएका सभासद्हरू श्रद्धा र भक्ति आँखामा भरेर अवाक् भई महारानी गएतिर हेर्न थाले । बाहिर देशमाथि छाएको दुःशंकाको कुइरो राम्रै फाटेर आकाश स्फार्सँग चम्किरहेको थियो ।

अभ्यास

शब्द र अर्थ

कुचक्र – षड्यन्त्र, चालबाजी

परतन्त्र – पराधीन, अर्काका अधीनमा रहेका

तोरण	– ध्वजा–पताका
सन्धि	– सम्झौता, मेलमिलाप
खोपी	– कोठो
तुमुल ध्वनि	– लडाईंको कोलाहल ध्वनि (आवाज)
प्रताप	– वीरता, विरोधी वा शत्रुहरूलाई दबाउन सक्ने शक्ति
मस्तक	– टाउको, शिर
क्षोभ	– मनको ताप, खोप
तखत	– राजसिंहासन
अकिञ्चन अवस्था	– दीनहीन अर्थात् कहीं पनि नभएको अवस्था
राजमद	– राजकाजसम्बन्धी अभिमान
बागडोर	– राज्य सञ्चालनको मुख्य अधिकार
हिमायती	– हितैषी व्यक्ति
होस–हवास	– सुद्धि-बुद्धि
प्रतिकार	– बदला लिनु, साटो फेर्नु
अवाक्	– चुप, मौन

प्रश्नहरू

१. तल दिइएका प्रश्नहरूका उत्तर छोटकरीमा लेख्नुहोस्

(क) राजराजेश्वरी छानाबाट खसे झैं किन भइन् ?

(ख) राजराजेश्वरीले अंग्रेजसँगको सन्धि खतम गर्ने अठोट किन गरिन् ?

(ग) सुवर्णप्रभाको फौजलाई राजराजेश्वरीले कसरी आफ्नो हातमा लिइन् ?

(घ) सुवर्णप्रभा आफ्ना फौजलाई चित्लाङ्मा पठाएपछि कस्तो कल्पनामा डुबेकी थिइन् ?

(ङ) चन्द्रवदनको होसहवास किन उडयो ?

(च) देशमा छाएको दुःखको कुइरो कसरी फाटयो ?

२. तल दिइएका वाक्यहरू कसले, कसलाई, कुन बेला किन भनेको हो, मिलाएर लेख्नुहोस्

(क) के बडामहाराजाको नीति अब चुलोमा पोलिने भयो ?

(ख) "तेरा आँखाले धोका त खाएनन् ?"

(ग) "तर म कहाँ बाँच्न सक्छु ?"

३. तल दिइएका वाक्यांशको अर्थ लेखी आफ्नै वाक्यमा प्रयोग गर्नुहोस्

छानाबाट खस्नु, चुलोमा पोलिनु, दुःशंकाको कुहिरो उठ्नु, सियो बनी पस्नु, मुसल बनी निस्कनु, कुचक्रलाई धूलोपीठो पार्नु, आफ्नो खुट्टामा बन्चरो हान्नु, जालभित्र पर्नु, बलेको आगो ताप्नु ।

४. यस कथामा राजराजेश्वरीको चरित्र कस्तो पाउनुभयो ? आफ्नै पाराले लेख्नुहोस् ।

५. तलका बुँदाका आधारमा आफ्नै भाषामा चट्ट परेको एउटा कथा लेख्नुहोस्

रातको समय । माया र उसकी साथी मामाघर गएका । हिप्पी-हिप्पीनी । नजीकै मन्दिर । मायाहरू चियो बस्नु ! मूर्तिचोर । पक्राउ ।

६. तलका उखानहरूका अर्थ स्पष्ट पारी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस्

(क) जस्तालाई तस्तै ढिंडालाई निस्तै ।

(ख) म ताक्छु मूढो बन्चरो ताक्छ घुँडो ।

व्याकरण

सिगो शब्द

कतै-कतै धेरै शब्दले बताउने अर्थ एउटै शब्दले पनि बताउन सकिन्छ, त्यस्ता शब्दलाई सिगो शब्द भन्दछन् ।

जस्तै:–

एउटा आँखा नभएको	– कानो
जो खोच्याएर हिंड्छ	– खोरण्डो
जसको हात भाँचिएको छ	– डुँडो
समाजमा जेठो पाको	– थकाली
जुन कुरा यस लोकमा छैन	– अलौकिक
जो कहिले पनि मर्दैन	– अजम्मरी, अमर
जो कहिले पनि नाश हुँदैन	– अविनाशी
जो सबै कुरा खान्छ	– सर्वभक्षी
जो दुवै आँखा देख्दैन	– अन्धो

नमुना अभ्यास

१. तलका सिंगो शब्दले बुझाउने अर्थलाई धेरै शब्दमा लेख्नुहोस्

दोजिया, लौकिक, घोरमुखी, लमी, तीनकुने, बडागजी, तटस्थ ।

२. तल दिइएका धेरै शब्दहरूको ठाउँमा सिंगो शब्द लेख्नुहोस्

तीन हातको समुदाय, माखाजस्तो बुट्टा भएको, घाममा सुकाउन फिजाएको अन्न, जसका केटाकेटीमै आमाबाबु मरेका छन्, जसकी स्वास्नी मरेकी छ, जसको केही गर्न आफ्नो हुती छैन र डाँडामा घर हुने ।

३. यस पाठमा प्रयोग भएका सिंगा शब्दहरू खोजेर आफ्नै वाक्यमा प्रयोग गर्नुहोस् ।

एउटा विद्यार्थीको दैनिकी

२०३५ फागुन २
डिल्लीबजार, काठमाडौं

हिजो राती पटक्कै निद्रा लागेन । घरको मात्र धेरै सम्झना आइरह्यो । त्यसमा पनि आमाको ज्यादै संझना आइरह्यो ।

राति कति बेला निद्रा लागेछ, पत्तै भएन । बिहान उठ्ता त झलमल्ल घाम लागिसकेछ । हतपत्त उठेर हातमुख धोएँ । हिजो पाठशालामा दिएको गृहकार्य अलिकति त्यसै बाँकी थियो । त्यसलाई पूरा गर्दागर्दै ९ बजी हाल्यो । भात खाएर विद्यालय पुग्न आतुरी परिगो ।

विद्यालय भरखरै खुलेकाले पढाइ त्यति राम्ररी चलिसकेको छैन । कति गुरुहरू हिउँदे बिदामा घर जानुभएको आउनु भएकै छैन । अब अर्को हप्तादेखि राम्ररी पढाइ चल्ला ।

२०३५ फागुन ३
डिल्लीबजार, काठमाडौं

आज भने विद्यालयमा निकै रमाइलो भयो । शुक्रबार हुनाले आज आधा दिन मात्र पढाइ भयो । आधा दिनपछि अतिरिक्त कार्यकलाप अन्तर्गत आज संगीत कार्यक्रम भयो । आज सबैले आफ्ना–आफ्ना भेकका लोकगीत गाएर सुनाउनुपर्थ्यो । आफ्नो त गाउने अभ्यास नभएकोले स्वरै खुलेन, तर बट्टीले भने बहुतै मीठो गीत गायो । यसपालि इनाम पाउन बेर छैन ।

विद्यालय छुट्टी भएपछि केदारले टुँडिखेलतिर डुल्न जाउँ भन्यो । हामी टुँडिखेलतिर गयौं । बेलुकीखेर टुँडिखेलको रमझम निकै रमाइलो हुन्छ ।

आज टुँडिखेलमा एउटा अनौठो चटक पनि हेरियो । चटकीले हामीलाई कसरी जिल्ल्याइ-दियो वा ! देख्तादेख्तै हत्केलाको घडी गायब ।

डेरा फर्कंदा सात बजिसक्नेको थियो । भाइ प्रद्युम्नले भातसात पकाएर ठीक पारिसकेको थियो, तर मलाई आज त्यति भोक लागेको थिएन । के खानु ।

साडे सात बजेतिर एक्कासि मामाको छोरा मोहन आइपुग्यो । ११ गते शशी दिदीको बिहे रे । मोहन हामीलाई लिन आएको, तर विद्यालय भरखरै खुलेको छ । पढाइ छोडेर कसरी जाने ? तर मोहन नलिई जान्न भनी जिद्दी गर्छ । देखा जाएगा बिहालाई अझैं सातआठ दिन बाँकी पनि त छ ।

२०३५ फागुन ६

डिल्लीबजार, काठमाडौं

दुई दिनदेखि दैनिकी लेख्न छुटेको छ । लेख्ने के ? सधैं उही एउटै कुरा बिहान उठें, पढें, भात खाएँ, विद्यालय गएँ, फर्कें, पढें, सुतें त्यति न हो । कुनै रमाइलो कुरा भए पो ।

आज मोहन घर फर्क्यो । ऊ १२ बजेको बसबाट गयो । चार बजेसम्म त पुगिहाल्ला । शशी दिदीको बिहा ११ गते छ । यसका लागि उसले चाँडै घर पुग्नुपर्छ, तर जाने बेलामा उसले हामी दाजुभाइलाई पक्कापक्की आउँछौं भन्ने कबुल गराएर मात्र गयो ।

भोलि प्रजातन्त्र दिवस । शहरमा भव्य उत्सव हुन्छ । हामीले पनि जुलुस बनाएर जानुपर्छ भनेर गुरुले भन्नुभएको छ । त्यसैले डेरा फर्केर, मैला लुगा धोएँ, इस्तिरी गरें– भोलिलाई चाहिन्छ । त्यति बेलासम्म खाना पनि तयार भइसकेछ । खाएर अनि केही बेर दिनको पांठ पढेर सुतें ।

२०३५ फागुन ७

डिल्लीबजार, काठमाडौं

आज फागुन ७ गते । हाम्रो देशमा प्रजातन्त्र आएको दिन । आज नेपालीका घर-घरमा खुसी मनाउँछन् । बिहान उठेदेखि नै मेरो मन पनि खुसीले गद्गद् छ । काठमाडौं शहरमा बाटाघाटा, घर, महल सबै ध्वजापाताकाहरूले सजाएका छन् । हाम्रो विद्यालयबाट पनि हामी जुलुस बनेर जाने । त्यसैले म छिटो-छिटो भात खाएर निस्कें ।

म विद्यालय पुग्दा त सबै साथी आइसकेका रहेछन् । सबै जना सफा स्कूल-पोशाकमा लाइन मिलाएर बसेका थिए । गुरुले मलाई पनि एक ठाउँमा लगेर राखिदिनु भो । हाम्रो विद्यालयको नाउँ भएको पट दुई जनाले समातेका थिए । हाम्रो मन बडा उत्साहले भरिएको थियो ।

हामी टुँडिखेल पुग्दा त अरू विद्यालयका विद्यार्थीहरूको जुलुस पनि आइसकेको रहेछ । आफ्ना-आफ्ना स्कूलका रङ्गीचङ्गी स्कूल-पोशाकमा एकपछि अर्को टोली गर्दै उभिएका विद्यार्थी-हरूको जुलुस कति राम्रो देखिएको । सब एक से एक कुनैभन्दा कुनै कम छैनन् ।

सबभन्दा अगाडि बेन्डबाजा बजाउँदै पल्टन बढेको, त्यसपछि विद्यार्थीहरूको जुलुस अनि सारा संघसंस्थान र अड्डाखानाका झाँकीहरू । आजको दिन त बडो रमाइलो भयो, कहिल्यै बिर्सन नसकिने ।

फागुन सात गतेको तमासा हेरेर आउँदा मनमा अति आनन्द थियो, तर जीउ भने थकाइले चूर । त्यसैले डेरा फर्केर केही नखाई पढ्दा पनि नपढी सुतें ।

२०३५ फागुन १२

डिल्लीबजार, काठमाडौं

दैनिकी त मैले दिनदिनै लेख्नुपर्ने हो, तर कहिलेकाहीं हेलचेक्राइँ गरेर छुट्न जान्छ । त्यो राम्रो बानी होइन । तर कहिलेकाहीं कुनै कारणवश पनि छुट्न जाने । त्यसैले आज ४ दिनपछि फेरि लेख्तैछु ।

फागुन ७ गतेको रमाइलो रङ मनमा दुई तीन दिन रहिरह्यो । त्यो बाजागाजा, त्यो झाँकी, जुलुस, ती रङ्गीचङ्गी पोशाकमा सजिएर उर्लेको जनताको भीड । त्यसपछि लगत्तै शशी दिदीको बिहाको सम्झना ।

मोहनले किरिया खुवाएर गएको थियो । शशी दिदीको बिहामा नगै भएन । त्यसैले १० गते नै विद्यालयबाट मावल जाने विचारले हिंडे । शुक्रबार भएकाले पढाइ पनि आधा दिनमात्र भयो । त्यसपछि गुरुसँग छुट्टी मागेर म हिंडे ।

बाह्रबिसेको मध्याह्नको बस चढेर बाटो लागें । बेलुकी घाम अस्ताउनुभन्दा अघि नै मावल पुगें । मलाई देखेर मोहन त खुसी भयो नै, त्यसभन्दा बढी शशी दिदी र मामा, माइजू नै खुसी हुनुभयो ।

दश गते बेलुकी जन्ती आए । जन्तीका साथमा मनग्गे पञ्चेबाजा र नरसिङ्ग बाजा थिए । सय डेढसय जनाको जन्ती, बाजागाजा, बन्दुकका फायर बडो रमाइलो भयो । तर आज दिउँसो शशी दिदीलाई अन्माएर पठाउँदा भने मन ज्यादै नरमाइलो भयो । मामा, माइजू र मोहन त साह्रै रोए । मलाई पनि रुन मन लाग्यो । तर लाजले रुन सकिन ।

शशी दिदीको जन्ती हिंडेपछि पनि दिन निकै थियो । भोलि त विद्यालयमा हाजिर हुन जानुपर्ने । त्यसैले मामा, माइजूसँग बिदा मागेर म पनि बेलुकीको बसमा फर्कें ।

आज शरीर असाध्यै थाकेको छ । मन पनि थाकेको छ । शशी दिदीको बिदाइको दुःख र बसको हल्लाइको थकाइले आज पढ्न पनि मन छैन । खान पनि मन छैन । आज त्यसै सुत्छु ।

अभ्यास

१. माथिको दैनिकी पढी सम्झनुपर्ने खालका कुराहरू मिति मिलाएर टिप्नुहोस् ।

२. विद्यालयमा भएको खेलकुद कार्यक्रमलाई विषय बनाएर मिति मिलाई तीन दिनको दैनिकी लेख्नुहोस् ।

३. अब आठौं कक्षाको परीक्षा आउन लागेको छ, यस अवस्थामा तपाईं के अनुभव गर्नुहुन्छ ? मिति मिलाएर तीन दैनिकी लेख्नुहोस् ।

४. माथिको दैनिकी त पढिहाल्नु भयो । त्यसमा फागुन ४ र ५ गतेको दैनिकी लेखिएको छैन । तल र माथि लेखिएको दैनिकीसँग कुराको क्रम मिल्ने गरी आफ्नै किसिमले दुई दिनको दैनिकी तयार गर्नुहोस् ।

५. तलका संक्षिप्त शब्दको पूरा रूप लेख्नुहोस्

क्षे. शि. नि, प्र. जि. अ., जि. शि. नि., त्रि. वि. बि., म. ले. प., म. प., स. अ., मे. अ. ।

६. तलका शब्दको संक्षिप्त रूप लेख्नुहोस्

निजामती सेवा नियमावली, राष्ट्रिय विकास सेवा, पाठ्यक्रम पाठ्यपुस्तक तथा निरीक्षण विकास केन्द्र ।

व्याकरण

पारिभाषिक शब्दः– खास क्षेत्रभित्र खास अर्थमा प्रयोग हुने विशेष शब्द पारिभाषिक

शब्द	अर्थ	उदाहरण
१. भू-परिवेष्टित	चारैतिर जमिनले घेरिएको	नेपाल भू-परिवेष्टित देश हो ।
२. अवमूल्यन	मुद्राको मोल घट्ने	एकताका अमेरिकी डलरको अवमूल्यन भएको थियो ।
३. दीक्षान्त समारोह	विश्वविद्यालयको औपचारिक अध्ययन वा प्रशिक्षण समाप्तिका अवसरमा गरिने आयोजना	प्रतिवर्ष त्रिभुवन विश्वविद्यालयले दीक्षान्त समारोह गर्दछ ।
४. भू-क्षय	बाढी पैरोबाट जमिन-नाश हुनु	भू-क्षय रोक्न वृक्षरोपण गर्नुपर्दछ ।
५. शल्यचिकित्सा	चिरफारद्वारा गरिने उपचार	आमाको पेटको रोग निको पार्न शल्यचिकित्सा नै गर्नुपर्यो ।
६. निदान	रोग खुट्टयाउने काम	रोगको निदान गर्न वैद्यले मेरो नाडी छामे ।
७. अभिलेख	प्राचीन लेख, प्रामाणिक लेख	अभिलेखालयमा अभिलेखहरू राखिएका छन् ।

हट्ने होइन, डटी लड्ने

१. हट्ने होइन, डटी लड्ने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने, शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना-काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा-रानी हुन्छ ।

२. श्रीपेचको नवै रंग, डाँफेचरीले बोकेर उड्छ
एकता भनि, वीरको गाथा सारङ्गीले गाउँदै हिंड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमाल भुनि, गुराँस त फुलेकै हुन्छ
गुराँसको रंग हेर त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रंग सिम्रिक रंग, चन्द्र सूर्य झन्डाको रंग
त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा- रानी हुन्छ ।

३. हाम्रो मादल शान्तिको लागि, मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले, न्याय अन्याय छुट्याई हेर्छ

बाँच र बचाउ भन्ने, छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त बगेको हुन्छ
पसीनाको, नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको, आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रंग, शान्तिको रंग, हाम्रो झन्डाको किनारको रंग
त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा-रानी हुन्छ.....।

अभ्यास

शब्द र अर्थ

स्वाभिमानी – आफ्नो गौरवमा अभिमान गर्ने
गाथा – स्तुति
डोब – डाम
परेड – कवाज

१. तलका प्रश्नहरूका उत्तर दिनुहोस्

(क) नेपालीको बानी कस्तो हुन्छ ?
(ख) सारङ्गीले के गाउँदै हिंड्छ ?
(ग) के-केको रंग रातो हुन्छ ?
(घ) स्वयम्भूको दुइटा आँखाले के-के छुट्टयाउँछ ?

२. भाव विस्तार गर्नुहोस्

हाम्रो मादल, शान्तिको लागि, मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले, न्याय-अन्याय छुट्टयाई हेर्छ

३. तलका शब्दहरू राखी मिल्दो वाक्य बनाउनुहोस्

सारङ्गी, हिमाल, नीलो, किनार, पसीना

४. समूहमा लय मिलाई कक्षामा यो गीत गाउनुहोस् ।

५. यो कवितामा व्यक्त गरिएका मुख्य-मुख्य कुरा नछुटाई छोटकरीमा सारांश लेख्नुहोस् ।

नमुना अभ्यास

(१) तल दिइएका पारिभाषिक शब्दहरूका अर्थ लेखी वाक्यमा प्रयोग गर्नुहोस्

मूल्यांकन, तिर्यकपातन, उर्ध्वपातन, भार, आकर्षण, विकर्षण, वर्गसमन्वय, विधेयक, प्रतिवेदन, राजस्व, वकिल, दफा, तपसील, भूमिकर, आयकर, भंसार, हडताल, कर्फ्यु, कथा, उपन्यास ।

(२) आफूले पढेका प्रत्येक विषयका पाँच-पाँचओटा पारिभाषिक शब्द खोज्नुहोस् र तिनका अर्थ लेखी वाक्यमा प्रयोग पनि गर्नुहोस् ।

हिरोरमाटे

1316.18054

1316

विद्यार्थीले नक्शाको गर्न शिक्षकले
गाएको हुनुपर्छ ।

England को जस्तो
भारतको हिसाब साक्षरताको
गर्न

Random Census Memory.

SANTOSH
SANTOSH
SANTOSH

समूह गायनमा गाउने राष्ट्रि

हप्ने होइन डटी लडने नेपालीको बानी हुन्छ
कहिले नझुक्ने शिर उभेको स्वाभिमानी नेपाली हुन्छ
विश्वको कुना काप्चामा खोज, नेपालीको मुटुमा खोज
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
श्रीपेचको नवै रङ्ग डाँफे चरीले बोकेर उड्छ
एकता अनि वीरताको गाथा सारङ्गीले गाउँदै हिड्छ
खुकुरीको डोबभित्र वीरहरूको पाइला हुन्छ
पर्वतराज हिमालमुनि गुराँस त फुलेको हुन्छ
गुराँसको रङ्ग हेर, त्यो पनि त रातो हुन्छ
हाम्रो मुटुको रगत हेर, त्यो पनि त रातो हुन्छ
रातो रङ्ग सिम्रीकको रङ्ग, चन्द्र सूर्य झण्डाको रङ्ग, त्यो पनि त रातो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ. . . २
हाम्रो मादल शान्तिको लागि मरुभूमिमा परेड खेल्छ
स्वयम्भूको दुइटा आँखाले न्याय अन्याय छुट्याई हेर्छ
बाँच र बचाऊ भन्ने छातिभित्र कुँदिएको हुन्छ
ठेला उठेको हातमा हेर, पसीना त झरेको हुन्छ
पसीनाको नदी हेर, त्यो पनि त नीलो हुन्छ
हामी माथिको आकाश हेर, त्यो पनि त नीलो हुन्छ
नीलो रङ्ग शान्तिको रङ्ग, हाम्रो झण्डाको किनारको रङ्ग, त्यो पनि त नीलो हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ
त्यहाँ सिङ्गो नेपाल हुन्छ, त्यहाँ राजा रानी हुन्छ

महेन्द्र माला कक्षा ८